
वैशाख २१, २०६३

# समय



## नयाँ जिम्मेवारी

# संविधानसभा

# चुनौतीपूर्ण बाटो

मूल्य रु. २५

प्रतिनिधिसभा पुनर्स्थापनापछि खुलामञ्चमा उर्लिएको जनसागर



तेजबहादुर बस्नेत




वर्ष ३, अंक १०४, वैशाख १५–२१, २०६३


**आवरण :** प्रतिनिधिसभा पुन:स्थापनापछि सात दल संविधानसभा निर्वाचनको चुनौतीपूर्ण बाटोमा प्रवेश गरेको छ। आन्दोलनका माध्यमबाट प्रतिनिधिसभा पुन:स्थापनामा सफल भएका दलहरूले संविधानसभाको गन्तव्य हासिल गर्न सुझबुझ र बुद्धिमत्तापूर्ण पाइला चाल्नु पर्छ २४

## जनआन्दोलन भाग–२

जनताले १९ दिनसम्म दिएको बलिदान सफलताको प्रारम्भविन्दुमा पुगेको छ १२

## राजनीति

प्रचण्ड कतिन्जेल माओवादी अध्यक्ष ? १०

जनआन्दोलन विशेष

विजय जुलुसमा लाखौं जनता १६

जनताका खलनायकहरूको अनुहार १८

प्रतिनिधिसभा पुन:स्थापनाका एकलव्य ३०

मूलधारको राजनीतितिर माओवादी ३२

प्रतिपक्षीविनाको प्रतिनिधिसभा ३५

निर्णायक आन्दोलन, निर्णायक मोर्चा ३६

सत्रजनाको सहादतको मूल्य ४०

विघटनदेखि पुन:स्थापनासम्म ४४

## स्वास्थ्य

एचआइभी/एड्स : गलत तथ्यको सिकार ४८





आवरण : विजय जुलुस र इन्सेटमा गिरिजाप्रसाद कोइराला।
*तस्वीर: तेजबहादुर बस्नेत*




रंग : कवि तथा गीतकार मञ्जुल आफ्नो पुरानो संगीतकर्मी रूपमा ५७

| | |
|---|---|
| सम्पादकीय | ५ |
| डाँक | ८ |
| दर्शन | ९ |
| कोशी व्यारेज | ४६ |
| विजुली | ४७ |
| खेलकुद | ५० |
| साहित्य | ५३ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# तीतो सत्य

## सम्पादकीय

**जनताविरुद्ध** उत्रिएको शासन निश्चितरूपमा पराजित हुन्छ। र, प्रजातन्त्र वर्तमान विश्वमा सबभन्दा बढी स्वीकार्य राजनीतिक व्यवस्था हो। राज्य सत्ताको दमनले त्यो मान्यता फेर्न सक्तैन भन्ने प्रमाण हो, वैशाख ११ गतेको शाही घोषणा। राज्यशक्तिको स्रोत रहेका जनता राज्यशक्ति, राजकीय शक्ति र सार्वभौमसत्ता निहित रहेको तथ्य स्वीकार गरेर ढिलै भए पनि राजा ज्ञानेन्द्रले इतिहास र वर्तमानको मौलिक यथार्थ स्विकारेका छन्, तर त्यो पर्याप्त छैन।

१६ जनाको सहादत र हजारौंको रगतको भेलद्वारा सिंचित जनआन्दोलनले राज्य आतंक र प्रजातन्त्रविरोधी शक्तिलाई पराजित गर्नु आफैमा सफलता हो जनआन्दोलनको। अझ महत्त्वपूर्ण कुरा माओवादीको विगत एक दशकको हिंसात्मक आन्दोलनमा १३ हजार नेपालीको ज्यान मासिँदा पनि उनीहरूले हासिल गर्न नसकेको राजनीतिक उचाइ २० दिनको शान्तिपूर्ण आन्दोलनले हासिल गरेको छ। यो तथ्य स्वीकार गर्न विलम्ब गर्नु हुँदैन माओवादीहरूले। अन्यथा शाही सेनाको दमनलाई पराजित गर्न सक्ने शान्तिपूर्ण आन्दोलनले उनीहरूलाई पराजित नगर्ला भन्न सकिन्न। राजाले ग्रहण गरेको पाठ माओवादीले पनि गरेमा शान्ति, प्रगति र जनअनुमोदित तथा सहमतिको राजनीतिले जरा गाड्न पाउनेछ नेपालमा।



▲ जनताको सदैव जित हुन्छ

सफलताले अक्सर विचलन पनि निम्त्याउँछ। जनआन्दोलनको तात्कालिक सफलतालाई पूर्ण मानी आफ्नो भावी मार्गचित्र कोर्न नसकेमा या जनअपेक्षा बुझ्न र तदनुरूप प्रभावकारी कदम चाल्न नसकेमा दलहरू छिटै नै आलोचनाको पात्र बन्नेछन्। आवश्यक परेमा राजाविरुद्धको वर्तमान आक्रोश भोलि उनीहरूविरुद्ध नतेर्सिएला भन्न सकिन्न।

अर्को, जनपक्षीय शक्तिहरूले सधैं यथार्थ स्वीकार गर्ने हिम्मत राख्नु पर्छ। मुलुकका सबै समस्याको एउटै सिंगो समाधान हुन सक्तैन। त्यसैले जनआन्दोलनको चाहना र दल-माओवादी समझदारीअनुरूप संविधानसभामा मुलुक गए पनि त्यसले सम्पूर्ण समस्याको समाधान गर्छ भन्ने भ्रम जनतालाई दलहरूले दिएमा अहिलेको वस्तुनिष्ठ अपेक्षा छिटै आक्रोश र आन्दोलनको कारण बन्नेछ।

दलहरूमा आन्तरिक प्रजातन्त्रको अभाव छ। समावेशी र भागिदारीमा आधारित राजनीतिको सुरुवात दलहरूभित्रबाट हुनु पर्छ, आन्तरिक प्रजातन्त्रको अभ्यासबाट। त्यसो भएमा जनता र दलहरूबीच प्रत्यक्ष र यथार्थमा आधारित सम्बन्ध स्थापित हुन जान्छ। भ्रमले जरा गाड्न पाउँदैन। जनआन्दोलनपछिको सरकार कानुन र मर्यादामा आधारित अनि अल्पकालीन र दीर्घकालीन लक्ष्यबाट निर्देशित हुनु पर्छ। प्रतिशोध र 'आँखाको सट्टा आँखा'को नीति अवलम्बन गरिएमा आन्दोलन पराजित मात्र हैन, पतनको मार्गतिर लम्कनेछ। ■




# नरशमशेरको निधन

**त्यसो त नेपाली** इतिहासमा उनी १९९७ सालमा सहिद दशरथ चन्द, धर्मभक्त, गंगालाल र शुक्रराज शास्त्रीको मृत्युदण्ड कार्यान्वयनकर्ताका रूपमा चिनिन्छन्, तर नेपाली खेलकुदको प्रारम्भिक चरणमा गरेको महत्त्वपूर्ण योगदानका कारण नरशमशेर जबरा नेपाली खेलकुद क्षेत्रका पिताका रूपमा सम्मानित छन्। विवाद र सम्मान दुवै बटुलेर ९६ वर्षको उमेरमा वैशाख ११ गते राति उनी यो धर्तीबाट बिदा भएका छन्।

पारिवारिक सूत्रका अनुसार बुढ्यौली र विभिन्न रोगबाट पीडित राजभक्त राणाको राजा ज्ञानेन्द्रको दोस्रो शाही घोषणा आएकै रात हृदयाघातबाट मृत्यु भएको थियो।

'जनरल नरशमशेर जबराको जीवनी' नामक पुस्तकमा उनले आफ्नो राजभक्तिको खुलेर बखान गरेका छन्। त्यसका अतिरिक्त उक्त किताबमा आफ्ना खेलाडी साथी धर्मभक्तसहित चार सहिदहरूलाई दिएको मृत्युदण्डका बारेमा पनि सविस्तार वर्णन गरेका छन्। ती सहिदमात्र होइन, उनले दोस्रो विश्वयुद्धका बेलामा विद्रोही बनेका सेनाका सुवेदार नरध्वजको मृत्युदण्डलाई पनि कार्यान्वयन गराएका थिए।

श्री ३ जुद्धशमशेरका प्रिय नाति जनरल राणा नेपाल प्रहरीका प्रथम आइजिपी पनि हुन्। राणाले सेनाका विभिन्न पदमा रहँदा एउटा दमनकारी रूपमा उनको व्यक्तित्व अगाडि आए पनि खेलकुदमार्फत जनस्तरमा उनले सुमधुर सम्बन्ध कायम गरेका थिए।

उनले नेपालमा विभिन्न खेलकुद भित्र्याउनुका साथै त्यसको संवर्द्धनमा पनि उल्लेख्य योगदान पुऱ्याएका थिए। नेपालमा फुटबल, क्रिकेट, कुस्ती, हक्की, पोलोजस्ता खेलको संस्थागत विकास गर्न उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

विक्रम संवत् १९६८ मा पुसमा जन्मिएका उनले आफ्नै बाजेको जाउलाखेल दरवारमा खेलको राम्रो वातावरण पाएका थिए। त्यसबाट नै उनलाई नेपालमा खेलकुदको विकासमा लाग्ने प्रेरणा मिलेको थियो। उनी संवत् १९९२ मा जाउलाखेल फुटबल टिमको कप्तानको रूपमा नेपाली खेलक्षेत्रमा प्रवेश गरेका थिए। कुशल फुटबल खेलाडी राणा १९९४ सालमा गठित नेपाल फुटबल संघका संस्थापक अध्यक्ष पनि हुन्।

टेनिस खेलको नेपालमा विकास गर्ने काममा उनको महत्त्वपूर्ण भूमिका थियो। उनले तत्कालीन अवस्थामा नेपालका साथै भारतका विभिन्न क्लबबाट उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका थिए। भारतको चर्चित क्लब इस्ट बंगालको कप्तानसमेत उनी बनेका थिए। नेपालका चर्चित फुटबल क्लब महावीर र जाउलाखेल क्लबका उनी संस्थापक हुन्।

नेपालले पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको सन् १९५१ को प्रथम एसियाली खेलकुदको नेतृत्व उनैले गरेका थिए।

उनी नेपाल फुटबल संघ २००५, नेपाल कुस्ती संघ २००९, नेपाल एथ्लेटिक्स संघ २०१९, नेपाल टेनिस संघ २०२७, अखिल टेबुल टेनिस संघ २०२७ का अध्यक्ष थिए भने राष्ट्रिय खेलकुद परिषद् २०२१ र नेपाल ओलम्पिक कमिटी २०२७ का उपाध्यक्ष रहेका थिए।

■ डिल्ली आचार्य/काठमाडौं




## बधाई समय !

लोकतन्त्रका पक्षमा आफ्नो आवाज बुलन्द गर्दै आएकोमा र लोकतन्त्र प्राप्तिमा सहयोगी भएकोमा *समय*का सबै साथीहरूलाई म एउटा पाठकका तर्फबाट हार्दिक बधाई। यसरी सञ्चार क्षेत्र सचेत हुने हो भने नेपालमा लोकतान्त्रिक संस्कार अगाडि बढ्न सहयोग पुग्नेछ।

■ **रामचरण साह**
सिरहा-७

अरू पत्रपत्रिकाले धैर्य छाडे पनि *समय*ले एउटा पनि सरकारी विज्ञापन छापेन र सदा आफूलाई लोकतन्त्रका पक्षमा उभ्याइराख्यो। यसका लागि *समय* परिवारलाई बधाई दिनै पर्छ। सरकारी विज्ञापन नछापेर *समय*ले नेपाली पत्रकारिताको पाखण्डतालाई उजागर गरेको छ।

■ **मनोज विश्वकर्मा**
कपन-२, कामपा

नेपालमा धेरै पत्रिका निक्ले, धेरैले सूचना पनि दिए, तर जब जब संकट पर्न थाल्छ तिनीहरूले आफ्नो पत्रिकाको मूल्य बढाए। यसका उदाहरण प्रशस्त भेटाइन्छ, तर *समय*ले संकटका बेलामा पनि आफ्नो पत्रिकाको मूल्य बढाएन। पत्रिकामा सामग्री भने अरूको तुलनामा राम्रो दियो। बधाई *समय*।

■ **कृपाराम खत्री**
विशालनगर- ४, काठमाडौं

## कारबाही गर

जनआन्दोलनको सफलता उत्कर्षमा पुऱ्याउने नेपाली कांग्रेस र एमालेजस्ता आन्दोलनकारी दलहरूसँगै *समय*लाई पनि धन्यवाद। अब दलहरूले चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी अनि ईश्वर पोखरेलजस्ता भ्रष्टाचारमा मुछिएकाहरूलाई पनि कारबाही गरेर आफ्नो पाप पखाल्नु पर्छ। नत्र कुन मुखले राजाको शासनकालका भ्रष्टाचारीलाई कारबाही गर्नु ?

■ **निश्चल शर्मा**
नक्साल
काठमाडौं-१, कामपा

## अपराधीलाई सजाय

मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नगरेकाले पनि बहुदलीय प्रजातन्त्रलाई अफाप सिद्ध गराउन खोज्नेहरू सक्रिय भएका छन् भन्ने कुरा हाम्रा नेताहरूले बुझ्केका हुन् भने जनआन्दोलनका क्रममा अस्वभाविक रूपमा दमन गर्ने सुरक्षाकर्मी तथा तिनलाई आदेश दिने नाइकेहरूलाई सजाय गर्नै पर्छ। नत्र भने भोलिका दिनमा उनीहरूले प्रोत्साहन पाउनेछन् र जनताका प्रतिनिधिहरूलाई शासन चलाउन गाह्रो हुनेछ। जनताका छोरालाई जनावरलाई जस्तो गरी पिट्ने तिनीहरूलाई कारबाही होस् र जनआन्दोलनको भावनाको कदर गरियोस्।

■ **रविन सिंह**
लाजिम्पाट, काठमाडौं

## केही प्रश्न स्वामीजीलाई



दर्शन र धर्मशास्त्रको विद्यार्थी भएका नाताले पनि *समय*मा अधिकांश छापिने दर्शन (बेला बेलामा तीर्थाटनलगायतका अन्य विषयमा समेत) स्वामी आनन्द अरुणका लेखहरू नियमित रूपमा पढिन्छ। म न त ओशो दर्शनबाट प्रभावित छु न अन्य कुनैबाट। म वंशका नाताले प्रकृति पुजक हुँ। स्वामीजीले यसलाई अनेकन् नाम दिन सक्नुहोला।



यहाँ मैले उठाउन खोजेको प्रश्नचाहिँ पुनर्जन्मसँग सरोकार राख्छ। स्वामीजीले आफ्ना धेरै स्तम्भमा पुनर्जन्मको चर्चा गर्नु भएको छ। अनीश्वरवादी हिन्दु दार्शनिक चार्वाकले खरानी भएको देहको कतैबाट पुनरागमन हुँदैन भनेका छन्। मेरो प्रश्न छ, के पुनर्जन्म हुन्छ त ? खरानी भएको 'हिन्दु' देह फेरि फर्केर आउँछ त ? के मानिसको शरीरमा आत्मा हुन्छ त ? हुन्छ भने कहाँ हुन्छ ? ओशो दर्शनलाई वैज्ञानिक दर्शन मानिन्छ। के यो दर्शनले शरीरमा हुँदै नहुने आत्मालाई कहाँ देख्छ ? वा मानिसमा आफ्नो दर्शन फैलाउन ओशोपन्थीहरूले पनि हिन्दु वा सनातनपन्थीझैं आत्माको पाखण्डपूर्ण कुराको भ्रम फैलाएका हुन् ?

■ **सेवक लिम्बू**
चतरालाइन, धरान

## टायर नबाल

आन्दोलनकारीहरूले आफ्नै घरअगाडि टायर बाल्दा पनि मैले लोकतन्त्रको आन्दोलनका विपक्षमा आफ्नो मत जाला भनेर टायर नबाल भन्न सकिन, तर त्यसको फल आजसम्म पनि रुघाखोकीका रूपमा भोग्दै छु। त्यसमाथि दम व्यथाले थलिएकी मेरी आमाको हालत त झनै नाजुक छ। घरका भित्ता, पर्खाल, ग्रिल आदि जहाँ छोए पनि कालो धुलोमात्र आउँछ। त्यो धुलो नै हावामार्फत हाम्रो फोक्सोमा छिर्दा साँच्चै नै हाम्रो स्वास्थ्य कति बिग्रेको होला ? हामीले जसको विरोध गर्नका लागि ती टायर बालेका हुन्छौं तिनीहरू त एयरकन्डिसन गाडीमा घुम्छन्, एयरकन्डिसन घरमा नै बस्छन्। त्यसैले टायरको धुवाँको असर त हामी आन्दोलनकारी, स-साना पदका सुरक्षाकर्मी र बूढापाकालाई गर्छ। आफूले बालेको टायरको धुवाँले आफैलाई असर गर्ने हो भने किन बाल्ने टायर ?

■ **नजरमान श्रेष्ठ**
नयाँ बजार, काठमाडौं

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

**जसरी साधकले गहन साधनाद्वारा आफ्नो प्राणशक्ति कुण्डली जगाउँछ, त्यसरी नै यसपालिको जनआन्दोलनले राष्ट्रकै कुण्डलिनी जगाएको छ । जनता आफ्नो हकअधिकारप्रति समग्ररूपमा जागेका छन् ।**



स्वामी आनन्द अरुण

# नेपालकै कुण्डलिनी जगायो

**वैशाख ११ गते** राति ११:३० बजे नेपालमा आशा र उत्साहको नयाँ सूर्योदय भयो । सारा राष्ट्र विजयोल्लास मनाइरहेको छ । अरू राष्ट्र दासताबाट क्रान्ति गरी एकचोटि मुक्त हुन्छन् र सधैंका लागि मुक्त हुन्छन् । तर नेपालको दुर्भाग्य, हामी बारम्बार मुक्ति पाउँछौं, विजयोल्लास मनाउँछौं र आफैले आस्थाका प्रतीकहरू बनाएर राखेका शक्तिहरूबाट पुनः पुनः धोका खान्छौं । यस्ता उल्लास हामीले २००७ को फागुन ७ मा मनायौं, २०१६ सालमा पहिलो निर्वाचित संसद् बस्दा मनायौं, ०३६ सालमा जनमत संग्रहको घोषणा भएको दिन मनायौं र ०४६ सालमा जनआन्दोलन सफल भएको दिन पनि मनायौं ।



भास्कर ओझा

▲समस्याको समाधान यस्ता बख्तरबन्द गाडी होइन रहेछन्

हामीले प्रजातन्त्र पाएका पुराना मिति बाध्यतावश गर्नु पर्ने नयाँ आन्दोलनका प्रारम्भिक दिनका रूपमा उपयोग भएका छन् । ०४६ सालको आन्दोलन ०७ को सफलताको दिन फागुन ७ बाट सुरु गरियो । त्यस्तै यसपालिको जनआन्दोलन २०४६ सालको आन्दोलनको उत्कर्षको दिन चैत २४ बाट सुरु भई जनताको बलिदान र आहुतिद्वारा वैशाख ११ मा आएर सफल भएको छ । अब भविष्यमा वैशाख ११ कै दिन नयाँ जनआन्दोलन घोषणा गर्नु नपरोस् । अतीत हेर्ने हो भने, हामी विपत्तिमा परेका बेला एकजुट हुन्छौं, संघर्ष र त्याग गर्छौं र आफ्नो अधिकार पनि लिन्छौं, तर त्यसको लगत्तैपछि हामी व्यक्तिगत स्वार्थको जालोमा बाँधिन पुग्छौं, अचेत हुन्छौं अनि हाम्रो एकता खण्डित हुन्छ र अधिकार पनि गुम्छ । आपसमा मिलेर बस्न नसक्ने हाम्रा राजनेताहरूको स्वभाव नै भएको छ । यो कुलतबाट मुक्त हुनु अहिलेको प्रथम आवश्यकता हो ।

कुलतलाई कुनै शल्यचिकित्साले निको पार्न सकिन्न । यो एक नितान्त मनोवैज्ञानिक रोग हो र यसको मनोवैज्ञानिक र आध्यात्मिक चिकित्सामात्र सम्भव छ । मनुष्य नै बानी व्यहोराको संग्रह हो । यस्तो बानी व्यहोरामा परिवर्तन ल्याउन सामान्यतया कठिन हुन्छ । यस्तो परिवर्तन परिस्थितिको अतिशय दबाबले या गहिरो आत्मचिन्तन, संकल्प र आत्मानुशासनले मात्र सम्भव हुन्छ । देशमा ठूलो परिवर्तन ल्याउँछु भन्ने व्यक्तिले आफूमा पनि सानो परिवर्तन ल्याएर देखाउन सक्नु पर्छ । पहिले प्रजातन्त्र किन गुम्यो ? यसमा आफूबाट भएका कमी कमजोरी देश हाँक्ने मौका पाएका प्रत्येक व्यक्तिले केलाउनु पर्छ र आत्मालोचना गर्नै पर्छ । निरंकुशताको विरोध गर्ने प्रत्येक व्यक्तिले आफूभित्र लुकेको सामन्ती संस्कार, दुराग्रह र तानाशाहीपन पनि नियाल्नु पर्छ ।

दस वर्षको हिंसक विद्रोहले ल्याउन नसकेको राष्ट्रव्यापी परिवर्तन १९ दिनको शान्तिपूर्ण अहिंसक आन्दोलनले ल्याइदियो । यसले अहिंसक आन्दोलनको सार्थकता र सर्वोच्चता पुनः स्थापित गरेको छ ।

जसरी साधकले गहन साधनाद्वारा आफ्नो प्राणशक्ति कुण्डली जगाउँछ, त्यसरी नै यसपालिको जनआन्दोलनले राष्ट्रकै कुण्डलिनी जगाएको छ । जनता आफ्नो हकअधिकारप्रति समग्ररूपमा जागेका छन् । त्यसको रक्षाको लागि ट्यांकमुनि निहत्था सुत्न पनि तयार छन् । यो साहस, शौर्य र जागरुकताले राष्ट्रनिर्माणको दिशा लिन सक्यो भने एक दशकमै हामी एक आदर्श राष्ट्र बन्न सक्छौं ।

युगौंदेखि नेपाली जनता शोषित, पीडित र रैतीको रूपमा जिउन विवश छन् । यसपालिको जनआन्दोलनद्वारा सदियौंको पुरानो दासताको जन्जिर तोडी नेपालीहरू स्वतन्त्रताको मुक्त आकाश विचरण गर्न चाहन्छन् भन्ने प्रमाणित गरेको छ । प्रगति र उन्नतिको एक सामूहिक स्वप्न नेपालीहरूको मनसपटलमा अंकुरित भएको छ । यो स्वप्नले हाम्रो भाग्यरेखा स्वर्णिम अक्षरमा कोर्न सकिन्छ ।

यो राष्ट्रलाई सम्पन्न बनाउन कठिन छैन । देश सानो छ, प्राकृतिक, सांस्कृतिक सम्पदाले भरपूर छ । हामी नेपाली सोझा, मेहनती र सहनशील छौं । नेपाललाई विपन्न राख्नमा हाम्रै अदूरदर्शी नेतृत्व कारक छ ।

प्रजातन्त्र एक अति विकसित मानवीय व्यवस्था हो । जसले उच्च चेतना, सुझबुझ, धैर्य, सहिष्णुता र इमानदारीको माग गर्छ । यी सबै आध्यात्मिक गुण हुन् । आध्यात्मिक गुणले परिपूर्ण व्यक्तिहरूले मात्र प्रजातन्त्रमा सही नेतृत्व दिन सक्छन् । जस्तो महात्मा गान्धी, अब्राहम लिंकन, नेल्सन मन्डेला, लोहिया, जयप्रकाश, नेहरू - यिनीहरू गेरुवा वस्त्रधारी संन्यासीहरू होइनन्, तर मानवीय सवेदनाप्रति अति नै संवेदनशील र इमानदार व्यक्तिहरू हुन्, जसले आफ्नो समयमा सामाजिक न्याय र प्रजातन्त्रको बलियो जग बसाले ।

हाम्रो धर्तीले त्यस्ता सपूत नजन्माएकी होइनन्, तर यहाँको आजसम्मको सामन्ती संस्कार, जसमा चाकडी र चाप्लुसीको महत्त्वपूर्ण भूमिका हुन्छ, ती गर्न नजान्ने र सक्ने व्यक्तिहरूले फस्टाउने मौका विरलै पाउँछन् । त्यसैले निर्भीक प्रतिभालाई सम्मान गर्ने संस्कृति बसाल्नु सफल प्रजातन्त्रमा अपरिहार्य हुन्छ ।

२६ सय वर्षअघि जैन तीर्थंकर भगवान् महावीरले एक सिद्धान्तको प्रतिपादन गरेका थिए । जसको नाम हो - स्यातवाद । यसका अनुसार मलाई ठिक लागेको कुरा नै अन्तिम सत्य नहुन सक्छ । अर्को कुनै विचार पनि त्यतिकै ठिक हुन सक्छ । त्यसकारण आफ्नो विचारको पूर्वाग्रह राख्नु हुँदैन र विरोधीको विचारलाई पनि संवेदनशील भएर सुन्न र आदर गर्न सक्नु पर्छ । सबैले आफ्नो विचार व्यक्त गर्न सक्ने अवसरको सृजना गरेर तथा उनीहरूको सुनुवाइ हुने अवस्था बनाएर मात्र प्रजातन्त्रको जग बलियो पार्न सकिन्छ ॥

प्रजातन्त्र एक राजनीतिक व्यवस्थाभन्दा पनि एक आध्यात्मिक समझदारी र परिपक्वता हो । प्रजातन्त्रको अर्थ हो - हरेकलाई आफ्नै रुझान र ढंगले बाँच्ने पूर्ण स्वतन्त्रता हुन्छ जबसम्म उसले अरूलाई असुविधा पैदा गर्दैन । यस अर्थमा पनि यो आध्यात्मिक हो कि हामी बाह्य परिधिमा मात्रै भिन्नभिन्न हुन सक्छौं, अन्तस् केन्द्रमा हामी एकै हौं र उद्देश्य पनि एकै हो - सुख, शान्ति र स्वतन्त्रता ।

osho@tapoban.com

# प्रचण्डले अध्यक्ष छोड्ने दिन

■ **विनोद ढुंगेल**

**देशव्यापी फौजी कारबाही**, तर राजधानीमा युद्धविराम र संसद्‌वादी दलहरूसँग शान्तिपूर्ण जनआन्दोलनमा समझदारी निर्माण तथा कार्यान्वयनमा संलग्न नेपाल कम्युनिस्ट पार्टी (माओवादी) अहिले आन्तरिक रूपमा पार्टी महाधिवेशनको तयारीमा पनि जुटेको छ। अहिले दस्तावेज तयारीका काम भइरहेका छन्। ती दस्तावेज निकट भविष्यमै बस्ने केन्द्रीय समितिको बैठकमा छलफल गरेपछि तल्ला तहसम्म लगिनेछ। त्यसपछि 'मोटामोटी एक वर्षभित्रै' नेपालकै कुनै भागमा महाधिवेशन हुनेछ र त्यसले दलको नयाँ नेतृत्व छान्नेछ। महाधिवेशनले अध्यक्ष फेर्न पनि सक्छ। प्रचण्ड भन्छन्, 'त्यसो भएमा मलाई आपत्ति हुँदैन।'

गठन भएदेखि नै यो दलको महाधिवेशन भएको छैन। राष्ट्रिय सम्मेलन र केन्द्रीय समितिको बैठकले नेतृत्व अनुमोदन र सञ्चालन गरिरहेको छ। केही महिनाअघि प्रचण्ड र अर्का ठूला नेता डा. बाबुराम भट्टराईबीच चलेको सार्वजनिक विवादको अन्त्यमा पनि अनिर्वाचित नेतृत्व एउटा लुप्त विषय देखिन्थ्यो। यद्यपि अहिले महाधिवेशन गर्ने औपचारिक निर्णय भएको छ। यो सन्दर्भमा आम जिज्ञासा स्वभाविक रूपमा उठ्छ- के माओवादीको अध्यक्ष फेरिएला ? आफ्नै नाममा 'पथ' जोडेर बसेका अध्यक्ष प्रचण्डले यो 'पथ'बारे के सोचेका होलान् ?

## प्रचण्डलाई प्रचण्डपथको आतंक

साम्यवादका प्रवर्तक कार्ल मार्क्सको नाममा 'वाद' जोडिएको कुरा दर्शनशास्त्रको दुनियाँमा सुपाच्य भइसकेको छ। चिनियाँ नेता माओ-त्से-तुङको नाममा 'वाद' जोडेको कुरामा दुनियाँका थुप्रै कम्युनिष्टले नै असहमति जनाइरहेका छन्। धेरैले 'विचारधारा'सम्म स्विकारेका छन्। माओ जिउँदै भएको भए 'माओवाद'प्रति उनको प्रतिक्रिया के हुन्थ्यो होला ? रोचक अनुमान हुन सक्छ र अर्कै प्रसंग पनि। यहाँको चर्चा भने प्रचण्डको हो। माओका अनुयायी नेपाली माओवादीका मुख्य नेता प्रचण्डको नाममा समेत 'पथ' जोडिएको निकै भयो। यसरी 'पथ' लगाउँदा स्वयं प्रचण्डलाई कस्तो लाग्दो हो ? यो एउटा स्वभाविक जिज्ञासा पनि हो।

माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनमा एक मतद्वारा सम्मेलन कक्ष नै गुञ्जायमान हुने गरी 'प्रचण्डपथ' पारित भएको दलको दाबी छ हुन पनि माओवादी पार्टीभित्र त्यतिबेला यसका घनघोर



ईश्वरमान प्रधानांग अर्थात् 'रवीन्द्र श्रेष्ठ' र मणि थापा अर्थात् 'अनुकूल'लाई केही समयअघि पार्टीबाट निकाल्दा पनि माओवादीले प्रचण्डका तत्कालीन अन्ध समर्थक मानिएका आलोकसँग जोड्यो। 'अस्ति चार महिना अगाडिसम्म एकपटकको प्रशिक्षणमा पचासौं पटक प्रचण्डपथको नाम लिन हौसिने मान्छे अहिले प्रचण्डपथको विरोध गरेर बाहिर गएका छन्', प्रचण्ड भन्छन्, त्यही भएर यसलाई हामीले अर्को आलोक प्रवृत्ति भन्ने निर्णय गरेका हौं।'

विरोधी कोही पनि निस्केनन् । मार्क्सवाद-लेनिनवाद-माओवाद मात्र भन्दा माओवादीलाई के कमी भयो भन्ने कुरा नेपाली जनताले प्रस्ट बुझ्न त पक्कै समय लाग्ला, तर माओवादीभित्र भने त्यति बेला 'नेतृत्वलाई केन्द्रित गर्नु पर्ने' वैचारिक कुरा उठ्यो । त्यसलाई माओवादीले 'जनयुद्धको आवश्यकता' भनेको छ । माओवादी नेतृत्वले यो 'आवश्यकता'लाई 'विचार संश्लेषण' भनेको छ ।

प्रचण्डपथ पारित गर्ने क्रममा माओवादीको राष्ट्रिय सम्मेलनमा अनेक विचार आए । ती सबैका बीचमा प्रचण्ड स्वयंको विचार थियो, 'पार्टी विचार' भन्नु पर्छ । उनको प्रस्ताव काम लागेन । उनका अनुसार छलफल बढ्दै जाँदा प्रचण्डपथ नभनी नहुने निचोड निस्क्यो ।

यसरी 'विचार संश्लेषण' गरेपछि त्यसको नाममा अनेक गतिविधि भएका छन् । प्रचण्डपथ भनेर माओवादीले आन्दोलनलाई केन्द्रित गर्दै विश्वास र उचाइमा लान खोजेको बताएको छ । प्रचण्ड भन्छन्, 'हामीले यसलाई देवत्वकरण गर्न खोजेका थिएनौं ।'

समय क्रममा उनले नै महसुस गरे: प्रचण्डपथलाई रामनामी जसरी ओढेर दुरुपयोग गर्न खोज्ने प्रवृत्ति देखियो र प्रचण्डपथ भनेर सबैलाई धम्की लगाएर दलभित्र आफ्नो मनपरी र भ्रष्टाचार गरेको पाइयो ।

त्यो प्रवृत्तिको खलनायकका रूपमा माओवादीले 'आलोक' अर्थात् यानप्रसाद गौतमलाई चित्रित गरेको छ । प्रचण्डका अनुसार आलोक आफूलाई प्रचण्डपथको सबैभन्दा ठूलो दाबेदारका रूपमा प्रस्तुत गर्ने गर्थे । आलोकलाई उद्धृत गर्दै प्रचण्ड भन्छन्, 'प्रचण्डले सबैभन्दा बढी समर्थन र विश्वास गरेको तथा नजिक मान्ने मान्छे मै हुँ ।' अन्ततः आलोकमाथि माओवादीले कारबाही गर्‍यो, उनी दलको नेतृत्वमा रहेनन् र पछि यस धर्तीमै रहेनन् ।

एक अन्ध समर्थकको अवसानपछिको अवस्था अहिले प्रचण्ड यसरी सम्झन्छन्, 'प्रचण्डपथ पार्टीको विचार बनेपछि मेरो सबैभन्दा बढी लडाइँ आलोकसँग नै पर्‍यो ।' कारबाहीपछि आलोक एउटा प्रवृत्तिकै रूपमा चित्रित गरिए । 'आलोक प्रवृत्ति' आलोकमाथिको कारबाही र उनको दुर्दान्त आवसानपछि पनि माओवादीभित्र घृणाजन्य विशेषण बनिरह्यो । पछिल्लोपटक नेतृत्वप्रति तीव्र आलोचक बनेका ईश्वरमान प्रधानांग अर्थात् 'रवीन्द्र श्रेष्ठ' र मणि थापा अर्थात् 'अनुकूल'लाई पार्टीबाट निकाल्दा पनि माओवादीले प्रचण्डका तत्कालीन अन्ध समर्थक मानिएका आलोकसँग जोड्यो । 'अस्ति चार महिना अगाडिसम्म एकपटकको प्रशिक्षणमा पचासौं पटक प्रचण्डपथको नाम लिन हौसिने मान्छे अहिले प्रचण्डपथको विरोध गरेर बाहिर गएका छन्', प्रचण्ड भन्छन्, त्यही भएर यसलाई हामीले अर्को आलोक प्रवृत्ति भन्ने निर्णय गरेका हौं ।'

यो प्रचण्डपथ - जसका बारेमा प्रचण्डलाई अनेक पटक उद्धृत गर्दै यति चर्चा गरियो र जसका बारेमा परस्पर विरोधी क्रिया-प्रतिक्रिया चलिरहेका छन् - त्यसबारे प्रचण्ड स्वयंको अनुभव पनि सहज छैन । दलभित्र प्रचण्डपथ पारित हुँदा उनलाई हर्ष वा विस्मात् त के लाग्यो कुन्नि, तर डर भने लागेको थियो रे ! प्रचण्डपथ पारित भएपछि सम्मेलनमा उनले भनेका थिए, 'यति बेला म थोरै थोरै भावुक र थोरै थोरै आतंकित भएको छु ।' उनको त्यो भनाइप्रतिको इमानदारी र विश्वसनीयतामा प्रश्न उठाउनुअघि नै प्रचण्ड प्रमाण पेस गर्छन् - त्यसको भिडियो रेकर्ड पनि छ, सायद इतिहासमा त्यो पनि आउला !

नाममा 'पथ' जोडेर आफूलाई प्राधिकार बनाइँदा प्रचण्ड पुलकित हुनको सट्टा उनकै शब्दमा 'आतंकित' किन भएका होलान् त ? 'किनभने प्रचण्डपथ हुनुअघि साथीहरू मसँग सीधै कुरा गर्थे, मेरो गल्ती कमजोरी पनि औंल्याउँथे', उनी भन्छन्, 'प्रचण्डपथ भएपछि पहिला जसरी भन्न छोड्छन् कि ! मलाई अर्कै ठानिदिने हुन् कि ! हिजो माया गर्ने, रुने, कराउने, हप्काउने साथीहरू पनि प्रचण्डपथ भएपछि त्यसो गर्न छोड्छन् कि ! मलाई प्रवर्तक भनेर कसैले पनि कुरै नगर्ने वा यान्त्रिक किसिमले कुरा गर्ने पो हुन् कि ! मलाई यस्तो डर लागेको थियो ।' राष्ट्रिय सम्मेलन समापन कार्यक्रममा त्यति बेला व्यक्त गरेको आतंकबोधबाट अझै मुक्त हुन नसकेको बताउने प्रचण्डको ताजा भनाइ छ- त्यसलाई मैले पूरा गर्नु पर्ने जिम्मेवारीको रूपमा आत्मसात गरेको छु ।

## प्रचण्डपथमा ज्ञानेन्द्र !

विद्रोही सत्ताका प्राधिकार बनेका प्रचण्ड र राज्य सत्ताका सर्वेसर्वा बनेका राजा ज्ञानेन्द्रलाई दुवै थरिका साझा र तीव्र विरोधीहरूले निरंकुश, अधिनायकवादी, सर्वसत्तावादी आदि विशेषण सिउरिदिने गरेका छन् । राजा ज्ञानेन्द्रले त आफैलाई जनवादको संरक्षक प्रतीत गराउने गरी 'सक्कली प्रजातन्त्र नै जनवाद हो' भनेर सडकमा खम्बे बोर्डहरू लगाएकै छन् । प्रचण्डको कुरो अर्कै छ । उनको वैयक्तिक प्रतिरक्षा छ, 'म निरंकुश चरित्रको मान्छे नै होइन, यो मेरो बच्चैदेखिको स्वभावले पनि दिँदैन ।' माओवादीका अध्यक्ष प्रचण्डको राजनीतिक प्रतिरक्षा छ- पार्टी नेतृत्वमा बस्ने मान्छेको चरित्र निरंकुश भएको भए नेपालको माओवादी पार्टी र आन्दोलन दसौं टुक्रा भइसक्ने थियो ।

राजा ज्ञानेन्द्र २०६१ माघ १९ मा राष्ट्रप्रमुख र सेनाप्रमुख रहेकै अवस्थामा सरकारप्रमुख पनि भएपछि 'म नै राज्य हुँ' भन्ने लुई चौधौंसँग तुलना गर्नेसम्मका प्रवृत्ति सार्वजनिक भए । त्यसको केही महिनाअघि नै माओवादी पार्टी र त्यसको जनमुक्ति सेनाको प्रमुख रहेकै अवस्थामा प्रचण्ड पनि माओवादी सरकारका प्रमुख भए । 'प्रचण्डपथको आधारमा निर्मित विचार तथा त्यसको जगमा उभिएर एक्काइसौं शताब्दीको जनवाद'को अभ्यासका कुरा गर्ने माओवादी अध्यक्ष प्रचण्ड र 'सक्कली प्रजातन्त्र नै जनवाद' भन्ने मन्त्रिपरिषद्का अध्यक्ष ज्ञानेन्द्रको 'पथ'मा समानता देखियो भनेर आरोप पनि नलागेको होइन । प्रचण्ड त्यसको सहज प्रतिवाद गर्दै भन्छन्, 'सबै लिन खोजेको भन्ने त बेकार कुरा हो ।'

सही कुरा के हो त ? 'यसको सबैभन्दा ठूलो जवाफ त हाम्रो विगतको केन्द्रीय समितिले ल्याएको दस्तावेज नै हो', प्रचण्डको तर्क छ, 'एक्काइसौं शताब्दीको जनवादसम्बन्धी हाम्रो प्रस्ताव नै बीसौं शताब्दीको कम्युनिष्ट आन्दोलनको नेतृत्वको परम्परा बदल्ने प्रस्ताव थियो ।' पछिल्लोपटक त आन्दोलनबाट बनेको माओवादीको प्रमुख समूह नै नेतृत्वमा नबस्ने कुरा माओवादीले गरेको छ । जनसत्ता कायम भएपछि आन्दोलनको दौरानमा पैदा भएको नेतृत्वको समूह 'स्टेटस्म्यानसिप'मा जाने र राज्यसत्ताको दैनिक अभ्यासमा नलाग्ने सोच सार्वजनिक गर्छन्- प्रचण्ड ।

विश्व कम्युनिष्ट आन्दोलनमा सत्तामा गएपछि नमरुन्जेल पदमा बसिरहने, नयाँ पुस्ताको नेतृत्व विकास हुन नदिने र मुख्य नेता मरेपछि नयाँ नेतृत्वले नीति नै नयाँ ल्याएर प्रतिक्रान्ति गर्ने गरेको इतिहासबाट शिक्षा लिएर नेतृत्वसम्बन्धी नयाँ प्रयोग गर्न लागिएको माओवादीका अध्यक्षको भनाइ छ । त्यो प्रयोग हो, 'अब सत्तामा गएपछि त्यहीं बसिराख्नु पर्छ भन्ने कुरा नै हटाइदिनु पर्छ ।' अनि गर्ने के त ? विकल्प छ, 'क्रान्तिद्वारा बन्ने 'अथोरिटी'ले राज्यशक्तिको दैनिक अभ्यास गरिराख्नु पर्दैन, दैनिक पदीय अभ्यास र 'अथोरिटी' प्रयोग दुवै गर्दा मिलिराखेको छैन ।' नयाँ संयन्त्र बनाएर दैनिक पदीय अभ्यास दोस्रो पुस्ताका नेतालाई गर्न दिँदा मूल नेता मर्नेबित्तिकै सत्ता नै उल्टिने स्थितिबाट बचाउन सकिने प्रचण्डको विश्वास छ ।

## गन्तव्य काठमाडौं

राष्ट्रकै नेतृत्वसम्बन्धी माओवादीका सर्वोच्च कमान्डरको यो योजना तत्काल भने उनको दलभित्र लागू हुने स्थिति छैन । माओवादी गठन हुनु पहिलेदेखि नै महामन्त्री हुनुलाई प्रचण्ड आफ्नो 'बाध्यता' ठान्छन् र त्यही क्रममा अध्यक्ष भएका छन् । लोकतन्त्रको माग गर्ने नेपाली कांग्रेस र नेकपा (एमाले)को नेतृत्व एक दशकभन्दा अघिदेखि अकण्टक ओगटेका क्रमशः गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपालको दलभित्र आन्तरिक लोकतन्त्रको मुद्दा उठ्ने गरेझैं माओवादीभित्र त्यो मुद्दा त्यसरी नै उठेको त छैन, तर एउटा स्वभाविक आम प्रश्न भने उठ्छ, के माओवादीभित्र अध्यक्षता वरण गर्ने दोस्रो पुस्ता तयार भएको छ ? वा, छैन भन्ने नाममा प्रचण्ड अनवरत सर्वोच्च नेता रहिरहने त ? प्रचण्डको जवाफ छ- म त्यो नहुन चाहिराखेको छु ।'

'नेतृत्व भनेको रातारात बन्ने कुरा नभएर संघर्षको बीचबाट बन्ने हो', वर्तमान अवस्थामा तयार भएको नेतृत्वबारे मात्र नभएर नेतृत्व विकासबारे नै प्रचण्डको आमसैद्धान्तिक चिन्तन छ । यो भनाइबाट नै नेकपा (माओवादी)को आगामी महाधिवेशनबाट प्रचण्ड पुनः अध्यक्ष बन्ने पर्याप्त संकेत मिल्छ, जुन आम अपेक्षाभन्दा पृथक् पनि नहोला, तर यति संकेतमै चित्त बुझाउनु पर्दैन । 'अहिले नै मैले अध्यक्ष पद छोडेर नेपाली जनता र आन्दोलनलाई हित हुँदैन भन्ने नै छ', अध्यक्ष प्रचण्ड हाँस्दै भन्छन्, 'अहिले त म छोड्ने पक्षमा छुइनँ ।' त्यसो भए अध्यक्ष पद कहिले छोड्ने त ? प्रस्ट समयसीमा छ, 'गन्तव्य काठमाडौं । अर्थात्, प्रचण्ड भन्छन्, काठमाडौं कब्जा हुनुअघि छोड्ने विचार छैन, काठमाडौं कब्जा नहुन्जेलचाहिँ भइराखिन्छ ।' ■

# जनआन्दोलन भाग-२




सरकारको दमनले रोक्न सकेन, जनताको जित ! राजधानीमा केही दिनअघि सुरक्षाकर्मीले देखाएको नृशंस रूप र मङ्गलबार विजयजुलुसमा देखिएका जनता

तस्वीरहरू : तेजबहादुर बस्नेत

# जीत जनताको




NEPALI BHANCHHA GHAR
नेपाली भान्छा घर
Opening Soon
बिसौनी
DHL

# जनआन्दोलन भाग-२



पोखरा



बुटवल

चितवन






भास्वर ओझा

आन्दोलनका क्रममा उठेका यी हातहरूले निरंकुशतन्त्रलाई झुकाई छाड्यो



राम प्रधान/पोखरा, दीपक ज्ञवाली/बुटवल, रमेश पौडेल/चितवन, ओमआस्था राई/धरान

अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य युवराज चौलागाईं वैशाख १२ गते राजधानीको खुलामञ्चमा बोल्दै



तेजबहादुर बस्नेत

▼ पोखरा



▼ धरान



# रन्कियो राजधानी




तस्वीरहरू : तेज बस्नेत

■ ज्योति देवकोटा/काठमाडौं

**निरन्तर कर्फ्यु र निषेधाज्ञा अवज्ञा** गर्दै उन्नाइसौं दिनसम्म चलेको जनआन्दोलनको विजयले राजधानी र देशभरका सहरमा विशाल आकार लियो। सोमवार राति साढे एघार बजे राजा ज्ञानेन्द्रबाट गरिएको प्रतिनिधिसभा पुनःस्थापनाको घोषणालगत्तै राजधानी मानवमय बन्न थालेको थियो। जनताको जित भएको खुसियालीमा हजारौंको भीडलाई सम्बोधन गर्दै सात दलका नेताहरूले 'शक्ति सधैं जनताको हातमा हुन्छ' भन्ने अहिलेको जनआन्दोलनले सिकाएको बताए।

विजयको खुसियाली मनाउन हजारौंको संख्यामा सडकमा आएका सर्वसाधारणको उपस्थितिले राजधानीको भित्रि सडकहरूका साथै चक्रपथ समेत ठेलमठेल बनेको थियो। जनआन्दोलनले सफलता पाएको उपलक्ष्यमा खुसियाली मनाउँदै घोषणाको पछिल्लो दिन राजधानी र आसपासका लाखौं जनताले सडकमा ओर्लिएर विजय जुलुसमा सहभागी जनाए। र, लाखौंको उपस्थितिले मंगलवार मानवमय बन्यो राजधानी। बिहानैदेखि सात दलको बैठक बस्ने भनिएको नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको महाराजगन्जस्थित निवासमा हजारौंको संख्यामा सर्वसाधारण जम्मा भएर नेताहरूलाई खबरदारी गर्दै थिए। सविधानसभा तुरुन्त कार्यान्वयन गर्न र जनआन्दोलनका क्रममा सर्वसाधारणमाथि दमन गर्नेहरूमाथि कारबाही गर्ने माग गरेका थिए, आन्दोलनकारीहरूले।

बूढानीलकण्ठबाट हजारौंको मानवसागर नारायणगोपाल चोकमा जम्मा भएको थियो। नारायणगोपाल चोक मानवमय बनिसक्दा पनि विजयी जुलुस कता जाने भन्ने टुंगो नलागेकाले केही छिन रनभुल परेको मानवमय भीडलाई कांग्रेस उपसभापति सुशील कोइरालाले चावहिलतिर डोऱ्याएका थिए।

विजय जुलुसले गृहमन्त्री कमल थापा र जनआन्दोलनलाई निस्तेज पार्न सर्वसाधारणमाथि उग्र दमनमा उत्रिएका सुरक्षाफौजको नेतृत्व गरिरहेका एसएसपी दुर्जकुमार राई र माधव थापा तथा एआइजी रूपसागर मोक्तानविरुद्ध चर्का नारा लगाएको थियो। उनीहरूलाई हदैसम्मको कारबाहीको माग गर्दै निःसर्त संविधानसभामा गएर १९ दिनसम्म सडकमा बगेको रगतको मूल्य चुकाउन नेताहरूलाई समेत चेतावनी दिएको थियो विजय जुलुसले।

माओवादी समस्या समाधानका लागि तुरुन्त संविधानसभामा जानु पर्ने भनेर नेताहरूलाई सचेत गराउँदै अगाडि बढेको जुलुस चावहिल पुग्दा नपुग्दै लाखौंमा परिणत भएको थियो भने महाराजगन्जमा अल्झिँदै गरेको हजारौंको विजयी जुलुस छिचोल्दै एमाले नेता वामदेव गौतमको नेतृत्वमा अगाडि बढेको जुलुस कोटेश्वरमा पुगेर आमसभामा परिणत भएको थियो। विजय जुलुस अगाडि बढिरहँदा घरघरबाट पानीको वर्षा गरिएको थियो भने छतबाट सर्वसाधारणले नारा लगाउँदै नेताहरूलाई राजाबाट सचेत हुन र माओवादी सशस्त्र विद्रोह समाधान गर्नेतर्फ सही कदम चाल्न सुझाव दिएका थिए।

उता खुलामञ्चमा भएको लाखौंको भीडलाई नागरिक समाजका अगुवा तथा मानवअधिकारवादी कृष्ण पहाडी, नेविसंघका गगन थापा, अनेरास्ववियुकी रामकुमारी झाँक्री र राजेन्द्र राईले

सम्बोधन गरेर 'यो पूर्ण सफलता होइन, यो त एक तिहाइमात्र काम भएको' भन्दै नेताहरूलाई तुरुन्त संविधानसभामा जान दबाब दिएका थिए।

खुलामञ्चमा एकाएक विद्यार्थी नेता भनेर मञ्चमा आएका अखिल क्रान्तिकारीका युवराजले भाषण गर्दा उपस्थित नागरिकहरू आश्चर्यमा परेका थिए। 'हामी आतंककारी होइनौं, बरु हामीलाई आतंककारी भन्नेहरू नै आतंककारी हुन्' भन्दै आक्रोश व्यक्त गरेर एकाएक हराएका युवराजको भाषणले सबैलाई उत्साहित बनाएको थियो।

पाटनबाट आएको हजारौंको भीडलाई सातदोबाटोमा जनमोर्चाका अमिक शेरचनले सम्बोधन गर्दै अहिलेको जनआन्दोलनको सफलताको श्रेय माओवादीलाई दिएका थिए। उनीहरूको सहयोगलाई सरकारसँग गोप्य राख्नु परेको बाध्यता सर्वसाधारणलाई जाहेर गर्दै आन्दोलन नसकिएको तर आन्दोलनको स्वरूप परिवर्तन भएको बताए शेरचनले।

राजधानीको सीतापाइला, स्वयम्भु, महाराजगन्ज, चावहिल, कोटेश्वर, सातदोबाटो, रत्नपार्कमा विजय मनाउन भेला भएका लाखौं सर्वसाधारणले बारम्बार धोका दिइरहेका राजाको पछिल्लो सम्बोधनबाट पनि नेताहरूलाई बच्न र आफ्नो लक्ष्यमा अडिग रहन हौस्याइरहेका थिए। चावहिलबाट ओइरिएको मानवसागरलाई कोटेश्वरमा वामदेव गौतमले सम्बोधन गरेपछि सातदोबाटो हुँदै कलंकीतिर हानिएको विजय जुलुसलाई त्यहाँ पुग्दा एमाले महासचिव माधवकुमार नेपालले सम्बोधन गरे। जनआन्दोलनलाई उत्सर्गमा पुऱ्याउने सबैलाई धन्यवाद दिँदै नेपाली जनता विजयको दैलोमा पुगेको र यसलाई विजयी मानिहाल्न नहुने बताएका थिए।

जनआन्दोलनमा सहिद हुनेका परिवारलाई आउने सरकारले कम्तीमा पनि १० लाख दिने र आन्दोलनमा दमन गर्नेहरूलाई कारबाही गर्ने आश्वासन उपस्थित सर्वसाधारणलाई बारम्बार दिनु परेको थियो। जनआन्दोलनका क्रममा डेढ दर्जनले ज्यान गुमाएका छन् भने ६ हजार घाइते भएका छन्। घाइते भएर अशक्त हुनेहरूलाई २ लाखका दरले सहयोग उपलब्ध गराउने मागसमेत आफूले आउँदो सरकारसमक्ष राख्ने कुरा बताउँदै नेपालले आन्दोलनका क्रममा उग्र दमनमा उत्रिएका



सुरक्षाफौजका प्रमुखलाई कारबाही गर्ने आश्वासन दिँदा तालीले कलंकी गडगडाएको थियो।

सीतापाइलामा ओइरिएको हजारौंको भीडलाई रामशरण महत र युवराज ज्ञवालीले सम्बोधन गरेर 'अब नेताहरूले जनताको भावना बुझिसकेको र बाह्रबुँदे समझदारीलाई कुनै पनि हालतमा सफल पारेर छोड्ने' विश्वास दिलाएका थिए।

महिलाहरूको उल्लेख्य सहभागिता रहेको विजय जुलुस स्वयम्भु, गोंगबु, बसुन्धरा, चावहिल, कोटेश्वर र सातदोबाटो हुँदै बाजागाजासहित अगाडि बढेको थियो। लोकतान्त्रिक गीत र संविधानसभाका नाराले घन्किएको चक्रपथको दायाँबायाँको बाटोसमेत अटेसमटेस थियो। शाही कदमका समर्थकविरुद्ध खनिएका सर्वसाधारणले 'मण्डलेहरूलाई कारबाही गर'जस्ता नारा लगाउँदै दिनभरजसो राजधानीमा विजय जुलुस निकालेका थिए। प्रदर्शनकारीहरूलेनारा लगाउँदै अब देशमा गणतन्त्र नै चाहिने बताएका थिए।

आफ्नो पायक पर्ने ठाउँमा हजारौंको संख्यामा जम्मा भएका सर्वसाधारणले राजधानीको ठाउँठाउँमै लोकतान्त्रिक गीत र नाचगान गरेर खुसियाली मनाएका थिए।

राजधानीको चक्रपथको सात ठाउँमा सात दलका शीर्षस्थ नेताहरूद्वारा सम्बोधन गर्ने भनिएको अघिल्लो राति नै राजाले संसद् पुनःस्थापना भएको घोषणा गरेपछि जनआन्दोलन सफल भएको भन्दै काठमाडौंका चोक तथा गल्ली रातिदेखि नै मानवमय बनेका थिए।

अन्य दिन सर्वसाधारणमाथि उग्र दमनमा लागी परेका सुरक्षाकर्मीको कमै उपस्थिति देखिएको थियो मंगलबार। कलंकीमा केही घुसपैठ भएकाहरूले हुलदंगा मचाउन खोजेपछि सर्वसाधारणले समाएर भिजिलान्ते भन्दै कुटपिटसमेत गरेका थिए।

विजय जुलुसका सहभागीले गृहमन्त्री कमल थापा र सुरक्षानिकायविरुद्ध चर्का नारा लगाएर रिस शान्त पारेका थिए भने विभिन्न ठाउँमा सम्बोधन गरेका सात दलका नेताले 'जनआवाज दबाउन खोज्नेलाई नछोडिने' बताएका थिए। ■

2722

Imagine what it can do.

# जनताका खलनायकहरू






■ किरण भण्डारी/काठमाडौं

**जनआन्दोलनको बलमा** प्रतिनिधिसभा पुनःस्थापना भएपछि निस्केका प्रत्येक दिनको जुलुसमा युवा समूहबाट एउटा गैरराजनीतिक माग जोडदार रूपमा घन्किरहेको छ। उत्तेजक भाषामा घन्कने नाराको आशय छ- जनआन्दोलनलाई नाजायज र गैरकानुनी तवरले दबाउन उद्यत सबैलाई कारबाही गर्नु पर्छ। लगातार २० दिनसम्म आन्दोलनको मोर्चामा ज्यानको बाजी थापेर अग्रपंक्तिमा रहेका युवाले जनआन्दोलनका खलनायकहरूमाथि कारबाहीको माग गरेकाले पनि नेताहरूको यसमा गम्भीर ध्यानाकर्षण भएको छ।

२०४६ सालको जनआन्दोलन दबाउन उत्रेका मन्त्री, प्रशासक र सुरक्षाकर्मी तत्कालै छाती फुलाएर हिँड्न थालेका र तिनीहरू नै तत्कालिन प्रजातन्त्र मास्ने धमिरा बनेका घटनाको ताजा सम्झनाले दोषीमाथि कारबाहीको माग बुलन्द गर्ने ऊर्जा दिइरहेको छ। शीर्षस्थ नेताहरूले नै मल्लिक आयोगको प्रतिवेदन थन्क्याएजस्तो गल्ती यसपाला नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै कानुनी कारबाही गरेरै छाड्ने वाचा गरिरहेका छन्।

गोंगबु, कलंकी, कोटेश्वर, चावहिल जस्ता अग्रणी मोर्चामा आन्दोलन अवधिभर साक्षी बनेर उभिएका मानवअधिकारवादी, पत्रकार, रेडक्रसका कार्यकर्तासँग *समय*ले गरेको कुराकानीअनुसार दमनमा सशस्त्र प्रहरीले सबैलाई उछिनेको थियो। सशस्त्रपछि जनपद प्रहरी बदनाम भएको छ ।

सेनाले भने भीडमा आक्रमणभन्दा पनि दमनको योजना र आदेश दिने काम गरेको थियो। संयुक्त नेतृत्वको शैलीमा फिल्डमा परिचालित सुरक्षाकर्मीले सेनाको आदेशमा आक्रमण सुरु गरेको घटना देखिएको छ, यस अवधिमा।

आन्दोलनकारी मात्र होइन निगरानी गरेर बसेका मानवअधिकारवादी, पत्रकार, रेडक्रसलगायतका स्वयंसेवीले सशस्त्र, जनपद प्रहरी र सेनाले आन्दोलन दबाउन नियम कानुनको परिधि उल्लंघन गरेका प्रशस्त उदाहरण देखेका छन्।

सुरक्षा मामिलाका जानकारहरू जनआन्दोलनमा सुरक्षाफौजले आफूलाई प्राप्त अधिकार र कर्तव्य चटक्क बिर्सेर सत्ताको चाकरको काम गरेको आरोप लगाउँछन्। सुरक्षा बल प्रयोगसम्बन्धी सामान्य सिद्धान्त र स्थानीय प्रशासन ऐनलाई मिचेर शान्तिपूर्ण आन्दोलनमा दमन भएको उनीहरूको आरोप छ।

पूर्व गृहसचिव श्रीकान्त रेग्मीका अनुसार बल प्रयोगको सामान्य सिद्धान्तसमेत ख्याल नगरी सुरक्षाफौज आम जनतामाथि वैरी राष्ट्रको सेनासँगभन्दा पनि नृशंस ढंगले प्रस्तुत भयो। 'भीडलाई तितरबितर गरेर शान्ति कायम गर्नु पर्नेमा घरघरबाट थुतेर बुटले हान्ने वा ढुंगा बर्साउने काम सरकारी पक्षबाट व्यापक भयो', उनी भन्छन्, 'बल प्रयोगको सामान्य नियमसमेत पालना भएन।'

स्थानीय प्रशासन ऐनले प्रदर्शन हिंसात्मक भएको खण्डमा मात्र क्रमशः लाठीचार्ज, पानीको फोहोरा, अश्रुग्याँस, घुँडामुनि गोली चलाएर नियन्त्रण लिन सक्ने व्यवस्था छ, तर शान्तिपूर्ण आन्दोलनमा सुरुमै गोली चलाएर प्रदर्शनकारीको ज्यानै लिने कार्यमा यसपालिको सरकार उत्रियो।

'बल प्रयोगको अहिलेको शैलीमा नीतिगत रूपमा तत्कालीन गृहमन्त्री तथा सुरक्षानिकायका प्रमुख दोषी भए पनि कार्यगत रूपमा फिल्डमा खटिएको कमान्डरको दोष पनि उत्तिकै हुने रेग्मीले बताएका छन्। 'माथिको आदेश'ले सिडिओले विदेशीलाई नागरिकता दिए ऊ जसरी दोषी सावित हुन्छ, घरघर पसेर वृद्धदेखि बालबालिकालाई घाइते बनाउने सुरक्षाकर्मी त्यति नै सजायको भागिदार हुन्छन्।

फिल्डमा खटिएका सुरक्षाकर्मीमध्ये सशस्त्रका एसएसपी माधव थापा र दुर्जकुमार राई, जनपदका डिएसपी सर्वेन्द्र खनाल, इन्सपेक्टर रमेश बस्नेतले आन्दोलन दमनमा सबैलाई उछिनेका छन्। उनीहरूलाई आदेश दिने काममा एआइजीद्वय दिलीप श्रेष्ठ (सशस्त्र) र कृष्ण बस्नेत (जनपद) आन्दोलन अवधिभर तल्लीन रहे। एआइजी रूपसागर मोक्तान भीडको सबैभन्दा आक्रोशको तारो बनेका छन्। चैत २९ गते गोंगबुका आन्दोलकारीलाई आफ्नै घरबाट गोली ठोकेका कारण उत्पन्न जनआक्रोश अहिले पनि यथावत् छ।

आन्दोलन दबाउन अघोषित रूपमा प्रधानसेनापतिको संयोजकत्वमा सुरक्षा उपसमिति गठन भएको थियो। समितिमा जनपद, सशस्त्र प्रहरी प्रमुख, गृह र रक्षा सचिव सदस्य थिए। उपत्यकामा कर्फ्युको अनवरत सिलसिला र चरम दमनका मोडेल समितिले सरकारलाई रिपोर्टिङ गर्ने र तल्लो निकायबाट कार्यान्वयन गराउने काम गरेको दाबी स्रोतहरूको छ।

शान्ति सुरक्षा सामान्य पार्न केही घन्टाको अवधिका लागि केही दिन लगाइने निषेधाज्ञा र कर्फ्युलाई अध्यादेशजस्तै नियमित बनाइदिएर आम मानिसको मौलिक हकमा खलल पुर्‍याउने काममा समेत सरकार र समितिको प्रधान जिम्मेवारी छ।

आम मानिसको आक्रोशको तारो सुरक्षाकर्मी मात्र बने पनि दमनमा भूमिका निर्वाह गर्ने अन्य पक्षहरू पनि सशक्त छन्। राजावादी राजनीतिज्ञ, क्षेत्रीय तथा अञ्चल प्रशासक, राजपरिषद् मात्र होइन कर्मचारीयन्त्रका केही हाकिम पनि निरंकुशताको पक्ष पोषणमा खुलेआम उत्रेका थिए।

राजालाई जनताको अधिकार खोस्न उक्साउने राजपरिषद्, सच्चित शमशेर, भरतकेशरहरू जस्ताको भूमिका आन्दोलनकारीलाई भौतिक रूपले आक्रमण गर्नेमा समेत केन्द्रित भयो। राजावादीहरू व्यक्तिगत स्वार्थले एउटा व्यक्तिको पछि लागेर महत्त्वाकांक्षा पूरा गर्ने ताकमा हुने हुँदा समेत उनीहरू चाँडै बहिष्कृत बनेका छन्।

राजावादीहरूको राजनीतिक चरित्र सधैं अस्थिर देखिने गरेको छ। सिद्धान्त, निष्ठा वा आस्था थाती राखेर व्यक्तिको अनुष्ठान नै राजनीतिको आधार भएकाले उनीहरू राजनीतिक चरित्रमा कमजोर हुने जानकारहरूको विश्लेषण छ।

२०४६ सालको जनआन्दोलन, त्यसपछिका बाह्र वर्षको प्रजातन्त्रकाल र त्यसपछिको राजाको

शासनकालका कतिपय पात्रहरू एकै छन्। उनीहरूमध्ये अधिकांशको राजनीतिक परिचयको अनुहार बहुरूपी र कट्टर छ। मौलिक रूपमा राजावादी भए पनि नरम राजावादीहरूको झिनो उपस्थितिसमेत देखिएको छ।

यही राजनीतिक चक्रमा केही राजावादी अनुहार अहिले ओझेलमा परेका छन्। तीमध्ये असोज १८ र माघ १९ को शाही कदमको कट्टर समर्थक राजपरिषद्का पूर्वसभापति केशरजंग रायमाझी अहिले ओझेल परेकामध्ये प्रमुख नाम हो। तर, जनआन्दोलनका राजा सर्वशक्ति सम्पन्न बन्नु पर्छ भनेर उक्साउने खलनायकहरूको गतिविधिले आम जनतालाई आक्रोशित बनाएकाले पनि जनताको संघर्षलाई फाइदा पुऱ्याएको छ। उनीहरू बहुरूपी, निरन्तर राजावादी र नयाँ जोगी स्वरूपका देखिएका छन्। पंचायतमा शासन सत्ताको अधिकतम उपभोग, प्रजातन्त्रकालमा पनि कांग्रेस, कम्युनिष्टलाई उछिनेर मस्ती, असोज १८ पछि राजावादी र आन्दोलनको सफलतापश्चात फेरि रङ बदल्नु अधिकांश खलनायकको मौलिक चरित्र बनेको छ।

### रमेशनाथ पाण्डे



पंचायतको सुरु, प्रजातन्त्रकालदेखि माघ १९ पछिसम्म विविध भूमिकामा देखापरेका पाण्डे आफ्ना क्रियाकलापबाट बहुरूपी चरित्रका सबैभन्दा धनी व्यक्तिको रूपमा देखिएका छन्। षड्यन्त्रकारी, दरवारिया जासुस, मौकापरस्तजस्ता उपमा लाग्ने गरेका पाण्डे राजादेखि दलसम्मलाई झुक्याउन सफल व्यक्ति हुन्। गृहमन्त्री कमल थापा, संचार राज्यमन्त्री श्रीसशमसेर राणा जस्ता अतिवादी पात्रहरूको जन्मले साँचो कुरा कमै बोल्ने पाण्डे जारी जनआन्दोलनका खलनायकहरूको वरीयताक्रममा केही तल परेका छन्। आफूलाई गिरिजाप्रसाद कोइराला, माधव नेपाल र राजा तीनै पक्षसँग निकटस्थ भनेर धेरैलाई झुक्याउन सफल पाण्डे मृत्यु भइसकेका राजनेताहरूसँग आफ्नो सम्पर्क रहेको संस्मरण लेख्न धेरै सिपालु छन्।

### कमल थापा



आकर्षक व्यक्तित्व, सालीन प्रस्तुति, वाक्पटुतामा धनी कमल थापाको व्यक्तित्वले दुई दशकको अवधिमा एक फन्को लगाएको छ। आफूभन्दा सिनियर मन्त्री र उपाध्यक्षद्वयलाई समेत उछिनेर थापाले जनआन्दोलनका प्रमुख खलनायकको पगरी गुथे। २०४६ सालको मरीचमानसिंह श्रेष्ठको ठाउँ अहिले थापाले ओगटेका छन्। पंचायती राजनीतिमा कम उमेरमै धेरै लाभ हासिल गरेका थापाले बाह्रवर्षे प्रजातन्त्रकालमा समेत अरू पंचहरू जस्तो खुम्चनु परेन। न त जनआन्दोलनको खलनायक भएका कारण उनले कुनै मूल्य चुकाउनु पऱ्यो। राष्ट्रिय राजनीतिको प्रमुख पात्रको भूमिकामा उनी निरन्तर रहिरहे। आफ्नै प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले 'मुसा प्रवृत्ति'को पगरी गुथाइदिए पनि उनको सालीन व्यक्तित्वले धेरैलाई भ्रम दिएको थियो। जारी आन्दोलनमा दमनका सबै रेकर्ड तोडेर निर्लज्ज प्रस्तुत भएपछि थापाको मुखुन्डो फेरि एकपटक उदाङिएको मात्र छैन सैनिक सुरक्षामा बस्नु पर्ने भएको छ।

### शरदचन्द्र शाह



राजाको अघोषित प्रमुख सल्लाहकार मानिने शरदचन्द्र शाह पंचायतविरुद्धको जनआन्दोलनका प्रमुख खलनायकमध्ये मानिन्थे। प्रजातन्त्रकालभरि गुमनाम जस्तै बनेको उनको नाम असोज १८ पछि लगातार चर्चामा छ। २०४६ सालमा आन्दोलन दबाउन भिजिलान्ते र खेलाडी परिचालनको भूमिकामा रहेका शाह अहिले के भूमिकामा छन् अझै खुल्न सकेको छैन, तर आमहडतालको क्रममा अघिपछि प्रहरीको स्कर्टिङमा राजधानीका सडकमा उनको आवागमन भने बाक्लै देखिएको थियो। सुरक्षानिकायलाई अनधिकृत तवरले आदेश दिने काममा शाह तल्लीन भएको स्रोतको दाबी छ।

### राधाकृष्ण मैनाली



मुलुकको ठूलो दल एमालेको जननी झापा आन्दोलनका हस्तीहरूमध्ये आरके मैनाली प्रमुख हुन्। पंचायत कालमा भूमिगत राजनीतिमा आमरूपमा परिचित केही कम्युनिष्ट नेतामा उनको नाम अग्रस्थानमा थियो। २०४६ चैत २६ गते राजासँग वार्तामा बसेको वाममोर्चाको दुई सदस्यीय टोलीमा मैनाली पनि थिए।

प्रजातन्त्र पुनःस्थापनापछिको बाह्र वर्षमा सबैभन्दा लामो अवधि लाभको पदमा बस्न पाएका भाग्यमानी पनि उनै हुन्। राजाले असोज १८ को कदमपछि नै मैनालीको क्रान्तिकारी व्यक्तित्व क्रमशः स्खलित हुन थाल्यो। माघ १९ को शाही घोषणापछि वामपन्थी कित्ताबाट घोर दक्षिणपन्थी धारमा पुगेका मैनाली पछिल्ला दिनमा लोकतान्त्रिक आन्दोलनको राजनीतिक प्रतिकार गर्न सक्रिय थिए।

### प्रकाश कोइराला



२०४६ सालको जनआन्दोलन उत्कर्षमा पुगेका बेला विपी कोइरालाको छोरा हुनुलाई भजाएर पंचायतको समर्थनमा वक्तव्य जारी गरेका प्रकाश कोइराला एक वर्षदेखि कट्टर राजावादीको भूमिकामा छन्। कोइराला परिवारको सदस्य भएकाले नै प्रजातन्त्रविरुद्धका सबै खतमा माफी पाएर प्रजातन्त्र कालमा सांसद र मन्त्री पद हत्याएका उनी अहिले आन्दोलनका अग्रणी खलनायकहरूको भूमिकामा रहे।

विपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीति र विभिन्न राजनीतिक दर्शनलाई मण्डलेकरण गर्न र आन्दोलन निस्तेज पार्ने हतियारको रूपमा प्रकाशको उपयोग हुने गरेको छ। बिपीका छोरा र मनीषाको बाबुका रुपमा चिनिने उनी कतिसम्म रङ फेर्न

2722

The choice is endless.

सक्छन् भन्ने पछिल्लो उदाहरण हालै सम्पन्न नगरनिर्वाचन भएको छ। बाबुको सपना साकार पार्ने भन्ने नाममा उनले नेपाली कांग्रेस (विपी) भन्ने दल नै खोलेका छन्।

## दुर्गा पोखरेल



विद्यार्थी कालमा नेविसंघको प्रखर नेताको हैसियतमा उनले राष्ट्रिय परिचय बनाएकी थिइन्। लामो अवधि अमेरिका तिरेको घरजम गरी बसेर बसाइँपछि नेपाल फर्कंदा पनि उनको आस्था चोइटिएको कसैले महसुस गरेका थिएनन्। शेरबहादुर देउवाको सरकारले महिला आयोगको पहिलो अध्यक्षको गरिमामय भूमिका पोखरेललाई नै सुम्पेको थियो। महिला आयोगमा प्रवेश गरेपछि शासनको भोक जागेकी पोखरेलले आफ्नो पहिचानलाई धराशायी बनाउँदै राजाको कित्तामा उभिएकी छन्। जिन्दगीभरको आस्थालाई तीलाञ्जली दिँदै राज्यमन्त्री बनेकी पोखरेल पद जोगाउन आन्दोलनविरुद्ध अभिव्यक्ति दिइरहेकी थिइन्। यद्यपि, उनका घनिष्ट मित्र निवर्तमान संचार राज्यमन्त्री श्रीसशमसेर राणाको भन्दा उनको परिचय धेरै नरम देखिन्छ।

## नारायणसिंह पुन



सेनाको कर्णेल हुँदा उनको परिचय अरू सहकर्मीहरूभन्दा कट्टर राजावादीको थियो। उनी शासनमा राजाको सक्रिय सहभागिता जरुरी मान्ने विचारका बलिया पक्षपाती थिए। अत्यन्त चतुर पुनले प्रजातन्त्रको पुनःस्थापनापछि जागिर छाडेपछि सत्ताधारी दल कांग्रेसमा छिरे। हेलिकोप्टरका मालिक र चालक भएका नाताले गिरिजाप्रसाद कोइरालाका किचेनसम्म पुग्न सफल पुनले दल फुटाउने बेला उल्लेखनीय योगदान गरेर दरवारलाई गुण लगाए। कांग्रेस विभाजनमा खेलेको भूमिकाको कदर गर्दै असोज १८ पछि चल्तापुर्जा मन्त्री बनेका पुनले केही वर्षदेखि माओवादीसँग निकटस्थ सम्बन्ध भएको देखाउँदै आएका छन्। सरकारमा नहुँदा त्रिपक्षीय सहमतिको पक्षपाती भएर उत्रने पुन वर्तमान मन्त्रिपरिषद्मा मौन सदस्य भएर बसेका छन्। उनको रङ परिस्थितिअनुसार तत्काल फेरिन सक्ने जानकारहरू बताउँछन्।

## टंक ढकाल



मन्त्रिपरिषद्मा कमल थापाको प्रवेशसँगै संचारमन्त्रीबाट स्थानीय विकासमन्त्रीमा पुऱ्याइएपछि ढकालको चर्चा कम हुँदै गएको छ। माघ १९ को केही महिना निरंकुशताको वकालतमा सबैलाई उछिनेका ढकाल राप्रपा विभाजनकालसम्म पनि उत्तिकै सक्रिय थिए। पछिल्लो कालमा उनीभन्दा पनि चर्को स्वरले निरंकुशताको गीत गाउन सक्नेहरूको प्रवेशले छायाँमा पारे पनि आन्दोलनलाई दमनबाटै सिध्याउनु पर्छ भन्ने धारणाका प्रवर्धनमा उनी सक्रिय रहे। जिल्ला विकास समिति र नगरपालिकाको बजेट आन्दोलनविरुद्ध खर्चने काममा उनको कौशल बढ्दै गएको थियो।

## निरञ्जन थापा



मन्त्री भए पनि थापा २०४६ को जस्तो आन्दोलन दबाउने प्रमुख भूमिकामा देखिएनन्। माघ १९ को अवैधानिक कदमको योजनाकारमध्ये मानिने थापा उनीभन्दा चरम अतिवादीहरूको कारणले खलनायकको सूचीमा तल परे, तर उनी सधैं कट्टर राजावादीको भूमिकामा रहे। पर्दा पछाडिबाट सुरक्षानिकायलाई आन्दोलनको विपक्षमा ल्याउने काममा उनी लागेका थिए।

## भरतकेशर सिंह



अतिवाद निरंकुशताको जग हो। धार्मिक अतिवाद निरंकुश राजतन्त्रको बलियो हतियार। राजालाई हिन्दु सम्राट वा भगवान्‌को अवतार भन्ने अन्धविश्वासको प्रचारमा तल्लीन रहेर सिंहले निरंकुशतालाई भरथेग गर्ने काममा कुनै कसर बाँकी राखेनन्। दलहरूविरुद्ध कपोकल्पित र भ्रामक लाञ्छना लगाएर सार्वजनिक मञ्चमा उत्रने जिम्मामा पनि उनी नै रहे।

## श्रीसशमशेर राणा



संचार राज्यमन्त्री बनेपछि श्रीसशमशेर राणा काका सत्चितशमशेरको भूमिकामा देखा परे। सत्चितको जस्तै सर्वत्र निन्दित छवि बन्यो उनको। कसैप्रति सामान्य शिष्टाचार देखाउने सभ्य स्वभाव समेत बिर्सिए झैं देखिएका श्रीस निरंकुश सत्ताको सबैभन्दा अतिभक्त देखिए। आन्दोलनलाई सबैभन्दा दुर्वाच्य प्रयोग गर्ने श्रीस जन्मजात निरंकुशताका पूजक हुन् नै।

## केशरबहादुर विष्ट



बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि धेरै पंचहरू कांग्रेस र कम्युनिष्ट बने। ललितपुरका केशरबहादुर विष्ट त्यस्ता सीमित पंचहरूमध्ये हुन्, जसले बहुदलमा छिरेकै केही वर्षमै सांसद बन्ने मौका पाए। त्यो पनि जनताको प्रत्यक्ष मतदानबाट छानिनु पर्ने कठोर बाटोबाट होइन। उनी दलका निर्वाचित पदाधिकारीले भोट हाल्ने नाम मात्रको निर्वाचनमा नेपाली कांग्रेसको टिकटमा राष्ट्रियसभाको सांसद बन्न पाए।

उनको महत्त्वाकांक्षा पूरा नभएपछि कांग्रेसबाट बाहिरिए। माघ १९ को कदमको घोषणापछि पनि उनी राजाको समर्थन वा विरोधमा उत्रेनन्। सन्तुलित व्यक्तित्व कायम राख्ने प्रयासमा रहिरहे। मन्त्रिपरिषद् पुनर्गठनबाट सरकारमा सामेल भएपछि उनीमाथि पनि द्वैध चरित्र धारण गरेको आरोप लाग्यो।

आमहडताल चलिरहँदा उनको नवनिर्मित दर्ल प्रजातान्त्रिक नेपाल पार्टीले समस्या




समाधानका लागि 'दमन होइन संवाद हुनु पर्छ' भन्ने धारणा सार्वजनिक गऱ्यो । धेरैले केही दिनमै उनी सरकारबाट बाहिरिने अनुमान लगाए, तर सहअध्यक्ष जनार्दन आचार्यको जोड र नाममा वक्तव्य आए पनि त्यो केवल 'च्याखे दाउ' भएको केही दिनमा नै पुष्टि भयो ।

## लोकमानसिंह कार्की



मुख्य सचिवको कुर्सीमा बसेर सत्चितशमशेर शैलीमा राजनीतिक भाषणमा उत्रने पात्र कुनै बेला कांग्रेसका अन्धभक्त थिए । पहिलो आम निर्वाचनपछि कांग्रेसी बनेकै कारण राजपरिषद्बाट अर्थ मन्त्रालयमा सरुवा, रोलक्रम मिचेर सहसचिवमा बढुवाका अवसर पाएका सिंहलाई सचिव बनाउनकै लागि ऐनको गलत व्याख्या गरेर नजिर बसालिएको छ । हुकुम प्रमाङ्गीबाट जागीर थालेका एवं प्रशासनिक इतिहासमा सबैभन्दा आकर्षक र सुविधासम्पन्न अवसर पाइरहेका कार्की माघ १९ पछि यु टर्न गरे ।

राजाको घोषणा समर्थन गर्न सचिवसम्मलाई कडा निर्देशन, दलहरूलाई गाली गलौजमा उत्रिइरहने कार्कीले नगरनिर्वाचनमा कर्मचारीको परिवारसमेत भोट हाल्न जानु पर्छ भनेर उर्दी नै लगाए भने आन्दोलनमा भाग नलिन कर्मचारीलाई थर्काए । कोइराला परिवारसँग निकटस्थ कार्की अहिले सत्ताधारीहरूलाई रिझाउने ताकमा लागिसकेको जानकारहरु बताउँछन् ।

## केशवराज राजभण्डारी

संवैधानिक परिषद्को सिफारिस फेरेर चोरबाटोबाट प्रमुख निर्वाचन आयुक्त बनेका केशवराज राजभण्डारी माघ १९ पछि दलहरूविरुद्ध लगातार विषवमनमा उत्रे । नगरनिर्वाचनका बेला संवैधानिक प्रमुखको मर्यादालाई नाघेर राजभण्डारी 'दलहरूले भाग नलिए पनि चुनाव गराएरै छाड्छु, दलहरूलाई हैसियत देखाइदिन्छु, राजाको समर्थनमा नआउने दल लोप भएर जान्छन्' जस्ता राजनीतिक घम्साघम्सीमा लागे । राजभण्डारीको भ्रष्ट चरित्र पछिल्लो केही महिनादेखि उदांगिँदै गएको छ ।

## युवराज भुषाल



नापी विभागका महानिर्देशक र कायम मुकायम भूमिसुधार सचिव युवराज भुषालले कर्मचारी आन्दोलन दबाउने हाकिमको रूपमा आफूलाई दर्ज गरेका छन् । आन्दोलनको निहुँमा २७ कर्मचारीलाई मनपरी ढंगले काठमाडौंबाहिर सरुवा गरेर उनले आफ्नो चरित्र उदांगो गरेका छन् । २०५५ सालमा एमालेले भ्रष्टाचारी घोषणा गरेपछि तत्कालीन कांग्रेस सरकारले संरक्षण दिएका भुषालले उसकै निगाहामा कोलकाताको महावाणिज्यदूतमा नियुक्तिसमेत पाएका थिए । आफूलाई लोकमानसिंह कार्कीको सच्चा उत्तराधिकारीको कोटामा राख्न रुचाउने भुषाल राजाको पछिल्लो शाही सम्बोधनपछि फेरि कट्टर प्रजातन्त्रवादी बनेका छन् । कांगेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको निकटस्थ नातेदार भएकाले दलहरूमा निकट हुन आफूलाई असजिलो नभएको भन्दै उनको चुरीफुरी यथावत् छ ।

## सुवर्णलाल श्रेष्ठ

'राइट म्यान एट राइट प्लेस' भन्ने व्यवस्थापनको सिद्धान्तलाई तीलाञ्जली दिँदै अर्थ मन्त्रालय ल्याइएका सहसचिव सुवर्णलाल श्रेष्ठले कर्मचारीको पोल लाउने काममा सक्रिय भूमिका निर्वाह गरेका थिए । प्रमुख निर्वाचन आयुक्तको निकटस्थ नातेदार भएको धक्कु र दरवारको आडमा कर्मचारीको हुर्मत लिन उनी महिनौंदेखि व्यस्त थिए । त्यसो त मल्लिक आयोगको प्रतिवेदनले समेत पोलेका व्यक्ति हुन उनी ।

## डा. हीराबहादुर थापा

सिनियरहरूलाई पन्छाएर मन्त्री रमेशनाथ पाण्डेको निगाहमा निमित्त परराष्ट्र सचिव बनेका हीराबहादुर थापा जनआन्दोलनविरुद्ध नाजायज तवरले उत्रने केही उच्चपदस्थ कर्मचारीमध्ये हुन् । मन्त्री र दरवारलाई रिझाएर पाँच सिनियर सहसचिवलाई पछारी कन्फर्म सचिव बन्ने अभिलाषाले उनी संस्थापनाको गुलामका रूपमा प्रस्तुत भएको आरोप छ । आन्दोलन निस्तेज पार्ने उद्देश्यले कर्मचारीको छड्के लिने, गयल गर्ने, रातो चिन्ह लगाउने काममा उत्रने उनी एकमात्र सचिव हुन् । ■

## नारायणगोपाल मलेगो

सूचना विभागका महानिर्देशक राजाको पक्षमा वकालत गरेर हिँड्ने औंलामा गन्न सकिने कर्मचारीमध्ये हुन् । विभागका कर्मचारी मात्र हैन प्रेस पास लिन आउने सामान्य पत्रकारलाई समेत 'राजालाई सहयोग गर्नु धर्म हो' भनेर तर्क गर्दै हिँड्ने मलेगोले दलहरूलाई जथाभावी गाली गर्ने गरेको उनका सहकर्मीहरू बताउँछन् । पत्रकार महासंघको विभाजनमा समेत उत्प्रेरकको भूमिका खेलेका मलेगो राजाको शासन सुरु हुनुअघि आकर्षक पदमा थिए । जानकारहरूका अनुसार उनी अहिले आफूलाई 'खुमबहादुर दाइको मान्छे' भन्दै प्रचार गराइरहेका छन् ।

## राष्ट्रिय पत्रकार महासंघ

राजाको फुटाउ र राज गर नीतिलाई सघाउ पुऱ्याउँदै बनेको राष्ट्रिय पत्रकार महासंघले पत्रकारिताको आधारभूत पेसागत धर्मसमेत छाडेर स्तुति गानमा तल्लीन रह्यो । पत्रकारहरूमा विभाजन छ भन्ने सन्देश दिने काममा समेत यो विघटनलाई प्रयोग गरियो ।

## राजपरिषद्

राजालाई सक्रिय शासनमा निरन्तर उक्साइरहने राजपरिषद्ले अझै सक्रिय राजाको पक्षमा बहस गर्न छाडेको छैन । अतिवादी चरित्र देखाउँदै आएका राजाले यसमा चासो नदिएजस्तो देखिएको छ पछिल्ला दिनमा । ■






प्रश्न ? होइन उत्तर !

■ विजय कुमार

राजाको घोषणा जनताको जित त हुँदै हो साथै यो आन्दोलनकारीलाई चुनौती पनि हो, गरेर देखाउने चुनौती ।

# आन्दोलनकारीलाई चुनौती

**जे कुरा धेरैपल्ट** टेलिभिजनबाट भनिसकें, आज त्यही कुरा लेख्दै छु । नेपालमा भएको के भने एक प्रकारको नेपाल मरेर अर्को नेपाल जन्म हुने प्रक्रियामा छ । जुन नेपाल मर्दै छ, त्यसका केही सकारात्मक पक्ष भए पनि समग्रमा त्यो नेपाल अधिकांश मुलुकवासीका निम्ति हितकर थिएन । ज्यादै थोरै मानिसले ज्यादै धेरै मानिसमाथि शासन गर्थे । 'सिटी सेन्ट्रिड कन्ट्री'बाट अब नेपाल आधुनिक अर्थमा राष्ट्र (नेसन स्टेट) हुने प्रक्रियामा छ, तर यो प्रक्रिया यति जटिल र संवेदनशील छ, होसियारी पुऱ्याइएन भने नेपालको अस्तित्व विखण्डित हुन सक्छ । हरेक व्यक्ति र मुलुक आफ्नो जीवनकालमा यस्ता अवस्थाबाट गुज्रने गर्दछ । फरक यति मात्र हो कोही देश (वा मान्छे) यात्राको यस खण्डमा सफलतापूर्वक परीक्षा पार गर्दछन्, कतिपयचाहिँ यसै खण्डमा आएर अनुत्तीर्ण भएर लड्दछन् । पुरानो भनाइ छ, 'आन्तरिक द्वन्द्वबाट नगुज्रिएको देश र प्रेममा नफसेको युवक (वा युवती) परिपक्व हुँदैन ।' देश पनि मान्छेजस्तै हो - यसका पनि राम्रा र नराम्रा दिन आउँछन् । यही प्रक्रियामा परेर कोही देश परिपक्व राष्ट्र बन्छन् भने कतिपय त्यसै बर्बाद हुन्छन् । अहिले नेपाल वास्तविक अर्थमा आधुनिक राष्ट्र (नेसन स्टेट) हुने प्रक्रियामा प्रवेश गरेको छ ।

कुनै दिन विपी कोइरालाले भने, 'नेपाल अझै आधुनिक अर्थमा राष्ट्र बनेको छैन ।' सुनेर कथित राष्ट्रवादीहरू दशकौंसम्म उफ्री उफ्री विपीलाई सरापे । साढे पाँच दशकका घटनाक्रमले प्रमाणित गरेको छ कति सही थिए विपी । कथित 'राष्ट्रवादी'हरू वा कथित राजावादीहरू (राजालाई संकट पर्ने बित्तिकै गायब हुने, राजाका दिन राम्रा भए पञ्चेबाजा बजाएर ठग्ने वा सिडिओ, पुलिस, सैनिक अघि सारेर राजनीति गर्ने जमात)हरूको त कुरै छाडौं स्वयं राजालाई नै 'राजसंस्था'का मूलभूत मान्यताका विषयमा कुनै ज्ञान भएजस्तो लाग्दैन ।

राजा राजसंस्थाको सार्वजनिक अनुहार हो- पब्लिक फेस । राजा राजसंस्थाको सर्वाधिक महत्वपूर्ण तत्त्व हो, तर राजा मात्र राजसंस्था होइन । नेपाली सन्दर्भमा अझ भनौं राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका उपदेशको सन्दर्भबाट हेर्ने हो भने, आम जनता, कर्मचारी, दरवारिया र भारदार आदि सबैको प्रतिनिधित्व गरेको हुनु पर्छ राजसंस्थाले । राजा सबका साझा भन्ने लोकोक्ति त्यसै उत्पन्न भएको होइन । राजा साझा नभएको दिन (वा जनताले साझा नमानेको दिन) राजतन्त्रको सान्दर्भिकता आफै समाप्त भएर जान्छ । राजा हुनु अत्यन्तै सजिलो छ, राजधर्मको पालना गर्नु धेरै बोझिलो काम हो । आधुनिक युगका बदलिँदा आकांक्षा र राजसंस्थाजस्तो परम्परागत संस्था एकैसाथ हिँडाउन सक्नु राजाहरूका निम्ति लगभग असम्भवप्रायः काम हो । त्यसैले त भनाइ छ- कालान्तरमा पाँचवटा मात्र राजा संसारमा हुनेछन्, चारवटा तासको पत्तामा र एउटा बेलायतमा । संसारमा राजतन्त्रको अवधारणा एउटा पुरातनवादी मान्यता हो । र, कुनै अन्य कुरा जस्तै यो पनि समयसापेक्ष छ । समयसापेक्ष हुन सक्यो, टिक्यो होइन भने गयो । राजा वीरेन्द्रले मलाई दिएको एक दुर्लभ अन्तर्वार्ताका अंश यस्ता थिए, 'विजय, अन्य कुनै पनि कामझैं नेपालको श्री ५ हुन पनि एउटा काम र कर्तव्य हो । अन्य कुनै पनि कामझैं यो काम गर्ने दुई तरिका छन् । यो कर्तव्य राम्रोसित जिम्मेवारीका साथ पनि गर्न सकिन्छ र यही कामलाई गैरजिम्मेवार तरिकाबाट गरेर बिगार्न पनि सकिन्छ ।' मौसुफको थप भनाई थियो, 'राजा हुने कामसित एकातिर केही ऐतिहासिक र परम्परागत दायित्व पनि साथ साथै आएका हुन्छन् र अर्कोतिरबाट समयको बदलिँदो परिस्थितिका कर्तव्य पनि रहन्छन् । यी दुईलाई मिलाएर चल्न सक्नु नै राजसंस्थाको कर्तव्य हो ।'

जनआन्दोलन २०६३ का दौरानमा हामीले के देख्यौं भने राजसंस्थाको सार्वजनिक अनुहार अर्थात् राजा ज्ञानेन्द्रले नेपाली जनताका आकांक्षालाई सारै नै अवमूल्यन गरेर बसेका रहेछन् । जनआकांक्षाको अवमूल्यन गरेबापत राजा ज्ञानेन्द्रले चर्को मूल्य तिर्नु पर्ने स्वभाविक थियो । उनले पहिलो घोषणाबाट जे दिए, 'टु लिटिल टु लेट' भयो । त्यही कुरा एक साताअघि दिएको भए राजाको सदासयता मानिन्थ्यो, बाध्यता होइन । आधुनिक युगका समस्याहरूका सन्दर्भमा भन्ने हो भने, नेपाली दरवारका अधिकांश ठूला भारदार र कर्मचारी मूर्ख छन् । जो मूर्ख छैनन् ती कायर छन् । जो कायर छैनन् ती अयोग्य छन् । यस्ता मानिस भरिएको संरचनाले आधुनिक आकांक्षाको भेल लामो थाम्न सम्भव थिएन, थामेन । तुलसी गिरी धेरै वर्षअघि भन्थे, 'नेपालका राजाहरूको विचित्र चरित्र हुन्छ । दबाब दिएको मनै नपराउने, दबाब नहाली कामै नगर्ने ।' यसो भन्ने बेलामा डा. सा'ब कुनै पदमा थिएनन्, स्वभाविक रूपमा ।

खैर पुराना कुरा यही थाती राखेर भविष्यतिर लागौं, तर विगतमा जे भयो सबै खराबै भयो अब जे हुन्छ 'रामराज्य' हुन्छ भन्ने जस्तो वाहियात भ्रमबाट भने सबै मुक्त हुनु जरुरी छ । नेपाली इतिहासका कतिपय पक्षप्रति गर्व गर्ने यथेष्ट ठाउँ छन् । सालिक भत्काएर वा देश छोड भनेर उत्तेजना बढाउन सकिन्छ, तर आम जनताका समस्या समाधान हुनेवाला छैनन् । हिजोका दिनमा विपी कोइराला वा पुष्पलाललाई देश छाड्न लगाएर कुनै महान् बहादुरी दरवारियाहरूले देखाएका थिएनन् । त्यस्तो बहादुरी फेरि एकपटक प्रदर्शित गरेर हामीले मूर्खताको अध्याय दोहोऱ्याउनेबाहेक केही गर्नेछैनौं । (यसको अर्थ जनआन्दोलनमा सीमा नाघेर क्रूरता प्रदर्शन गर्नेहरूलाई कानुनी उन्मुक्ति दिनु पर्छ भन्ने नलागोस्) । साथै राजा र उनका मूर्ख सल्लाहकारहरूले यो कुरा आत्मसात गर्नु जरुरी छ, वर्तमान युगमा शासन गर्ने राजाको कुनै स्थान हुनेछैन । साथै एउटा अर्को विषयमा सबै प्रस्ट हुनु जरुरी छ, सारा समस्याको जड राजतन्त्र मात्र नभएकाले यो नरहनेबित्तिकै वा सेरेमोनियल हुनेबित्तिकै भोकाले खाना, नांगाले लुगा र अधिकारविहीनले अधिकार पाउने कुनै ग्यारेन्टी हुनेछैन । यो संसारमा राजा भएका मुलुकमा पनि सार्थक प्रजातन्त्र छ र यही संसारमा राजा नभएका मुलुकमा पनि दुःखको सागर छ, तर नेपालमा राजतन्त्र जुन स्वरूपका साथ रहँदै आएको थियो त्यो स्वरूपको निरन्तरताले आधुनिक नेपालका समस्या थेग्न सक्ने सामर्थ राख्दैन भन्ने कुरा राजाको प्रत्यक्ष शासनको एक वर्षले प्रमाणित गरेको छ । अब घडी घडी हरेक पुस्ताले यही कुरा प्रमाणित गर्न संघर्ष गर्नु कहिले नपरोस् । राजाको घोषणा जनताको जित त हुँदै हो साथै यो आन्दोलनकारीलाई चुनौती पनि हो, गरेर देखाउने चुनौती । माओवादी आन्दोलनको हिंसाका तमाम नकारात्मक पक्षबाहेक त्यस आन्दोलनले कतिपय यस्ता विषय उठाएको छ जसको समाधान नभए जनतामा देखिएको अभूतपूर्व उत्साह क्षणिक मूतको न्यानो साबित हुनेछ । गाउँ गाउँबाट र बस्ती बस्तीबाट मानिस उठे । यिनीहरू शान्त, समृद्ध र स्वाभिमानी नेपालका निम्ति उठेका छन् । यिनीहरूलाई निराशामा सुत्न नदिने मूल जिम्मेवारी राजनीतिक नेतृत्वको हो । सारा मुलुकमा नै आँधीबेरी ल्याउने आन्दोलन गर्न, गराउन गाह्रो छ, तर आन्दोलनका लक्ष्य जनताले महसुस गर्ने स्तरमा पुऱ्याउन त्योभन्दा कता हो कता चुनौतीपूर्ण छ । २०४६ सालपछि गणेशमानजीले भनेका थिए, 'राजनीतिक क्रान्तिको लक्ष्य त पूरा भयो तर माने अब आर्थिक र सामाजिक क्रान्ति गर्न सकिएन भने माने सबै थोक व्यर्थ हुनेछ ।' कति सही थिए गणेशमानजी, त्यस बेला । कति सही छन् गणेशमानजी, आज पनि । ■



# लोकतन्त्रको बाटो

■ युवराज घिमिरे/काठमाडौं
■ तस्वीरहरू : भास्वर ओझा र तेजबहादुर बस्नेत

**सशस्त्र बल, जनपद प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसहितको निर्णयपछि प्रधानसेनापतिले केही कुटनीतिक नियोगका प्रमुख, राजा र साल दलका नेता गिरिजाप्रसाद कोइरालासमक्ष सेतो झन्डा उठाएका थिए। त्यसको भोलिपल्ट राजाले राज्यशक्तिको स्रोत जनतामा नै राजकीय अधिकार र सार्वभौमसत्ता रहेको स्विकार्दै आन्दोलनले अभिव्यक्त गरेका सन्देश र सात राजनीतिक दलहरूको मार्गचित्रअनुसार प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरेका हुन्।**

अमेरिकी सिनेटर प्याट्रिक लेहीले नामै काढेर त्यहाँको सिनेटमा भने, 'अमेरिकाबाट तालिम हासिल गर्दा प्रजातान्त्रिक मूल्य र मान्यता सिकेर गएका प्यारजंग थापा ती मूल्य र मान्याविपरीत जानु हुँदैन।' त्यो वक्तव्यले प्रधानसेनापति थापालाई कति प्रभावित गर्‍यो भन्न सकिँदैन, तर धेरै नबोल्ने थापाले अन्ततोगत्वा त्यो भूमिका खेले।

डा. तुलसी गिरीको नेतृत्वको राजनीतिक समिति र त्यसबाट प्रधानसेनापति थापाको सुरक्षा समितिले शनिवार स्वतन्त्र निर्णय लियो - अब दलहरूलाई मान्य हुने निर्णय राजाले नलिए स्थिति अनियन्त्रित त हुन्छ नै, राजालाई पनि बचाउन सकिँदैन। सशस्त्र बल, जनपद प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसहितको निर्णयपछि प्रधानसेनापति स्वयंले केही कुटनीतिक नियोगका प्रमुख, राजा र साल दलका नेता गिरिजाप्रसाद कोइरालासमक्ष सेतो झन्डा उठाएका थिए। त्यसको भोलिपल्ट राजाले राज्यशक्तिको स्रोत जनतामा नै राजकीय अधिकार र सार्वभौमसत्ता रहेको स्विकार्दै आन्दोलनले अभिव्यक्त गरेका सन्देश र सात राजनीतिक दलहरूको मार्गचित्रअनुसार राज्यसंचालन गर्ने अभिभारा गठबन्धनलाई सुम्पिन प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरेका हुन्।

वैशाख ११ गते आएको तेस्रो शाही घोषणा पहिलो घोषणाभन्दा धेरै अर्थले भिन्न थियो। राजाले आन्दोलनमा भएको धनजनको क्षतिप्रति चिन्ता गर्दै ज्यान गुमाउनेहरूमा श्रद्धाञ्जली र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरे।

यसबीच राजाको भेटघाट खासगरी भारतीय राजदूत शिवशंकर मुखर्जीसँग असामान्य रूपमा भइराख्यो - एक सातामा चारपल्ट। त्यो शृंखलाको अन्तिम भेट (शनिवार राति)मा राजाले आफूले जनआन्दोलनको मर्म र सात दलको मार्गचित्रअनुरूप काम गर्ने मन बनाएको स्पष्ट पारेका थिए। आइतवार अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीसँगको भेटमा पनि उनले त्यही संकेत दिएका थिए।

वास्तवमा त्यसको ठिक एक साताअघि मोरियार्टीसँगको भेटमा राजाले स्थिति काबुमा ल्याउन अन्तिम बल, परे संकटकाल र 'मार्सल ल' लगाउने मन बनाएको स्पष्ट पारेपछि मोरियार्टीले राजालाई चेतावनी दिएका थिए - त्यस्तो अवस्थामा राजसंस्थाको अस्तित्व धेरै लामो नहुनेबारे। मुलुकको सुरक्षा समिति झन्डै त्यही निष्कर्षमा पुगिसकेको थियो।

राजाले जुन दिन प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरे त्यही दिन उनले भारतका पूर्व विदेशमन्त्री तथा पारिवारिक मित्र जसवन्त सिंहलाई बोलाएका थिए भारत सरकारको नेपाल नीतिको आलोचना गर्न। भारतीय जनता पार्टीका नेता लालकृष्ण आडवाणी र जसवन्त सिंहले भारत सरकारमाथि नेपालका माओवादीप्रति नरम रवैया देखाएको आरोप लगाउँदै आएका छन्, तर जसवन्त सिंहलाई भारत सरकारले राजाको समर्थन गरेको नदेखिन आग्रह गरेपछि उनले भ्रमण रद्द गरेका थिए अन्तिम समयमा। जसवन्त सिंह विदेशमन्त्री छँदाखेरि नै भारत सरकारले माओवादीलाई 'आतंकवादी' घोषित गरेको थियो, नेपालले गर्नुभन्दा पहिले नै।

अर्थात् अन्तिम समयसम्म पनि आन्दोलन दबाउन सकिने सूचना राजाले राजनीतिक समिति, भिजिलान्ते समूह र उनका कट्टरपन्थी अन्धसमर्थकहरूबाट पाउँदै आएका थिए, तर सुरक्षा समितिले निष्कर्ष जाहेर गरेपछि राजा रक्षात्मक बन्न पुगेका थिए। प्रदर्शनकारीहरूद्वारा राजदरवार घेरिने सम्भावना बढ्दा नारायणहिटीका चारै दिशामा ट्यांकहरू तेर्स्याइए। दरवारभित्र राजा आन्दोलनको वेग र जनताको सर्वोच्चता स्वीकार गर्दै वक्तव्य लेख्ने क्रियामा जुट्न थाले। सोमवार राति ११:३० को उनको सम्बोधनको भाषामा दरवारको छायाँ त थिएन नै, सात दलका मार्गचित्रलाई मुलुकको मार्गचित्रका रूपमा पनि उनले स्वीकार गरे।

'यो नेपाली जनताको महान् विजय हो', भारतले भन्यो। अमेरिका, जापान, युरोपेली संघ र अब चीनले पनि राजा र दलहरूबीचको वर्तमान सहमतिलाई स्वागत गरेका छन्। भारतीय प्रधानमन्त्री मनमोहन सिंहका विशेषदूत डा. करण सिंहले भारत फर्कनेबित्तिकै संविधानको धारा ३५(२) अन्तर्गत सरकार बनाउन सात दललाई राजाले गरेको आमन्त्रण पर्याप्त भएको बताए पनि त्यसको भोलिपल्टै विदेशसचिव श्यामशरणले नेपाली जनताले गरेको निर्णय भारतका लागि स्वीकार्य हुने घोषणा गरे। राजाको पहिलो घोषणालाई अस्वीकार गरी आन्दोलनलाई जनताले तीव्रता दिइरहेका बेला श्यामशरणको धारणा एउटा दरिलो समर्थनका रूपमा आएको थियो सात दलका लागि। र, सम्भवतः त्यसले नै राजालाई सोमवार बाध्यात्मक स्थितिमा पनि पुर्‍यायो।

आन्दोलनको उन्नाइसौं दिनसम्म १६ जनाको ज्यान गएको थियो भने करिब पाँच हजार घाइते भएका थिए। आन्दोलनको सन्देशलाई बेवास्ता गरेर सम्झौता गर्ने आँट कसैमा थिएन। तर सोमवार राजाको सन्देश स्पष्ट थियो। त्यसैले बीसौं दिन अर्थात् मंगलवार आन्दोलनकारीहरू स-साना जुलुसमा तर खुसियालीको 'मुड'मा नेताहरूका घरघरमा नारा लगाउँदै पुगे, 'सांसद मात्र बनौला, संविधानसभा बिर्सौला।'

'हामी आन्दोलनको सन्देश र बाह्रबुँदे समझदारीप्रति पूर्ण प्रतिबद्ध छौं', कांग्रेस नेता कोइरालाले प्रदर्शनकारीहरूको समूहलाई भने। सात दलका शीर्षस्थ नेताहरूले एमालेका माधवकुमार नेपाल र कांग्रेस प्रजातान्त्रिकका शेरबहादुर देउवाद्वारा कोइरालालाई प्रधानमन्त्रीका रूपमा चुन्न राखेका प्रस्तावलाई एकमतले स्वीकार गरे। होलेरीमा सेनाको अवज्ञाका कारण राजीनामा दिएका कोइराला झन्डै ५६ महिनापछि प्रधानमन्त्री बन्न पुगे। राजाबाट भ्रष्टाचारमा फसाउन र खास गरी मन्त्रीका रूपमा रमेशनाथ पाण्डेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखमाथि कोइरालालाई मुद्दा चलाउन दिइएको दबाब कार्यान्वयन हुनुपूर्व नै कोइराला नेतृत्वमा आए थप राजनीतिक र नैतिक हैसियतका साथ।

प्रधानमन्त्रीका रूपमा उनको छनोट अनपेक्षित थिएन। प्रतिनिधिसभा विघटनदेखि नै उनको एक्लो



प्रतिनिधिसभा पुनःस्थापना लगत्तै बसेको सात दलको बैठकमा नेताहरू

**माओवादी सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधान, आर्थिक पुनरुत्थान र प्रगति अरू महत्त्वपूर्ण चुनौतीका रूपमा आएका छन् कोइराला सरकारका लागि । यो अवस्था माओवादीका लागि पनि परीक्षणको घडी भएको छ – आन्दोलनको सन्देश स्वीकार गर्न ।**

रट थियो पुनःस्थापना । सात दल र माओवादीबीच मंसिरमा भएको बाह्रबुँदे समझदारीमा समेत प्रतिनिधिसभा पुनःस्थापनाका लागि कोइरालाले अडान लिएका थिए । तर कोइराला र सात दल समूहलाई माओवादी नेता प्रचण्ड र बाबुराम भट्टराईले आक्रोशित तुल्याए वैशाख १२ गते, जब उनीहरूले राजाको सोमवारको घोषणा र त्यसप्रति सात दलको स्वागतलाई अस्वीकार मात्र गरेनन्, बाह्रबुँदे समझदारीप्रतिको धोखा पनि ठहर गरे । आन्दोलन, खासगरी राजधानी तथा जिल्ला सदरमुकामको नाकाबन्दीलाई संविधानसभाको निसर्त घोषणा नभएसम्म जारी राख्ने अडान लिएर माओवादी नेताहरू संविधानसभाका लागि पूर्ण श्रेय लिन चाहन्थे । तर, कोइरालाको आग्रहमा उक्त आन्दोलन शुक्रवारसम्मका लागि रोकिएको घोषणा भोलिपल्ट प्रचण्डले गरे ।

'यो राजनीतिक अपरिपक्वता र चलाखी हो । संविधानसभाको निर्वाचन त्यो बेलासम्म हुनु हुँदैन जबसम्म माओवादीको हतियार बुझाउने कार्य पूरा हुँदैन', कांग्रेस कार्यकारिणी सदस्य डा. रामशरण महत भन्छन् । त्यस्तै मत अर्का केन्द्रीय सदस्य अर्जुननरसिंह केसी पनि राख्छन् ।

तर माओवादीहरू तत्काल वार्तामा नआए उनीहरू पनि राजाजस्तै अलोकप्रिय हुन सक्ने अनुमान पनि धेरैले गरेका छन् । दुई दिनमा दुईवटा अडान – पहिलो राजाको घोषणालाई अस्वीकार तथा खारेज गर्नु र दोस्रो त्यसलाई शुक्रवारसम्म स्थगित गर्नु आफैमा विरोधासपूर्ण देखिन्छ । तर, खासगरी भारत र माओवादीलाई राष्ट्रिय राजनीतिमा शान्तिपूर्ण तरिकाले प्रवेश गर्न दबाब दिँदै आएका भारतको मार्क्सवादी कम्युनिष्ट पार्टी

# सित्तैमा आउँदैन स्वतन्त्रता

■ **नवीन जोशी**

**आज सबै नेपाली** उल्लास र आवेशमा छन् । अपेक्षा, संयम, गर्व, चिन्ता, विश्वास र अविश्वास देखिन्छ सर्वत्र, तर एउटा उल्लासको वातावरण राम्रैसँगै देख्न सकिन्छ । एकीकरणका २४ दशकमा त्यस बेला लादिएको सामन्तवादले कुनै न कुनै रूपमा निरन्तरता पाइरहेकै छ । व्यवहारमा लागू छ, जारी छ सामन्तवाद अझै पनि । आउँदा केही समयमा पनि हाम्रो दिमागमा जरो गाडेको यो सामन्तवाद जारी रहनेछ । तर, जनताको उत्थानको मार्गमा त्यो सबभन्दा ठूलो चुनौती हो भनी बुझ्नु पर्छ, सबै नेपालीले यसमा अलिकति पनि चेतना छ । यसबारे पहिलेभन्दा बढी सचेत हुनु आवश्यक छ हामी सबै ।

नेपाली इतिहासमा २०६३ वैशाख, ११ गते निर्णायक साबित भएको छ । यसका लागि असल नियतका धेरै व्यक्तिहरू सहायक बनेको तथ्य हामीले स्विकार्नु आवश्यक छ, तर अन्ततोगत्वा जनउत्थानका स्रोतहरू नेपालभरि छरिएका नेपालीहरू नै हुन् भन्ने साबित पनि भएको छ । यो तथ्य हाम्रो भावी इतिहासमा अंकित हुने पर्छ ।

तर, जनउत्थानको यो चरणले ठूलो र चर्को सन्देश पनि दिएको छ – आत्म समीक्षापछि एउटा मन्त्रलाई हामी सबैले मान्नु पर्छ, स्वतन्त्रता सित्तैमा आउँदैन । अर्थात् त्यसको ठूलो मूल्य चुकाउनु पर्छ । यो चरणका स्वतन्त्रताका लागि धेरै मूल्य चुकाइएको छ । हुन सक्छ, यसरी हासिल गरिएको प्रजातन्त्र सुरक्षित राख्न र अघि बढाउन अझ बढी बलिदानको आवश्यकता पर्ला । त्यो प्रजातन्त्रलाई बढी उचाइ दिन र नेपालमा प्रजातन्त्र मासिएन भनी सन्देश दिन त्यस्तो मार्गको आवश्यकता पछि पनि पर्नेछ । र, हामीद्वारा प्रजातन्त्रलाई सम्भावित सबै क्षेत्रमा अपनाइएको सन्देश पनि अब आउनै पर्छ सर्वत्र । उचित मार्गमा अगाडि बढ्नु र सह-अस्तित्व सुनिश्चित गर्ने क्रममा कसैप्रति दुराग्रह राख्नु हाम्रो अर्को चुनौती हुनेछ । बेलायतका तत्कालीन शिक्षामन्त्री रबर्ट लोवे प्रजातन्त्रलाई बेलायतभरि विस्तार गर्न पेस 'रिफर्म एक्ट'को पक्षमा बोल्दा व्यक्त विचार उद्धृत गर्नु सान्दर्भिक देखिन्छ । 'प्रजातन्त्र शान्तिपक्षीय हुन्छ, युद्धमा होमिन ऊ चाहँदैन अनि झट्टै उक्साहटमा पनि आउँदैन, तर तरवार समात्नै पर्ने गरी ऊ उक्सियो भने त्यो परिस्थिति उत्पन्न गर्ने शत्रुलाई पनि उसले सहजै माफ गर्दैन ।' लो अगाडि भन्छन्, 'असहज कुरा हो यो, प्रजातन्त्र विशाल कोठा जत्रो शरीर तर आलपिनको टाउको जत्रो गिदी भएका

(सिपिएम)का पोलिटब्युरो सदस्य सीताराम येचुरी अहिले मिसनमा बढी नै सक्रिय देखिन्छन् ।

यसैबीच प्रधानसेनापति प्यारजंग थापाले शाही नेपाली सेनामा माओवादी सेना समायोजन हुन सक्ने धारणा व्यक्त गरेर माओवादीका मागहरूको समाधानमा सेना बाधक नहुने संकेत दिएका छन् । त्यति मात्र हैन आन्दोलनको उन्नाइसौं दिनमा सेनाका एकजना बहालवाला जर्नेलले कोइरालालाई भेटी सेना जनभावनाको विरोधी नभएको तथा भावी सरकारलाई पूर्णरूपमा सहयोग गर्ने आश्वासन पनि उनले दिएका थिए ।

अर्थात् राजालाई झुक्न र यथार्थ स्वीकार गर्न दबाब दिएपछि सेनाले प्रजातान्त्रिक सरकारप्रति सकारात्मक देखिने कोसिस गरेको छ । तर, कोइराला सरकारको चुनौती सेना र संसद्को सम्बन्धलाई पुनः परिभाषित गर्नुमा मात्र सीमित छैन । माओवादी सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधान, आर्थिक पुनरुत्थान र प्रगति अरू महत्त्वपूर्ण चुनौतीका रूपमा आएका छन् कोइराला सरकारका लागि । यो अवस्था माओवादीका लागि पनि परीक्षणको घडी भएको छ - आन्दोलनको सन्देश स्वीकार गर्न ।



आन्दोलनको सफलता यति छिटो आउला या राजा यति छिटो झुक्लान् भन्ने अनुमान सम्भवतः उनीहरूले गरेका थिएनन् । दलहरूमाथि समानान्तर सरकार बनाउन जोड दिइरहेका माओवादी के कुरामा आश्वस्त देखिन्थे भने आन्दोलन लम्बिएमा सामानान्तर सरकारको गठन टार्न सकिन्न । र, त्यो अवस्थामा कम्तीमा आधा जिल्लाहरूमा सरकारको नेतृत्व उनीहरूको हातमा आउनेछ, अर्थात् सात दल गठबन्धन 'जुनियर पार्टनर' बन्नेछ । तर, त्यो हुनुपूर्व नै आन्दोलन सफलतामा पुगेकाले माओवादीले आन्दोलनबाट अपेक्षित फाइदा लिन सकेनन् । बरु अमेरिकी दूतावासका चारवटा गाडीहरूमाथि आन्दोलनकारीहरूद्वारा हमला हुँदा माओवादीद्वारा युद्धविराम नभएसम्म मुलुक सुरक्षित नहुने धारणा अमेरिकाले बनाएको छ । यसको लगत्तै अमेरिकी दूतावासले आपत्कालीन सेवाबाहेक अरू विभागमा खटिएका आफ्ना कर्मचारी र उनीहरूका आश्रितहरूलाई तत्काल अमेरिका फर्कन निर्देशन दियो । अर्थात् कोइराला सरकारले माओवादीविरुद्धको 'रेडकर्नर' नोटिस फिर्ता लिन आग्रह गरे पनि अमेरिकाले माओवादीको व्यवहार सुध्रिएको प्रमाण नपाएसम्म माओवादीलाई आतंककारीकै सूचीमा राखी नै रहने देखिन्छ । र, यही नै चुनौती हुनेछ माओवादी र कोइराला सरकारका लागि । राजासँगको युद्धमा प्रजातन्त्रवादी शक्तिको विजय भएको छ । के माओवादी पनि प्रजातन्त्रको लागि हार्न तयार होलान् त ? ■

**प्रजातन्त्र शान्तिपक्षीय हुन्छ, युद्धमा होमिन ऊ चाहँदैन अनि झट्टै उक्साहटमा पनि आउँदैन, तर तरवार समात्नै पर्ने गरी ऊ उक्सियो भने त्यो परिस्थिति उत्पन्न गर्ने शत्रुलाई पनि उसले सहजै माफ गर्दैन ।**

प्रागैतिहासिक राक्षसहरूसँग असहज तरिकाले फरक हुन्छ ।'

'तपाईंलाई आश्चर्य लाग्ला विवेकहीन उदासीनताबाट अगाडि बढ्दै धार्मिक खफ्कीको मार्गमा जानुको साटो प्रजातन्त्रले यसअघि के भइरहेको थियो र त्यसबाट उत्पन्न परिस्थिति रोक्न बुद्धि खियाएको भए राम्रो हुँदैनथ्यो ?'

उल्लासको यो वेगमा समस्त नेपालीले प्रतिशोध र बदलाको भावनाले ठाउँ नपाओस् भनी सुनिश्चित गर्नु पर्छ । समानान्तर अदालतको लागि ठाउँ नहोस् किनकि त्यो विधिको शासनको सर्वोच्चताविपरीत हुनेछ ।

हुन सक्छ, यसका लागि महात्मा गान्धीको संयम आवश्यक पर्ला । र, यदि साँच्चै त्यसले अर्को जनआन्दोलनलाई औचित्यहीन बनाउँछ भने त्यस्तो हुनु एकदमै राम्रो हुनेछ । हाम्रो आक्रोशले हाम्रो संयम र सन्तुलनलाई पछारेकोमा हाम्रो भावी पुस्ताले हामीलाई सराप्ने अवस्था वातावरण बन्नु हुँदैन । संयम र सन्तुलन अप्ठेरो अवस्थाका महत्त्वपूर्ण साथी हुन्, जसलाई हामीले त्याग्नु हुँदैन । बरु अब हामीले सगरमाथा जस्तो विशाल प्रजातन्त्रको जग हाल्नपट्टि त्याग्नु पर्छ । यसले नेपालमा समानताको सिद्धान्तमा आधारित विकास सुनिश्चित गर्छ । यो तुरुन्त नहोला, तर आउँदा वर्षमा अवश्य हुनै पर्छ ।

त्यसका लागि राजनीतिक दलहरू, माओवादी, अन्तर्राष्ट्रिय शुभेच्छुकहरू खासगरी सीमावर्ती मुलुकहरूले नेपालीलाई सौहार्दपूर्ण वातावरणमा काम गर्दै उनीहरूले हाम्रो अर्थतन्त्रको 'मूल्य' बढाउनमा मद्दत गरून् जसले अर्थतन्त्रमा बढीभन्दा बढी नेपाली प्रत्यक्ष सरोकारवाला बन्न सकून् ।

जति बढी संयम नेपालीले अपनाउँछन् र जनउत्थानमा उत्तरदायित्वपूर्ण तरिकाले सक्रिय हुन्छन्, त्यति नै जिम्मेवारीपूर्ण तरिकाले जननिर्वाचित प्रतिनिधि र सरकारको कार्यकारिणीले जनताप्रतिको आफ्नो दायित्व पूरा गर्ने अपेक्षा गरिन्छ । र, त्यसमा राजाका लागि कस्तो ठाउँ हुनु पर्छ (या पर्दैन) त्यो जनताले निर्णय गर्ने कुरा हो ।

मेलमिलापको 'स्पिरिट', विभाजित मानसिकतालाई जोड्दै शान्ति र सुशासन स्थापित गर्नु सर्वाधिक महत्त्वपूर्ण विषय हुन् हाम्रा लागि । लक्ष्य गोसाइँ कुण्ड जस्तो छर्लंग भएपछि अर्को महत्त्वपूर्ण माध्यम शासनमा उपयुक्त व्यक्तिहरूको भूमिका र प्रक्रिया या शैली हुन् । तर, माध्यम सुल्झाउनै नसकिने विवादको विषय बन्दैन लक्ष्य स्पष्ट हुँदा । अन्यथा इतिहासले फेरि हामीलाई माफ गर्नेछैन । ■

**नेपाली समाजको वर्तमान आवश्यकता सामन्ती राजतन्त्रको पूर्ण उन्मूलन र लोकतान्त्रिक गणतन्त्रको स्थापना हो भन्ने विषयमा आम सहमति बनिसकेको छ । राजतन्त्र रहुन्जेल न लोकतन्त्र सुरक्षित हुन सक्छ, न शान्ति स्थापना हुन सक्छ, न सामाजिक, आर्थिक, सांस्कृतिक अग्रगमन नै हुन सक्छ । यो कुरा २००७ सालदेखि यता पटकपटक पुष्टि भएको छ ।**



डा. बाबुराम भट्टराई

# 'क्रान्तिविना शान्ति दै मखुः'

**माओवादी–संसद्वादी** बाह्रबुँदे समझदारीको आधारमा संचालित र विभिन्न तह र तप्काका जनसमुदायको व्यापक सहभागिता रहेको यो ऐतिहासिक जनआन्दोलनबारे विभिन्न आन्दोलनकारी पक्षहरूको फरक फरक दृष्टिकोण रहनुलाई अन्यथा मान्नु हुँदैन । फेरि पनि लोकतन्त्र, शान्ति र अग्रगमनको न्यूनतम साझा एजेन्डा बोकेर अघि बढिरहेको आन्दोलनमा सकेसम्म विविध विषयमा न्यूनतम साझा सहमति कायम राख्न जोड गरिराख्नु पर्दछ ।

सर्वप्रथम, वैशाख ११ गते को शाही घोषणा र संसद् पुनःस्थापनाको प्रश्नबारे माओवादी र संसद्वादी शक्तिहरूबीच देखापरेको फरक दृष्टिकोणलाई आम जनसमुदायले ठिकसँग बुझ्नु जरुरी छ । धेरैलाई के लाग्न सक्छ भने सात दलले संसद् पुनःस्थापनाको मात्र माग राखेका हुनाले त्यो प्राप्त भएपछि उनीहरू सन्तुष्ट र खुसी हुनु स्वभाविकै त छ । त्यसमा अरूलाई केको टाउको दुखाइ ? तर कुरा त्यसो होइन । यो कुनै दल विशेषको मात्र निर्णय र चासोको विषय नभएर सम्पूर्ण देश र समाजको सरोकारको विषय हो । मुख्य कुरा यो शाही घोषणा र संसद् पुनःस्थापनाले देशको वर्तमान आवश्यकता अर्थात् लोकतन्त्र, शान्ति र अग्रगमनको लक्ष्य पूरा गर्न सक्छ वा सक्दैन भन्ने हो । दोस्रो कुरा जनआन्दोलनको वर्तमान तागतले योभन्दा उपल्लोस्तरको उपलब्धि हासिल गर्ने सम्भावना राख्छ वा राख्दैन भन्ने हो । अर्थात् आवश्यकता र सम्भावनाको मिलनविन्दुको सही निरुपण गरेर मात्र कुनै पनि सम्झौता सफल वा धोकापूर्ण हो भनेर टुंगो लगाउनु पर्ने हुन्छ ।

यी दुई कसौटीको नापोमा हेर्दा नेपाली समाजको वर्तमान आवश्यकता सामन्ती राजतन्त्रको पूर्ण उन्मूलन र लोकतान्त्रिक गणतन्त्रको स्थापना हो भन्ने विषयमा आम सहमति बनिसकेको छ । राजतन्त्र रहुन्जेल न लोकतन्त्र सुरक्षित हुन सक्छ, न शान्ति स्थापना हुन सक्छ, न सामाजिक, आर्थिक, सांस्कृतिक अग्रगमन नै हुन सक्छ । यो कुरा २००७ सालदेखि यता पटकपटक पुष्टि भएको छ । त्यसै बाह्रबुँदे समझदारीमा स्पष्टताका साथ त्यसको निम्ति राजतन्त्र नै मुख्य बाधक हो भन्ने किटानी गरिएको छ । यहाँ राजतन्त्र भन्नाले शाह वंशको एउटा परिवार मात्र नभएर त्यसको वरिपरि गत अढाई सय वर्षदेखि जरा गाडेर बसेको सामन्तवादी आर्थिक, सांस्कृतिक, राजनीतिक संरचना, दरवारिया भरौटे, शाही सेना र काठमाडौं केन्द्रित पहाडिया आर्य-खस जातीय अहंकारवादी केन्द्रीकृत राज्यसत्ता भन्ने बुझ्नु पर्दछ । यो राज्यसंरचनामा आमूल परिवर्तन नगरी न त पुँजीवादी लोकतन्त्रका बहुदलीयता, विधिको शासन, मानवअधिकार, वाक् तथा प्रेस स्वतन्त्रता आदि स्वीकृत अवधारणालाई संस्थागत गर्न सकिन्छ न त वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक शोषण-उत्पीडनबाट मुक्त समुन्नत समाजको निर्माण गर्न सकिन्छ । त्यसैको निम्ति निःसर्त संविधानसभाको निर्वाचनको प्रस्ताव हामीले विगत कयौं वर्षदेखि निरन्तर उठाउँदै आएका छौं र अब त्यो देशको अत्यधिक जनसंख्याद्वारा स्वीकृत राष्ट्रिय राजनीतिक एजेन्डा बनेको छ ।

अर्कोतिर, कतिपय अवस्थामा कुनै कुरा वस्तुगत आवश्यकता बनिसक्दा पनि आत्मगत सम्भावना बनिसकेको हुँदैन । राष्ट्रिय र अन्तर्राष्ट्रिय वर्गीय तथा राजनीतिक शक्ति सन्तुलनले आवश्यकतालाई सम्भावनामा परिणत हुन दिइरहेको हुँदैन । विगतमा २००७ साल, २०३६ र २०४६ सालको आन्दोलनका बेला त्यो वस्तुगत र आत्मगत पक्षबीचको अन्तरविरोध कायम थियो र त्यसैले त्यति बेलाको आन्दोलन बीचैमा सम्झौतामा टुंगिन बाध्य थियो, तर यसपटक परिस्थिति बिल्कुल भिन्न रहेको छ । १२ वर्षको सीमित संसदीय अभ्यास र १० वर्षदेखिको भीषण जनयुद्धको परिणाम स्वरूप देशको कुनाकाप्चाबाट सामन्तवादको जरा पूर्ण रूपले काटिइसकेको छ । यो जनआन्दोलनको क्रममा राजतन्त्रको विरोध र गणतन्त्रको पक्षमा उर्लेको जनसागरले त्यसको पर्याप्त पुष्टि गर्दछ । चैत २४ बाट सुरु भएको देशव्यापी राजनीतिक हडतालको क्रममा प्रत्येक दिन जनप्रदर्शनमा जनसहभागिता र शाही सत्ताविरुद्ध जनप्रतिरोध बढ्दै गएको र वैशाख ७ गतेपछि राजधानी काठमाडौं त्यसको केन्द्र बन्दै गएको परिवेशमा एकाध दिनमा त्यो जनप्रतिरोध जनविद्रोहमा परिणत हुने र त्यसले राजतन्त्रलाई पूरै बढारेर फाल्ने सम्भावना टड्कारो बनेको थियो । त्यसैलाई बुझेर अमेरिका, भारत, चीन लगायतका अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले आ-आफ्ना दूतावासका पदाधिकारी र नागरिकलाई देशबाट सुरक्षित फिर्ता लैजाने आपत्कालीन तयारी गरेका थिए र भाग्ने तयारी गरिरहेका राजालाई शरण दिने थलोबारे चर्चापरिचर्चा सुरु भएको थियो । यो स्थितिमा गणतन्त्रको सँघारमा पुगिसकेको आन्दोलनलाई अदृश्य शक्तिहरूको चलखेल र कतिपय आन्दोलनकारी नेताहरूको संलग्नतामा औचित्य सिद्धिइसकेको संसद् पुनःस्थापनाको मागमा सीमित गरेर टुंग्याउनु निश्चय नै ऐतिहासिक गल्ती र धोका भएको छ । यसबारे जोकसैसँग तथ्य र तर्कसहित बहस गर्न नेकपा (माओवादी) तयार छ ।

यसै सन्दर्भमा बहसको अर्को विषय आन्दोलनको स्वरूप वा संघर्षको प्रकृतिबारे रहेको छ । कतिपयले तर्क गर्ने गरेका छन्, 'माओवादी जनयुद्धले दस वर्षमा हासिल गर्न नसकेको उपलब्धि उन्नाइस दिनको शान्तिपूर्ण जनआन्दोलनद्वारा प्राप्त भएको छ ।' यस्तो अधिभूतवादी, एकांगी र सतही तर्क गलत मात्र नभएर हास्यास्पद पनि छ । पहिलो कुरा त जनयुद्ध र जनआन्दोलन विपरीतार्थी अवधारणा होइनन् र ती दुईको बीचमा कुनै चिनियाँ पर्खाल हुँदैन । सशस्त्र जनयुद्धभित्र शान्तिपूर्ण जनसंघर्षको अंश हुन्छ र शान्तिपूर्ण सहरिया जनआन्दोलनभित्र सशस्त्र प्रतिरोध संघर्षको अंश हुन्छ । वर्तमान जनआन्दोलनको क्रममा काठमाडौंको गोंगबुदेखि देशको प्रायः प्रत्येक सहरमा दिनहुँ देखिएका भीषण जनप्रतिरोधले त्यसको पर्याप्त पुष्टि गर्दछन् । बारुद र गोली चलाए मात्रै हिंसात्मक हुने तर ढुंगामुढा, ईंटा, आगजनीको प्रहारचाहिँ शान्तिपूर्ण हुने भन्ने हुँदैन । लाखौंको संख्यामा जनसमुदायले शाही सशस्त्र बलको हिंसाविरुद्ध प्रतिहिंसापूर्ण प्रतिरोध नगरेको भए आन्दोलन यसरी चुलिँदै गएर उत्कर्षतिर उन्मुख हुन सक्ने थिएन । आखिर अहिले राजा टिकेको उनीसँग शाहीसेना पूर्ण रूपले वफादार रहेकै कारणले हो भन्ने बुझ्न अलिकति सहजबुद्धि भएका कसैलाई केही गाह्रो पर्छ र ? कतिपयले अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले साथ दिएकाले राजतन्त्र टिकेको तर्क गर्न सक्दछन्, तर विदेशी शक्तिकेन्द्रहरूले राजतन्त्रलाई टिकाउन जोड दिएको मुख्य कारण नै उनीसँग वफादार शाही सेना छ र त्योविना देशमा कथित स्थायित्व हुन्न भनेर नै हो । तेस्रो र सबभन्दा महत्त्वपूर्ण कुरा, अहिलेको आन्दोलन दस वर्षको जनयुद्धको जगमा टेकेर मात्रै यो उचाइमा पुग्न सकेको हो । २०४६ साल र अहिलेको जनआन्दोलनको मुख्य फरक नै यही हो ।

युद्ध र शान्ति एक अर्काबाट अलग नभएर ती एउटै वस्तुका दुई पाटा हुन् भनेर सबैले बुझ्नु राम्रो हुनेछ । शान्ति एउटा पवित्र आदर्श र वर्गविहीन दूर भविष्यको लक्ष्य हो भने युद्ध अहिलेको वर्ग विभाजित समाजको आवश्यकता र यथार्थ हो । वर्तमान आवश्यकता र यथार्थको दुनियाँलाई बदलेर मात्र भावी आदर्श र स्वतन्त्रताको दुनियाँमा पुग्न सकिन्छ । त्यसैले सायद कवि सिद्धिचरण श्रेष्ठले भनेका हुन्, 'क्रान्तिविना शान्ति दै मखुः ।' ■

# सेनाको सनक



सेनाले चलाएको गोली लागी घाइते भएका सर्वसाधारण

**इलाका प्रहरी कार्यालय,** बेलबारीमा तैनाथ शाही सेनाले बुधवार अन्धाधुन्ध गोली चलाउँदा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने एकतीसजना घाइते भएका छन् । तीमध्ये सातजनाको अवस्था गम्भीर छ । बेलबारी-३, मोरङको पशुहाटछेउ चियापसल गर्दै आएकी २२ वर्षीया सपना गुरुङको हत्याको विरोधमा बुधवार प्रहरी कार्यालय घेर्न पुगेका गाउँलेमाथि 'सेन्ट्री' बसेका जवानले अन्धाधुन्ध गोली प्रहार गरेका थिए ।

घटनामा डाँगीहाट-२ मोरङका २५ वर्षीय किसनदेव शर्मा, बेलबारी-२ का १७ वर्षीय कृतन राई र सुन्दरपुर-१ का ४७ वर्षीय रत्नबहादुर श्रेष्ठ चिन्ताजनक अवस्थामा छन् । इन्द्रपुर-७ का ४८ वर्षीय राम दनुवार, बेलबारी-९ का १७ वर्षीय प्रकाश कोइराला, २२ वर्षीय गणेश दाहाल र बेलबारी-४ का ३७ वर्षीय गोपाल गौतमको अवस्था गम्भीर छ ।

सपनालाई इलाका प्रहरी कार्यालय, बेलबारीमा तैनाथ पाँच सैनिक जवानले सामूहिक बलात्कारपछि गोली हानी हत्या गरेको भन्दै विरोधमा उत्रेका प्रदर्शनकारीमाथि अन्धाधुन्ध गोली हानेको इन्सेकका पूर्वाञ्चल संयोजक सोम थापाले बताएका छन् । प्रत्यक्षदर्शीका अनुसार गोलीबाट मारिएका सर्वसाधारणको शवलाई सेनाले ब्यारेकमै लगेको छ ।

प्रहरी कार्यालयमा तैनाथ पाँच सैनिक जवानले मंगलवार राति करिब ९ बजे सपनालाई जबरजस्ती डेराबाट लगेको र सामूहिक बलात्कारपछि हत्या गरेको स्थानीय बासिन्दाले दाबी गरेका छन् । तर, सेनाको इटहरीस्थित पूर्वी पृतनाले राति कर्फ्युका बेला डेराबाहिर निस्किएकी सपनालाई 'हल्ट' भन्दा पनि कुनै प्रतिक्रिया नदिएकाले गोली चलाइएको बताएको छ । सेनाले उनी माओवादी भएको दाबी पनि गरेको छ । तर, स्थानीय बासिन्दा र आफन्तले सपना माओवादी नभएको बताएका छन् । उनीहरूका अनुसार मोरङको केराबारी-९, भलुवा घर भई ६ वर्षदेखि बेलबारीमा पसल गर्दै आएकी सपनाका पति मानबहादुर गुरुङ मलेसियामा छन् । सपनाका ७ वर्षीया छोरी निर्मला र ३ वर्षीय छोरा दीपक छन् ।

स्थानीय बासिन्दाले राति करिब साढे ९ बजे गोली चलेको सुनेका थिए । उनीहरूले घटनास्थल हेर्दा सपनालाई सामूहिक बलात्कारपछि गोली हानिएको हुन सक्ने दाबी गरेका छन् । नेपाल टेलिकमको इन्द्रपुर शाखाको टावरछेउ सपनाको हातका चाँदीको बाला, एउटा लोटा र एउटा गोलीको खोका भेटिएको स्थानीय बासिन्दाले बताएका छन् । सपनाको लासको बुधवार नै पोष्टमार्टम गरिए पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन । स्थानीय बासिन्दाका अनुसार गत आइतवार सपनाको पसलमा रक्सी खाएर तीन सैनिक जवानले झगडा गर्दै उनलाई 'सिध्याइदिने' धम्की दिएका थिए । त्यही झगडामा संलग्न सैनिक जवानले आफ्ना थप दुई साथीको मद्दतले सपनाको बलात्कारपछि हत्या गरेको स्थानीय बासिन्दाको दाबी छ ।

बेलबारी घटना सेनाको विक्षिप्त मानसिकता र आपराधिक मनोवृत्तिको उपजको संज्ञा दिइएको छ । नयाँ सरकार गठन नभएको र राजाको सत्ता ढलेको अवस्थामा सेना कसरी यस्तो नरसंहारमा उत्रेको हो । त्यसबारे छानबिन हुने आश्वासन कांग्रेस र एमालेका नेताहरूले दिएका छन् ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)


## खबरदार सेना !



**जनआन्दोलनले** प्रतिनिधिसभा पुनःस्थापना भएपछि प्रधानसेनापति राजनीतिक टिप्पणीमा उत्रेका छन् । आफ्नो अनुशासन, मर्यादा र सीमा चटक्क बिर्सेर प्रधानसेनापति प्यारजंग थापाले अमेरिकी समाचार संस्था सिएनएनलाई राजा ज्ञानेन्द्रबाट दोस्रो शाही घोषणा भएको भोलिपल्ट दिएको अन्तर्वार्तामा आफ्नो हैसियतभन्दा ठूलो कुरा गरेका छन् ।

बदलिएको राजनीतिक परिस्थितिमा भावी सरकारलाई रिझाउने, माओवादी र सात राजनीतिक दलभित्र मनमुटावको वीजारोपण गर्ने उद्देश्यमा अन्तर्वार्ता प्रेरित भएको आरोप थापामाथि लागेको छ ।

जंगी कर्मचारीको हैसित बिर्सेर थापाले 'माओवादी र शाही सेना एकीकरणको' कुरा गरेका छन् । 'राजनीतिक विषयमा बोल्ने हक उनलाई कसले दियो', सात दलका एक नेताले भने, 'यसमा सरकार मुकदर्शक भएर बस्न मिल्दैन ।' सैनिक मुख्यालयका अधिकारीहरूले नै थापाको उक्त अभिव्यक्तिलाई 'बोकाको मुखमा कुभिन्डो'को संज्ञा दिएका छन् । ■

# अडिग र

**माओवादीलाई मूलप्रवाहको शान्तिपूर्ण राज**
**स्थापना नहुने कोइरालाको निष्कर्षले उनको**
**प्रतिनिधिसभा पुनःस्थापनापछि नायक बन**
**कोइरालामाथि सात दलका नेताहरूमध्**

■ **किरण भण्डारी/काठमाडौं**

**उनी साँच्चै नै** एकलव्य सिद्ध भए। प्रतिनिधिसभा विघटनपछि चार वर्षदेखि लगातार पुनःस्थापनाको रट लगाउँदा कतिले उनलाई अव्यवहारिक र हठवादी राजनीतिज्ञ भने। प्रतिनिधिसभा पुनःस्थापनाको उनको मुद्दामा कुनै पनि ठूला दलले सुरुका दिनमा साथ दिएनन्। संयुक्त जनमोर्चा र नेपाल मजदुर किसान पार्टी भने सुरुदेखि नै उनका सहयात्री छन्।

तिनै एकलव्य अर्थात् सात दलका अगुवा नेता गिरिजाप्रसाद कोइरालाको प्रतिनिधिसभा पुनःस्थापनाको एजेन्डा राष्ट्रिय सहमति मात्र बनेन। त्यसलाई स्वीकार गर्न हठी राजा ज्ञानेन्द्र र सशस्त्र विद्रोही माओवादी पनि बाध्य भए।

कोइरालाको यो व्यक्तिगत विजय उनको जीवनको उत्तरार्धमा त्योभन्दा ठूलो चुनौती र प्रश्न बनेको छ- के अब उनले मुलुकलाई द्वन्द्व र संकटबाट निकास दिन सक्लान् त!

सम्भवतः यही सफलताको कारण सात दल गठबन्धनमा उनको नेतृत्व यो अवस्थामा अझ विकल्परहित बन्न पुगेको छ। त्यसैले कोइराला स्वयम्ले अरूका नाममा छलफल गर्न आग्रह गर्दागर्दै पनि सात दल गठबन्धनले प्रधानमन्त्रीमा उनलाई निर्विकल्प उम्मेदवार घोषणा गरेको छ।

सात दशक लामो राजनीतिक जीवनमा विभिन्न विवादमा मुछिएका कोइरालाले यसपटकको आन्दोलनमा कलंकरहित भएर सफलता चुमेका छन्। विगतमा चारपटक प्राविधिक बहुमत पुऱ्याएर प्रधानमन्त्री बनेका कोइराला यसपाला जनताको बलले सिंहदरबार हाँक्दै छन्।

उनको संघर्षपूर्ण र लामो राजनीतिक जीवनमा लोकप्रियताको चरमोत्कर्षमा पुगेको विन्दु राजाले वैशाख ११ गते सम्बोधन गरी जनआन्दोलनको बलमा प्रतिनिधिसभा पुनःस्थापना गर्दाको क्षण हो।

कोइरालाको राजनीतिक जीवनबारे जानकार सबैलाई उनको विगत स्मरण गर्दा अहिले उनले हासिल गरेको उपलब्धि सहजै पत्याउन गाह्रो हुने खालको छ।

२०४६ सालमा जनआन्दोलनका सहयात्री भए पनि आधारभूत रूपमा वामपन्थी शक्तिप्रति उनी सकारात्मक थिएनन्। तीसवर्षे पंचायती शासनको राजनीतिक घटनाक्रमहरूको पेटारो खोल्ने हो भने पनि कांग्रेसका शीर्षस्थ नेतामध्ये तुलनात्मक रूपमा उनी दक्षिणपन्थीसँग मिलेर जान सकिन्छ भन्ने विचारबाट निर्देशित भएका प्रशस्त उदाहरण छन्।

२०२४-२५ सालतिर विपीलाई जेलबाट छुटाउने बेला उनैलाई दरवारसँगको सम्पर्कसूत्र बनाइनु, २०३३ को राष्ट्रिय मेलमिलापको नीतिदेखि जनमत संग्रह र त्यसपछिका केही वर्षसमेत उनी दरवारसँग निकट देखिन्थे, अरू नेताहरूभन्दा।

२०३७ सालमा पंचायती संविधान संशोधन गरी बालिग मताधिकारको आधारमा चुनाव हुने भएपछि त्यसको उपयोग गर्ने लाइन थियो उनको। प्रजातन्त्र पुनःस्थापनापछिको दस वर्ष पनि उनको आधारभूत चरित्रमा खासै फरक आएन। वाम शक्तिप्रति आक्रामक तर दक्षिणपन्थी वा प्रतिक्रियावादीहरूसँग सौहार्दपूर्ण सम्बन्ध रह्यो उनको।

तर पछिल्ला केही वर्षयता विशेष गरी दरवार हत्याकाण्डपछि विकसित घटनाक्रमले उनको राजनीतिक सोचाइ र कार्यशैलीमा नै व्यापक भिन्नता आएको छ। अझ कम्युनिष्ट र राजाका सन्दर्भमा उनको सोचाइमा 'यु टर्न' आएको तथ्यले पुष्टि गर्छन्। त्यसैले उनी सफल नेता बनेका छन्।

संयुक्त जनआन्दोलनबाट २०४६ सालमा प्रजातन्त्र पुनःस्थापित भएको भोलिपल्ट चैत २७ गते आयोजित विजय कार्यक्रममा 'उनले यो जित पञ्चको पनि हो, राजाको पनि हो' भनेर सुरुका दिनदेखि नै धेरैलाई चिढाए। यद्यपि, जुझारु स्वभाव र लडाकु प्रवृत्तिका कारण कांग्रेसभित्र भने उनको एकछत्र पकड रहिरह्यो, नेताभन्दा पनि व्यवस्थापक र संगठकका रूपमा।

वाममोर्चासँग मिलेर जनआन्दोलन सफल भएका विजय जुलुसका क्रम नटुट्दै उनले कम्युनिष्टविरोधी नारा घन्काउन सुरु गरिहाले। उता तत्कालीन अवस्थामा राजनीतिक रूपमा बहिष्कृत भएर शिर लुकाएर हिँडेका पूर्वपञ्चहरूप्रति भने नरम नीति अख्तियार गरे।

पार्टीका शीर्षस्थ नेताद्वय गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई र वामपन्थीहरूसँग लामो झगडा चल्यो कोइरालाको। 'प्रत्येक क्रियामा बराबर तर विपरीत प्रतिक्रिया हुन्छ' भन्ने न्युटनको तेस्रो नियम राजनीतिमा पनि लागू भयो। प्रमुख विपक्षी एमाले सहितका वामपन्थीले समेत अरू कांग्रेसी नेताभन्दा कोइरालाप्रति बढी आग्रहपूर्ण र आक्रामक व्यवहार गरे।

कोइरालाको एकछत्र शासन, परिवार र आसेपासेको कामधेनु गाई बनाइएकाले आफ्नै पार्टीभित्रै प्राविधिक बहुमतमा कब्जा भए पनि उनको साख गिर्दै गएको थियो। दसवर्षे संसद्कालमा उनीसँगै नजिक रहेका धेरै कांग्रेसी नामहरू टाढा भए। छत्तीसे समूहको जन्मदेखि पार्टी विभाजनसम्म गर्नमा प्रत्यक्ष तथा परोक्ष दुवै रूपमा उनको अहं भूमिका छ।

कम्युनिष्टलाई अकारण पेल्ने सरकारी नीति र अर्कोतिर रचनात्मकभन्दा पनि सदावहार विरोधी विपक्षी एमालेको द्वन्द्वका कारण कोइराला धेरैका प्रिय हुन सकेनन्। एमालेसहितका कम्युनिष्टविरुद्ध कोइरालाले धेरै ठाउँमा रेडिमेड हरफहरू दोहोऱ्याउँथे, 'माले, मशाले र मण्डले एकै हुन्', 'कम्युनिष्टको बुई चढेर वैतरणी तर्नु छैन' आदि आदि।

२०४७ सालदेखि कम्युनिष्टहरूसँग खुलेयाम सुरु भएको लडाइँ २०५८ मा दोस्रो पटक प्रधानमन्त्री उनकै चेला शेरबहादुर देउवा बनेपछि सकिएको हो। पटक पटक सत्तामा रहँदा दरवारिया (मण्डले)सँग



# दूरदर्शी

**नीतिमा अवतरण नगराई मुलुकमा शान्ति**
**ो परिचयमा दूरदर्शिता पनि थपिएको छ ।**
**का र त्यसको अधिक अंश जस पाएका**
**ि अत्यधिक चुनौती पनि थपिएको छ ।**



नजिक रहेका कोइराला त्यसपछिका दिनमा संसद्वादी दल (पूर्व माले) सँग मात्र होइन, सशस्त्र विद्रोही माओवादी (पूर्व मशाल) सँग अपत्यारिलो ढंगले नजिकिए । २०५१ सालमा मध्यावधि निर्वाचन घोषणाका प्रतिनिधिसभा विघटनपछि त्यसको कारणबारे उनले दिएका तर्कहरू खोज्ने हो भने 'कम्युनिष्ट होइन, दक्षिणपन्थी विपक्षी ल्याएर संसद्लाई जिम्मेवार बनाउने' भन्नेसम्मका उद्धरण आएका छन् उनीबाट । त्यसो त पार्टीभित्रको छत्तीसे समूहको पत्ता साफ गराइदिने अस्त्रको रूपमा समेत मध्यावधिको प्रयोग गर्न खोजेका थिए कोइरालाले ।

मानिसको शारीरिक र मानसिक विकास क्रम उमेरको एउटा हदपछि अवरुद्ध हुन्छ भनिन्छ, तर कोइरालामा पितृतुल्य उमेरमा आएको राजनीतिक सुझबुझपूर्ण व्यवहार प्रशंसनीय छ ।

प्रतिनिधिसभा पुनःस्थापनाको राजनीतिक मुद्दामा अनवरत अडिएकाले कोइराला नायक बनेका छन् अहिले । उनको अहिलेको सफलता माओवादी र संसदीय अभ्यासमा रहेका वामपन्थी दलहरूसँगको सहयात्राबाट नै हात लागेको हो ।

कोइरालाको सार्वजनिक छवि धुमिल बनाउन सबैभन्दा बढी ऊर्जा खर्चेको एमाले र उनीप्रति असन्तोष व्यक्त गर्दै पार्टीबाट चोइटिएको कांग्रेस प्रजातान्त्रिकले समेत उनैलाई सर्वसम्मत नेता मान्नु ठूलो उपलब्धि हो । २०४८ मा कोइरालाले सत्तारोहण गरेको केही सातापछि नै आन्दोलन छेडेको एमालेले कोइरालालाई सडक र सदनबाट सधैं हत्तु हत्तु पार्‍यो । २०५७ सालमा कोइरालाविरुद्ध ५७ दिनसम्म सदन अवरुद्ध राखेको एमालेकै मन जितेर नेता हुनु सजिलो कुरो होइन ।

उसो त एमाले विभाजनपछि सत्ता संरचनाको आवश्यकताले वामदेव गौतमको नेतृत्वमा रहेको तत्कालीन मालेसँग सरकार गठन गरेर कोइरालाले वामपन्थीहरूसँग माया गाँस्न थालेका थिए । मालेलगत्तै एमालेसँग मिलेर पनि उनकै नेतृत्वमा सरकार बनेको थियो ।

त्यसमाथि जंगल पसेका माओवादीको पनि सबैभन्दा विश्वसनीय बनेका छन् उनी, उमेर र प्रतिबद्धताका कारणले पनि । २०५८ को अन्त्यदेखि प्रचण्डसँग कोइरालाले सुरु गरेको भेटघाट र नियमित सम्पर्कले सात दललाई बाह्रबुँदे समझदारीसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको जगजाहेर नै छ । माओवादीलाई समेत प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दामा सहमत गराउने नेता कोइराला नै हुन् ।

गुरुकुलमा धनुविद्याको अभ्यास गर्दा अर्जुनले चराको आँखा मात्र ताकेको कथा जस्तै प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दामा कोइरालाले एकोहोरो बाण प्रहार गरिरहे । अन्य राजनीतिक दल र दलभित्रकाले समेत असम्भव भने पनि र सर्वोच्च अदालतको फैसला विपक्षमा जाँदा पनि हार खाएनन् कोइरालाले ।

फेरि उनले बाटो निकाले- प्रतिनिधिसभा पुनःस्थापना राजनीतिक निर्णयबाट हुनु पर्छ । कुनै अदालती वा प्रशासनिकभन्दा राजनीतिक निर्णयले दरवारलाई घुँडा टेकाउन सकिने र जनता सर्वशक्तिशाली देखिने उनको मार्गचित्रलाई अनुसरण गरेर राजाले अहिले कदम चालेकाले पनि कोइराला आन्दोलनका नायक भएका छन् ।

प्रतिनिधिसभाको विघटनलाई षड्यन्त्रपूर्ण भन्दै पुनःस्थापनाका लागि अदालत र सडकबाट आन्दोलन चलाएका कोइरालाले नै अन्तर्राष्ट्रिय समुदायलाई यस मुद्दामा राजी गराएका थिए । अदालत र सडकको लडाइँमा भने जनमोर्चा र नेमकिपाले सुरुदेखि नै साथ दिइरहेका छन् । सात दलका सबै घटक गत वर्ष वैशाख २५ गतेदेखि प्रतिनिधिसभा पुनःस्थापना वा अधिकारसम्पन्न सर्वदलीय सरकारको गठनलाई प्रस्थानविन्दु बनाएर संविधानसभाबाट निकास खोज्नु पर्नेमा सहमत भएका थिए ।

माओवादीलाई मूलप्रवाहको शान्तिपूर्ण राजनीतिमा अवतरण नगराई मुलुकमा शान्ति स्थापना नहुने कोइरालाको निष्कर्षले उनको परिचयमा दूरदर्शिता पनि थपिएको छ । प्रतिनिधिसभा पुनःस्थापनापछि नायक बनेका र त्यसको अधिक अंश जस पाएका कोइरालामाथि सात दलका नेताहरूमध्ये अत्यधिक चुनौती पनि थपिएको छ ।

माओवादीलाई मूलधारको राजनीतिमा ल्याउने काममा भावी दिनमा उनी सबैभन्दा बढी तल्लीन हुन जरुरी छ । सरकार वा संस्थापन पक्ष बढी उदार पनि हुन सक्नु पर्छ । माओवादीलाई सुरक्षित अवतरण गराउन नसके दोहोरो बन्दुकको चेपमा सबैभन्दा पहिला कोइराला, कांग्रेस र सातदल स्यान्डविच हुनेछ ।

कोइराला यसअघि जति पटक सत्तामा पुगे उनको छवि झनै अलोकप्रिय र विवादास्पद बनेको छ । यसपाला कोइरालाको नेतृत्वमा रहेको सरकारको जिम्मेवारी अघिल्लाभन्दा निकै चुनौतीपूर्ण र विशिष्ट भएकाले कोइरालाको कार्यशैलीमा परिवर्तन अपरिहार्य छ ।

सत्तामा पुगेपछि परिवारका सदस्यहरूबाट बढी नै प्रभावित हुने उनको बानी र सत्तालाई विरासत ठान्ने कोइराला परिवारको चरित्रमा परिवर्तन आएन भने उनको लोकप्रियताको पारो सगरमाथाबाट रसातल पुग्न कत्ति बेर लाग्दैन । मुख्य नेताको व्यक्तित्वमा आएको स्खलनको पहिलो मार आन्दोलनले व्यहोर्नु पर्छ ।

त्यसैले सात दशक लामो राजनीतिक जीवन र चार वर्षदेखि गुप्तवास जत्तिकै कठोर परिश्रमले आर्जेको ख्याति जोगाउन परिवारलाई निश्चित दूरीमा राख्न सकेमा कोइराला र वर्तमान जनआन्दोलन सफल हुनेछन् । उनी राष्ट्रिय नायक बन्नेछन् । ■



# मूलधारमा सक्रिय

**सात दल र माओवादीबीच देखिएको सुरुको तितो माओवादीबाट एकतर्फी युद्धविराम घोषणा हुनुले पनि मेटिएको प्रमाणित हुन्छ। सहयात्री सात दलको सरकारले वार्ताको आह्वान गर्नासाथ उच्चस्तरीय वार्ता समिति सार्वजनिक गर्ने तयारीमा छ, माओवादी।**



माओवादी अध्यक्ष प्रचण्ड



माओवादी नेता भट्टराई

■ **सुवास देवकोटा/काठमाडौं**

**विघटित प्रतिनिधिसभा** पुनःस्थापन गर्ने राजा ज्ञानेन्द्रको घोषणाको स्वागत र सरकार बनाउने सात संसदीय दलको निर्णयप्रति माओवादी आक्रोश लामो समयसम्म रहेन। सात दलको निर्णयप्रति वैशाख १२ को वक्तव्यमार्फत सार्वजनिक माओवादी आक्रोश १३ गते नै सेलाएको प्रस्ट भयो। 'सात संसद्वादी राजनीतिक दलहरूमध्ये जुन-जुन दलले यो कथित शाही सम्बोधनको स्वागत र समर्थन गरेका छन्, उनीहरूले वस्तुतः बाह्रबुँदे समझदारीलाई तोड्ने तथा नेपाली जनताको भावना र मर्ममाथि विश्वासघात गर्ने काम गरेका छन्' भन्दै माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईले पहिलो वक्तव्यमार्फत जिल्ला सदरमुकामलगायत राजधानीमा नाकाबन्दी लगाइने बताएका थिए। यद्यपि, भोलिपल्टै अर्को वक्तव्यमार्फत उनीहरूले नाकाबन्दी फिर्ताको घोषणा गरे। 'जनसमुदायको घृणा र आक्रोशको भुमरीमा परेर मृत्युको मुखमा पुगिसकेको निरंकुशतन्त्रले संसद् पुनःस्थापनालाई आफ्नो अन्तिम रक्षाकवचका रूपमा हेरिरहेको वर्तमान स्थितिमा व्यापक जनदबाबबाट मात्र निसर्त संविधानसभाको घोषणा गराउन सकिन्छ' भनिएको माओवादी अध्यक्ष प्रचण्डको वक्तव्यले पहिलो वक्तव्यको उल्टो सात दलप्रति विश्वास व्यक्त गर्‍यो।

त्यति मात्र होइन, विगत मंसिरदेखि आफूसँग समझदारी र अघोषित गठबन्धनमा बाँधिएको सात दललाई सहयोग पुर्‍याउन माओवादीले तीनमहिने एकतर्फी युद्धविराम घोषणा गरेको छ र सात दलसँगको समझदारीमा अडिग रहने विश्वास दिलाएको छ। जनआन्दोलनको बलमा भए पनि राजाको घोषणामार्फत पुनःस्थापित प्रतिनिधिसभाले 'निसर्त संविधानसभा' घोषणा गर्न नसक्ने आशंकामा आएको माओवादीको सुरुको धारणा सात दलका निर्णयका कारण बदलियो। माओवादी स्रोत संविधानसभा निर्वाचन तत्काल घोषणाका लागि सात दललाई दबाब दिने रणनीति पार्टीले बनाएको उल्लेख गर्छ। माओवादीका दुवै वक्तव्यमा तत्काल 'निसर्त संविधानसभा' घोषणा हुनु पर्ने उल्लेख छ।

गत मंसिर र चैतको सात दल-माओवादी

समझदारीले संविधानसभा निर्वाचनलाई राजनीतिक समस्याको समाधान र अग्रगामी राजनीतिक निकासको माध्यम मानेकाले माओवादी त्यसका लागि जुनसुकै दबाब दिन पछि नपर्ने बुझ्न मुस्किल छैन। सत्तासीन हुने सात दलको निर्णयप्रति माओवादीबाट सकारात्मक प्रतिक्रिया आउन थाल्नुमा संविधानसभा निर्वाचन घोषणाका निम्ति सात दलको दृढता महत्त्वपूर्ण कारण हो भने संविधानसभाको निर्वाचनका लागि आफूले सात दललाई बाध्य बनाएको छाप छाड्ने प्रयास अर्को कारण हो।

पछिल्लो राजनीतिक घटनाक्रममा माओवादी असन्तोष प्रकट भए पनि, उसका तयारी भने वार्तामार्फत राजनीतिक गतिरोध अन्त्यतर्फ नै केन्द्रित छन्। एकतर्फी युद्धविराम घोषणा गरेर माओवादीले संवादका लागि सकारात्मक सन्देश दिएको छ भने सरकारले 'आतंकवादी'को आरोप फिर्ता लिएर वार्ताका लागि आह्वान गर्नासाथ त्यसको स्वागत गर्ने र वार्ता समिति सार्वजनिक गर्ने टुंगोमा पनि ऊ पुगेको छ। स्रोतअनुसार सरकारको आह्वान र सुरक्षास्थिति विचार गरेर पहिलेभन्दा उच्चस्तरका वार्ता समिति यसपटक माओवादीले सार्वजनिक गर्न सक्छ। पहिलेभन्दा उच्चस्तरको वार्ता समिति माओवादीले पठाएमा त्यो प्रचण्डको नेतृत्वमा हुनेछ। यद्यपि, वार्ता समितिको हैसियत र आकारबारे टुंगो नलागेको स्रोत उल्लेख गर्छ। राजनीतिक 'हस्तक्षेप'का लागि वार्ता समितिबाहेक अन्य केही नेता सार्वजनिक गर्ने योजनामा पनि माओवादी छ, यसअघिका वार्तामा वार्ता समितिबाहेक अन्य नेता सार्वजनिकरूपमा माओवादीले उतारेको थिएन। यो तयारीले माओवादी सात दलप्रति विश्वस्त रहेको नै प्रमाणित हुन्छ भने शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धामा उत्कृष्ट बन्ने उसको योजनाको पनि खुलासा हुन्छ।

## संविधानसभा निश्चित

उत्कर्षमा पुगेको जनआन्दोलनको मुख्य माग संविधानसभा निर्वाचनको घोषणा प्रतिनिधिसभाको पहिलो बैठकले गर्ने निश्चित छ। 'प्रतिनिधिसभामार्फत सर्वदलीय सरकारको निर्माण, संविधानसभाको निर्वाचन तथा समग्रमा मुलुकलाई अग्रगमनमा लैजाँदै समावेशी तथा सहभागितामूलक पूर्ण लोकतन्त्र, राज्यको पुनर्संरचना र दिगो शान्ति कायम गर्ने हाम्रो लक्ष्य प्राप्त गर्न बाँकी छ', वैशाख १२ गते सात दलले निर्णय गरेका छन्। एमाले महासचिव माधवकुमार नेपालका अनुसार वैशाख १५ गते प्रतिनिधिसभा बैठकले सुरुमै संविधानसभा निर्वाचनको घोषणा गर्ने निश्चित छ।

राजतन्त्रको भविष्यसमेत निर्णय गर्न सक्ने संविधानसभाको निर्वाचनको घोषणा पुनःस्थापित प्रतिनिधिसभाले संकल्प प्रस्तावमार्फत गर्ने सात दलले तय गरेका छन्। १५ गते प्रतिनिधिसभा बैठकअघि नै सात राजनीतिक दलले सरकार घोषणा गर्नेछन् र त्यसले माओवादीमाथि सरकारले लगाएको आतंकवादीको बिल्ला हटाउनेछ तथा वार्ताका लागि माओवादीलाई आह्वान गर्नेछ। प्रतिनिधिसभा बैठकले पनि माओवादीलाई वार्ताका लागि बोलाउने सात राजनीतिक दलले निश्चय गरेका छन्।

तर, माओवादीसँग वार्ताअघि संविधानसभा निर्वाचनको मिति भने तोकिनेछैन। सरकार र माओवादीबीचको वार्ताले माओवादी सैन्य र हतियार विषयमा निर्णय गर्नेछ भने त्यसबीचमै शाही नेपाली सेनालाई प्रजातान्त्रीकरण गर्ने अभियान पनि सरकारले सुरु गर्नेछ। सात दलसम्बद्ध स्रोतका अनुसार माओवादीसँग वार्तापछि माओवादीसहित अन्तरिम सरकार निर्माण हुनेछ र संविधानसभा निर्वाचनको सम्पूर्ण प्रक्रिया टुंगो लागेपछि प्रतिनिधिसभा विघटन गरिनेछ।

## दबाब जारी

जनआन्दोलनले राजालाई प्रतिनिधिसभा पुनःस्थापनाका लागि बाध्य बनाएलगत्तै सडकमा निस्किएको जनसागर विजयको खुसीसँगै सात दलका नेतालाई खबरदारी गर्ने 'मुड'मा थियो। निरंकुश शासनको पराजयपछि सडकमा नारा नै लागेको थियो, 'सांसद मात्र बनौला, संविधानसभा छाडौला।' सात दलले संविधानसभा निर्वाचन घोषणा गर्ने निर्णय सार्वजनिक गरे पनि संविधानसभा निर्वाचन घोषणाका लागि सात दलमाथि दबाब निरन्तर परिरहेको छ। नागरिक समाजका सबै अंग संविधानसभा निर्वाचन जुनसुकै हालतमा छिटै घोषणा हुनु पर्ने बताइरहेका छन्। सात दलसम्बद्ध विद्यार्थी संगठनहरू पनि दलहरूलाई दबाब दिने अभियानमा लागिरहेका छन्।

**सत्तासीन हुने सात दलको निर्णयप्रति माओवादीबाट सकारात्मक प्रतिक्रिया आउन थाल्नुमा संविधानसभा निर्वाचन घोषणाका निम्ति सात दलको दृढता महत्त्वपूर्ण कारण हो भने संविधानसभाको निर्वाचनका लागि आफूले सात दललाई बाध्य बनाएको छाप छाड्ने प्रयास अर्को कारण।**

सात दललाई दबाब दिन वैशाख १५ गते सिंहदरबारबाहिर प्रदर्शन गर्ने योजना छ, नागरिक समाजको। त्यसो त, राजनीतिक दलका नेताहरूले नै पनि संविधानसभा निर्वाचनका निम्ति दबाब अभियान जारी राख्न सार्वजनिक आह्वान नै गरेका छन् भने माओवादीले दबाबमूलक जनप्रदर्शनका लागि सरकारले अनुकूलता सिर्जना गर्न माग सार्वजनिक गरेको छ। आयोजकहरूका अनुसार दबाब कार्यक्रमले सात दललाई संविधानसभा घोषणाका निम्ति अनुकूलता सिर्जना हुनेछ भने त्यसविरुद्ध षड्यन्त्र निस्तेज बनाउनेछ। ■


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# प्रतिपक्षी विहीन

सात राजनीतिक दलको आह्वानमा भएको जनआन्दोलनको दबाबबाट चार वर्षअघि रहस्यमय ढङ्गले भङ्ग गराइएको प्रतिनिधिसभा पुःनस्थापित भएको छ। शान्तिपूर्ण जनआन्दोलनको प्रमुख मागको रूपमा रहेको प्रतिनिधिसभा पुनःस्थापना राजनीतिक निर्णयबाट गरिएको हो। राजा ज्ञानेन्द्रले जनताबाट छिनेका राजकीय सत्ता र सार्वभौमसत्ताको अधिकार फिर्ता लिने र माओवादीको सशस्त्र द्वन्द्वलाई समेत राजनीतिक अवतरण दिलाउने सकारात्मक उद्देश्यका साथ यसको पुनर्जन्म भएको छ, तर पुनर्जन्म पाएको प्रनिनिधिसभा सार, रूप, कार्यशैली, उद्देश्यमा यसअघिको प्रतिनिधिसभाको बनोट र भूमिका भिन्न हुनेछ।

यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष १५ वैशाखमा बस्ने प्रनिनिधिसभाको बैठकमा प्रतिपक्षी र सत्तापक्षको विभाजन हुनेछैन। पुनःस्थापनाको प्रमुख राजनीतिक माग लिएर सडकमा उत्रिएका सात राजनीतिक दलकै पकडमा प्रतिनिधिसभा रहेको छ भने आन्दोलनमा प्रत्यक्ष सहभागी नभएका राप्रपा, राजपा जस्ता राजनीतिक दलहरूले राजाको प्रत्यक्ष शासनको विरोध गरेकाले तत्कालका लागि पुनर्जीवित प्रतिनिधिसभा प्रतिपक्षीविहीन हुने सम्भावना देखिन्छ। प्रतिपक्षीको रूपमा कुनै दल वा सदस्य उत्रिएको अवस्थामा पनि उनीहरूको आवाज निकै झिनो हुने निश्चित छ।

२०५९ साल जेठ ८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा (त्यस बेला कांग्रेस संसदीय दलका नेता)ले संसद् विघटन गराउँदा प्रनिनिधिसभामा सानाठूला गरी सातवटा दल नेपाली कांग्रेस, एमाले, राप्रपा, सद्भावना, राष्ट्रिय जनमोर्चा, संयुक्त जनमोर्चा र नेमकिपा मात्र थिए। तिनका २०५ जना सांसद थिए। अहिले सिराहाका एमालेका सांसद हेमनारायण यादवको हत्या पछि प्रतिनिधिसभाका सांसदको संख्या २०४ छ भने ती सांसद ११ वटा दलमा विभाजित बनेको अवस्था छ।

विघटनअघिको ११३ जना सांसद भएको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस दोस्रो स्थानमा झरेको छ। सांसद संख्याको हिसाबमा ६७ सांसद भएको एमाले सबैभन्दा ठूलो दल हो। प्रतिनिधिसभामा विघटनको प्रमुख कारक अहिलेको कांग्रेस प्रजातान्त्रिक तेस्रो शक्ति देखिन्छ। कांग्रेस र कांग्रेस प्रजातान्त्रिक बेग्लाबेग्लै राजनीतिक दलका रूपमा अस्तित्वमा छन्। राजाको प्रत्यक्ष शासनमा महत्त्वका साथ मनोनीत मन्त्रीहरू नारायणसिंह पुन र प्रकाश कोइरालालाई कांग्रेसले सांसदबाट पनि मुक्त गरेको जानकारी संसद् सचिवालयलाई दिएको छ। पार्टी साधारण सदस्यबाट समेत निष्काशित दुवैजना बेग्लै दलका अध्यक्ष रहेको अवस्था छ। कांग्रेसले पार्टी विभाजनका मतियार केही सदस्यहरूमाथिको कारबाही फिर्ता लिएको सार्वजनिक गरेको छ। कांग्रेस प्रजातान्त्रिकले प्रतिनिधिसभा पुनःस्थापना राजनीतिक निर्णय भएको बताउँदै आफू र आफ्ना सदस्यहरू प्रतिनिधिसभाको बैठकमा बेग्लै बस्ने निर्णय गरेको छ।

उसबेला ११ जना सदस्य भएर तेस्रो शक्तिको रूपमा रहेको राप्रपा २०५९ पछिको राजनीतिक उतारचढावमा सबैभन्दा घायल हुन पुगेको छ। राप्रपा तीन टुक्रा भएको छ। पशुपतिशमसेर जबराको नेतृत्वको मूलपार्टीबाट एक वर्षअघि अलग भएर अस्तित्वमा आएको पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाको राष्ट्रिय जनशक्ति पार्टी बेग्लै राजनीतिक हैसियत राख्छ। राप्रपाभित्रबाटै राजाको माघ १९ को कदमका उग्र समर्थकहरूले गत पुसमा स्थापित राप्रपा (कमल थापा)को पार्टीको प्रतिनिधिसभामा बीउ रहने हो वा होइन निश्चित छैन। कमल थापाको पार्टीमा रहेका एक मात्र सांसद जो राजाको सरकारमा मन्त्री पनि भएका थिए बृजेशकुमार गुप्ताले कहिलेसम्म कमल थापाको साथ दिने हुन् ? त्यसको टुंगो लागेको छैन।

राजपाको नेतृत्वपङ्क्ती छोडेर मन्त्री बनेका बुद्धिमान तामाङ अब कता लाग्ने हुन्, त्यो पनि खुलेको छैन। गुप्तालाई राप्रपाले साधारण सदस्यबाट समेत निष्काशन गरेकाले उनी राजपातर्फ लाग्ने सम्भावना छ, तर तामाङ राजपाको साधारण सदस्य पुनःस्थापित प्रतिनिधिसभा फर्कने सम्भावना देखाउँछन्, राजपाका नेताहरू। अमेरिका पलायन भएका नेत्रलाल श्रेष्ठ आफूहरूसँग भएको दाबी राजपा र राप्रपा दुवैले गर्न थालेका छन्। राप्रपाका नेता खेमराज पण्डित श्रेष्ठ राप्रपामै रहेको दाबी गर्छन् भने राजपाका प्रवक्ता सर्वेन्द्रनाथ शुक्ल श्रेष्ठ चाँडै नै नेपाल फर्कने जानकारी दिँदै आफ्नो पार्टीमा भएको बताउँछन्।


गिरिजाप्रसाद कोइराला

विघटनअघि ५ जना सदस्य भएको सद्भावनामा पनि जटिलता छ। राजनीतिक दलको रूपमा बद्री मण्डलले सद्भावनाको पुरानो नाम कब्जा गरेका छन् भने उनका विरोधीहरूले स्थापना गरेको सद्भावना (आनन्दीदेवी) जो सात दलमध्येको हो, ऊसँग सांसद राजेन्द्र महतो र हृदयेश त्रिपाठी छन्। राजाको शासनका मध्यमश्चिमाञ्चलको क्षेत्रीय प्रशासक बनेका मृगेन्द्रकुमार यादव, मण्डलबाट गत वर्ष माघमै निष्काशनमा परेका छन् भने सद्भावनाका यज्ञजित सिंह दोधारमा उभिएको अवस्था छ। सद्भावना (आनन्दीदेवी)का महासचिव राजेन्द्र महतो भन्छन्, 'राजाका समर्थकहरूको अब कुनै हैसियत छैन, मण्डल बाहेक अरू साथीहरू हामीसँग हुन्छन्।'

संसद् विघटनपछिको चार वर्षसम्म एमाले एक ढिक्का रह्यो। १२ वैशाखमा मात्र एमालेले राजाको कदमको समर्थक कालिकोटका प्रेमबहादुर सिंह र डोल्पाका नरबहादुर बुढाथोकीलाई सांसद पदबाट निष्काशन गरेको छ।

नेमकिपाका एक्लो प्रतिनिधि नारायणमान बिजुक्छे कतै लाग्ने कुरै भएन। यसबीच माओवादीको राजनीतिक विचारधारा र राजनीतिक चिन्तनमा माओवादसँग नजिक भएर पनि माओवादीसँग जुझारु सम्बन्ध राख्दै आएका संयुक्त जनमोर्चा र राष्ट्रिय जनमोर्चा एकीकृत भएका छन्। राजमो र संजमोको एकीकरणपछि प्रतिनिधिसमा राजमोका चित्रबहादुर केसी, नवराज सुवेदी, परि थापा र डिलाराज आचार्य तथा संजमोका लीलामणि पोखरेलले एकीकृत भएका छन्। दुई पार्टी मिलेर बनेको जनमोर्चा नेपाल सात दलमध्येको हो। अब संसद् सचिवालयको रेकर्डबाट संयुक्त जनमोर्चा र राष्ट्रिय जनमोर्चाको ठाउँ मेटाएर जनमोर्चा, नेपाल लेखिने नवराज सुवेदी बताउँछन्।

चार वर्षअघि विघटित प्रतिनिधिसभा ब्यूँतिएको अहिलेको राजनीतिक अवस्थामा पनि स्थायी संसद् भनिने राष्ट्रियसभालाई ब्यूँझाउने काम भएको छैन। ६० सदस्य रहने राष्ट्रियसभाका सदस्य अवकाश पाउँदै पाउँदै गएर अहिले १८ जना सदस्य बाँकी छन्। उनीहरूको आयु पनि करिब २ वर्ष मात्र छ। आन्दोलनरत सात राजनीतिक दलले पटक पटक राष्ट्रियसभाको बैठक बोलाउनु पर्छ भन्ने नारा चलाए पनि राजाको घोषणामा प्रतिनिधिसभाको मात्र बैठक बोलाउने काम भएको छ। दलहरूले राष्ट्रियसभालाई समेट्ने कुनै निर्णय पनि गरेका छैनन्।

राष्ट्रियसभाका सदस्यहरू अहिलेको राजनीतिक निर्णयमा आफूलाई अलग पारेकोमा दुःख मनाउ गर्न थालेका छन्। हालै मात्र क्यानडामा सम्पन्न सांसद सदस्यहरूको बैठकमा भाग लिएर फर्किएका राष्ट्रियसभाका सदस्य दीपकबहादुर गुरुङ र लक्ष्मीदास मानन्धर वैशाख १३ मा अचानक संसद् सचिवालय पुगी १५ गते बस्ने प्रतिनिधिसभाको बैठकमा आफूहरूको हैसियत के हुने भन्ने प्रश्न राखे। सचिवालयका अधिकारीहरूले उनीहरूको समेत बैठक भनेर आश्वस्त पार्न सक्ने अवस्था थिएन अनि उनीहरूले भनिदिए, 'यो प्रतिनिधिसभाको बैठक हो, संसद्को बैठक होइन।'

■ **विश्वमणि पोखरेल/काठमाडौं**



# निर्णायक मोर्चा

तस्वीरहरू : भास्वर ओझा

▲जनआन्दोलनमा गोंगबु नतातेको कुनै दिन थिएन

■ छत्र कार्की/काठमाडौं

**असन, भोटाहिटी,** इन्द्रचोक, बागबजार, पाटनलगायत उपत्यकाका भित्री ठाउँका जनता नतातीकन आन्दोलन निर्णायक बन्न सक्दैन। आन्दोलन सुरु हुनुअघि धेरै मानिसको यो विश्लेषण यसपटकको जनआन्दोलनमा सही हुन सकेन। मुलुकभर नै जनसागर उर्लिएको यो आन्दोलनलाई राजधानीका गोंगबु, चावहिल, कलंकी, कोटेश्वर, सातदोबाटो, मैतीदेवी, कीर्तिपुरलगायत ठाउँका जनताले निर्णायक बनाउन अग्रणी भूमिका खेले। त्यसमा पनि १९ दिनसम्म चलेको शान्तिपूर्ण आन्दोलनलाई निर्णायक बनाउन गोंगबु मोर्चाले ऐतिहासिक भूमिका निर्वाह गऱ्यो।

गोंगबु मोर्चामा सक्रिय एमाले नेता राजेन्द्र लोहनी भन्छन्, 'गोंगबुमा आन्दोलन अवधिभर सदावहार जुलुस निस्किरह्यो।' आन्दोलनको पहिलो दिनदेखि नै शाही सरकारले जारी गरेको निषेधाज्ञा र कर्फ्यु तोड्दै निस्किएको जुलुसले गोंगबु चोक कब्जामा लिएर पहिलोपटक 'गणतन्त्र चोक' घोषणा गरिएको थियो। जनताको व्यापक सहभागिता बढेपछि आन्दोलनका पछिल्ला दिनमा प्रहरी पनि पछि हट्न बाध्य भएको थियो। जनआन्दोलनको एजेन्डालाई निर्णायक मोडमा पुऱ्याउन गोंगबु, मनमैजु, धर्मस्थली, काभ्रेस्थली, फुटुङ, जितपुरफेदी, साङ्लालगायतका गाउँका जनताले दिनरात केही नभनी हजारौंको संख्यामा आन्दोलनमा होमिएर शाहीसत्तालाई चुनौती दिएका थिए। लोकतान्त्रिक आन्दोलनलाई ऊर्जा दिन स्थानीय इन्द्रमान महर्जन, मोहन पोखरेल, माधव न्यौपाने, लव बस्नेत, सनकमान महर्जनलगायतको अगुवाइमा मनमैजु गाविसलाई 'लोकतान्त्रिक गाविस' घोषणा गरिएको थियो। चैत २५ गते सामाखुसी चिल्ड्रेनपार्कसम्म पुगेर गोंगबुको जुलुसले पहिलोपल्ट निषेधाज्ञा र कर्फ्यु तोडेको थियो।

वैशाख ९ गते करिब ३० हजारको जुलुस कर्फ्यु तोडेर सामाखुसी, ठमेल, इन्द्रचोक हुँदै भोटाहिटी पुग्दा प्रहरीले नृशंस दमन गरी अश्रुग्याँस र गोली प्रहार गर्दा सयौं घाइते भएका थिए। चक्रपथ घेराउ कार्यक्रम होस् वा आन्दोलनपछिको विजय जुलुसमा गोंगबुले नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो। किन यसपटक जाग्यो त गोंगबु? त्यहाँको मोर्चाको नेतृत्व सम्हालेका नुवाकोट कांग्रेसका सभापति जगदीश्वरनरसिंह केसी भन्छन्, 'सुरुवाटै आन्दोलन व्यवस्थितरूपमा सञ्चालन गरिएकाले जनसहभागिता व्यापकरूपमा बढ्यो। दीर्घकालीन शान्तिको लागि यस क्षेत्रका सबै बासिन्दा आन्दोलनमा उत्रिएकाले पनि गोंगबुले सबैलाई उछिनेको हो।'

गांगबु मोर्चामा केसी, लोहनी, प्रकाश ज्वाला, दीपक गिरी, ऋषि जमरकट्टेललगायत नेताले हरेक दिन नेतृत्व गरेका थिए। जुझारु जनता र सक्रिय नेतृत्वको कारण आन्दोलन अविरलरूपमा सञ्चालन भएको स्थानीयवासी बताउँछन्। वैचारिक आस्था आफ्नो ठाउँमा भए पनि समान लक्ष्य प्राप्तिको आन्दोलनमा दलहरूबीच निरन्तर संवाद जारी रहेको थियो। स्थानीय जनतालाई घरघरमा गएर दीर्घकालीन शान्ति र लोकतन्त्र प्राप्तिका आन्दोलनमा जनसहभागिता बढाउन शमशेरबहादुर गाइजु, सबुज बानिया, केदार पाठकलगायतका स्थानीय नेताले महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनीहरूले घरघर गएर पर्चा पम्प्लेटिङ गरी आन्दोलनको पक्षमा जनमत बनाएका थिए। आन्दोलनको अग्रपंक्तिमा थोरै नेतामात्र आए भन्ने जनगुनासो बढेका बेला पनि गोंगबुमा दलले खटाएका नेताहरू अहोरात्र खटिरहेका थिए। आन्दोलनकै अग्रमोर्चामा रहेर गोंगबु क्षेत्रमा लोकगायक बद्री पंगेनी, भगवान भण्डारी, मनोज गजुरेललगायत कलाकारले जागरणमूलक प्रस्तुतिमार्फत आन्दोलनलाई तताएका थिए। गोंगबुमा आन्दोलनको राप बढ्नुमा निरस्त्र माओवादीको पनि सक्रिय भूमिका रहेको स्थानीयवासी स्विकार्छन्।

आन्दोलनको दोस्रो दिनदेखि प्रहरी गोंगबुका जनतामाथि दमनमा उत्रियो। यसमा सशस्त्र प्रहरी बलका एसएसपी माधव थापा खलनायक भएर उभिए। उनी आफैले आन्दोलनकारीमात्र होइन, घरमा बसेका केटाकेटी, बूढाबूढीमाथि समेत लाठी र बुटका साथै गोली नै प्रहार गरे। घरको छतबाट मानिसलाई भुइँमा झार्नेजस्ता अमानवीय काम गरे। थापाको निर्देशनमा उनका नेतृत्वका प्रहरी जवानले पनि जनतालाई बर्बर दमन गरेका थिए। स्थानीय सामुदायिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीमाथि तिमीहरू आतंककारीलाई उपचार गर्ने हौ भन्दै प्रहरीले कुटपिटसमेत गरेका थिए।

# घाइतेलाई मल्हमपट्टी लगाउँदै

**गोंगबुमा प्रहरीले** प्रहार गरेको लाठी, अश्रुग्याँस र गोलीबाट घाइते भएकाहरूलाई उपचार पुऱ्याउन स्थानीय विनायक अस्पताल र सामुदायिक स्वास्थ्य केन्द्रले महत्त्वपूर्ण भूमिका खेले। गोंगबुमा प्रहरी चैत २६ गतेदेखि चरम दमनमा उत्रिएपछि घाइतेहरूको संख्या बढ्दै गयो। एआइजी रूपसागर मोक्तानको घरबाट सुरक्षार्थ बसेका प्रहरीले प्रदर्शनकारीमाथि गोली हान्न थालेपछि आक्रोशित भएर मोक्तानको घरतर्फ बढेको भीडमा सशस्त्र प्रहरीले अश्रुग्याँस र अन्धाधुन्ध गोली चलाएर सयौँलाई चोकबाट उत्तरतर्फ पर्ने गल्लीमै घाइते बनाएको थियो चैत २९ गते।

त्यस दिन धेरैजसो घाइतेको उपचार नजिकै रहेको सामुदायिक स्वास्थ्य केन्द्रले गरेको थियो। केन्द्रका सचिव केशव कार्कीका अनुसार उक्त दिन प्रहरीले स्वास्थ्यकर्मीलाई समेत कुटपिट गरी घाइते बनाएर जबरजस्ती स्वास्थ्य केन्द्र बन्द गराएको थियो। यति हुँदाहुँदै पनि अर्को ठाउँमा अस्थायी शिविर सञ्चालन गरेर घाइतेको सेवामा एकरत्ति पनि कमी आउन दिएका थिएनन् त्यहाँका स्वास्थ्यकर्मीले। केन्द्रले त्यस दिन साढे ३ सय घाइतेको उपचार गऱ्यो। केन्द्रले




▲गोंगबुस्थित विनायक अस्पतालले आन्दोलनभरि नै घाइतेको उपचार गरिरह्यो

आन्दोलनका क्रममा घाइते भएका साढे ६ सयको उपचार गरेको जनाइएको छ।

चैत २९ गते नै गोली, अश्रुग्याँसबाट घाइतेहरूको उपचारको निम्ति विनायक अस्पतालका स्वास्थ्यकर्मी प्रदर्शनस्थलमै खटिएका थिए। प्रहरी दमनको पराकाष्ठा नाघेपछि युद्धभूमि बनेको त्यो क्षेत्रमा डाक्टर ब्रायनले मोबाइल सेवा पुऱ्याएका थिए घटनास्थल पुगेर। उनले आफ्नो गाडीलाई एम्बुलेन्सका रूपमा प्रयोग गरेका थिए। विनायक अस्पतालका स्वास्थ्यकर्मीले ब्रायनसँग मिलेर पनि कयौँ घाइतेको उपचार गरेका थिए। विनायक अस्पतालका कार्यकारी निर्देशक गोविन्द ज्ञवालीका अनुसार करिब ७० जनाजति घाइतेलाई प्रहरीले नै लगेको थियो। उनी भन्छन्, 'बिरामी दिनुहोस्, उपचार गर्नु पर्छ भन्दा प्रहरीले आर्यघाटमा खोज्न जानू भन्ने जवाफ दिएका थिए। पेटमा गोली लागेर आन्द्राभुँडी बाहिर निस्केको अवस्थामा पनि लाठीले घोच्न छोड्नन् सुरक्षाकर्मीहरूले।'

चैत ३१ गते सरकारले कसैलाई पनि कर्फ्यु पास उपलब्ध नगराएपछि प्रदर्शनस्थलमा घाइतेले उचित उपचार पाएका थिएनन्। गत असोजदेखि गोंगबुमा सञ्चालित उक्त अस्पतालका प्रबन्ध निर्देशक ज्ञवाली भन्छन्, 'कर्फ्यु पास नदिएको अवस्थामा पनि हामीले एप्रोन लगाएर घाइतेको उद्धार गऱ्यौं।' अहिलेसम्म विनायक अस्पतालले करिब ६ सय घाइतेको उपचार गरेको छ।

उपचार गरेकामध्ये करिब ९५ प्रतिशतको टाउकोमा चोट लागेको उक्त अस्पतालले जनाएको छ। त्यसै गरी घाइते महिला १५-२० प्रतिशतको हाराहारीमा छन्। आन्दोलनका सुरुका दिन विनायक अस्पतालले घाइतेलाई निःशुल्क उपचार गऱ्यो, तर घाइते बढ्न थालेपछि प्रबन्ध निर्देशक ज्ञवालीले ५ हजार रुपैयाँ राखी उपचार कोषको सुरुवात गरेका थिए। विनायक घाइते उपचार कोषमा ३ लाख जम्मा भएको जनाइएको छ। त्यस्तै सामुदायिक केन्द्रलाई मोडेल अस्पतालको सहयोग कोषबाट १ लाख रुपैयाँ दिइएको छ। ■

---

थापा आलोचित भएपछि खटिएका सशस्त्रका डिएसपी सर्वेन्द्र खनालले पनि गोंगबुमा क्रूर दमन गरेका थिए। स्थानीय बासिन्दाका अनुसार डिएसपी खनालले प्रदर्शनकारीलाई गोंगबु चोकबाट आधा किलोमिटर उत्तरसम्म खेदेर घरबाट निकाली पिटेका थिए। प्रहरीको तोडफोडबाट गोंगबुचोक उत्तरका करिब सयजति घरका झ्यालका सीसा फुटेपछि मानिसमा आक्रोशको पारो चढेको थियो। आन्दोलनको क्रममा करिब १५ सयजति घाइते भएको यो क्षेत्रबाट अझै एक दर्जनजति मानिस सम्पर्कविहीन भएको बताइएको छ।

गोंगबुमा आन्दोलन तात्दै गएपछि शाही सरकारका गृहमन्त्री कमल थापा र सूचना तथा सञ्चार राज्यमन्त्री श्रीसशमशेर राणा सात दललाई फसाउने षड्यन्त्रको तानाबाना बुन्न लागिरहेका थिए। अराजकता सिर्जना गरेर आन्दोलनमा माओवादी घुसपैठ देखाउनु थियो शाही सरकारलाई। स्थानीय रामकृष्ण सेढाईं भन्छन्, 'आन्दोलन सात दलको नियन्त्रणबाहिर छ भन्ने देखाउन शाही सरकारले अनेक प्रपञ्च रच्यो, आन्दोलनमा सशस्त्र माओवादी घुसपैठ देखाउने असफल सरकारी षड्यन्त्रले गर्दा पनि आन्दोलनको आगो सल्कियो।'

चैत २६ गते गृहमन्त्री थापा र सञ्चार राज्यमन्त्री राणाले एक पूर्व डिएसपीको घरमा आन्दोलनमा घुसपैठ भएका माओवादीले गोली हानेपछि प्रहरीले फायरिङ गरेको बताएर प्रहरी दमनको बचाउन गर्ने उद्देश्यले झूटको खेती गरे। त्यसै बेला एआइजी रूपसागर मोक्तानको घरबाट प्रहरीले दागेका गोलीबाट सयौं प्रदर्शनकारी छटपटाइरहेका थिए। स्थानीयवासीले एआइजी मोक्तानको घरको झ्यालबाट गोली हान्ने प्रहरी जवानलाई कब्जामा लिएपछि थापा र राणाको षड्यन्त्र पर्दाफास भयो। चैत २६ गतेपछि प्रहरी दमनको शृंखला बढ्दै जाँदा स्वतःस्फूर्तरूपमा आन्दोलन चर्किंदै गयो। बिहानदेखि साँझसम्म गोंगबु इलाका प्रदर्शनकारीले आफ्नो कब्जामा राखे।

आन्दोलनमा सक्रिय सहभागी बन्न राजधानीको उत्तरी क्षेत्रका जनताले २-३ घन्टाको पैदल यात्राको कुनै पर्वाह गरेका थिएनन्। केही परिवार त घरमा तालाबन्दी गरेर सबै सदस्यसहित आन्दोलनमा सक्रिय सहभागी बनेका थिए। अग्रणी मोर्चा गोंगबु आन्दोलनबाट एकक्षण पनि पछि नहटेपछि अरू क्षेत्रका जनतामा पनि यसले ऊर्जा संचार गरेको थियो। स्वदेशी तथा बिबिसी, सिएनएनलगायत अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र अधिकारकर्मीको केन्द्रस्थल नै बनेको थियो गोंगबु। सरकार यो क्षेत्रमा हिटलर शैलीको दमनमा उत्रेपछि सारा संसारको ध्यान गोंगबुमा केन्द्रित भएको थियो। त्यसो त भिजिलान्ते, कालोबजार रोक्न छुट्टै समिति बनाएर आन्दोलनकारीले सशक्त अनुगमन गरेका थिए गोंगबु क्षेत्रमा। आन्दोलनसामु भिजिलान्तेहरूको प्रयास असफल बनेको थियो।

आन्दोलनको अग्रणी मोर्चा 'गोंगबु'मा नुवाकोट जिल्लाबाट आएका बासिन्दाको बाहुल्य छ। त्यसपछि धादिङ, गोरखालगायत जिल्लाको प्रतिनिधित्व छ। त्यसो त गोंगबुका स्थानीय युवाहरूको सक्रिय साथ थियो आन्दोलनमा। आन्दोलनको मुख्य क्षेत्र गोंगबु गाउँ विकास समितिमा अघिल्लो स्थानीय निर्वाचनमा एमालेको बहुमत थियो। त्यस्तै योसँग जोडिएका धर्मस्थली, मनमैजु, साङ्लालगायत एमालेकै प्रभाव क्षेत्र हुन् भने काभ्रेस्थली र फुटुङ कांग्रेस अग्रणी थि यो अघिल्लो स्थानीय निर्वाचनमा।

नयाँ बसपार्क रहेको यो क्षेत्र धेरै मजदुर बसोवास हुने क्षेत्र हो। लोकतान्त्रिक नेपालको स्थापना भएपछि मुलुकमा शान्ति स्थापना हुने र सामाजिक न्याय पाइने आशाले तल्लो वर्गका मानिसमा आन्दोलनप्रतिको समर्थन भित्रैदेखि उर्लेको थियो।

जनताको शक्ति साँच्चिकै शक्तिशाली हुन्छ, जस्तासुकै तानाशाही सत्ताले पनि जनताको भावना कदर नगरे हार्नु पर्छ। राजाको पहिलो घोषणा आएको तीन दिनमै अर्को सम्बोधनमार्फत जनतालाई अधिकार सुम्पेपछि शाही सरकार पतन भएको हो। विगतमा भएका कमी कमजोरीले जनतालाई सचेत बनाएको छ, मुलुक पूर्ण लोकतान्त्रिक बाटोमा अग्रसर नभएसम्म खबरदारी गर्न नछाड्ने विचार राख्छन् स्थानीयवासी। हिजो संकटमा जसरी सबै दल एक भए मुलुकका समस्याको शान्तिपूर्ण निकास दिन र जनतालाई मालिक बनाउनका निम्ति भोलि पनि आफ्ना स्वार्थलाई तीलाञ्जली दिँदै एकजुट हुनु पर्ने विचार छ उनीहरूको। ■

**संसद् पुनःस्थापनाबाट संविधानसभासम्म पुग्ने उकालो बाटोमा राजाले खिचलो झिक्ने प्रशस्त सम्भावना र ठाउँ छन्, तर अब दलहरूले राजासँग सीधा र प्रभावकारी संवाद गर्न हिचकिचाउन हुँदैन । दल र राजाको झगडा पर्‍यो भने त्यो झगडा आन्दोलनमा रूपान्तरित भइहाल्छ ।**



सोमत घिमिरे

# सावधान ! जनता

**लगातार १९ दिनसम्म** सबै तह तप्का र क्षेत्रका जनता खाली हात लिएर सडकमा आएपछि सत्ताधारीका बन्दुक र गोली खेलौनाभन्दा बढी केही हुन सक्दैन भन्ने मान्यतालाई यसपटकको जनआन्दोलनले राम्रोसँग पुष्टि गर्‍यो । जनताका अगाडि शाही सत्ताका गोली बारुद, डन्डा, जेल, कर्फ्युजस्ता सबै साधन निरीह बने । प्रधानमन्त्रीको विज्ञापन गर्न न हिचकिचाएका राजा ४ दिनपछि नै रहस्यमय ढङ्गले विघटित संसद् पुनःस्थापना गर्न बाध्य भए । औपचारिक रूपमा शाही घोषणामार्फत संसद् पुनःस्थापना भएकाले राजाले दिएको उपहार भन्न पनि सकिएला, तर यसरी व्याख्या गर्नु जनआन्दोलनको क्रममा सहादत प्राप्त गर्ने वीरहरू, आन्दोलनको क्रममा घाइते भएका व्यक्ति र सडकमा ओर्लिएका लाखौँ लाख नागरिकप्रति अपमान हुनेछ । जनआन्दोलनको बलबाटै संसद् पुनःस्थापना भएको हो । निश्चित रूपमा संसद् पुनःस्थापनाले मात्र नेपालको राजनीतिमा देखिएका समस्या निदान गर्न भने सम्भव छैन, तर अब बल सात दलतिर आएको छ । सात दलको कदम र राजनीतिक इच्छाशक्तिले नै अबको बाटोलाई निर्देश गर्नेछ ।

०४६ सालको परिवर्तनपछि राजनीतिक दलको उच्च तहको नेतृत्व जे जसरी भए पनि राजालाई खुसी नबनाएमा प्रजातन्त्रको हत्या हुन्छ भन्ने गलत मानसिकताले ग्रसित थियो । राजदूतको नियुक्ति र राष्ट्रियसभा सदस्यको मनोनीतजस्ता प्रकरणमा राजाले लक्ष्मणरेखा नाघ्दा दलहरूले बोल्न सकेनन् । राजाले गरेको बल मिच्याइँलाई जनतासामु अपिल गर्न सकेनन् जसको फलस्वरूप राजाको मनोबल बढ्दै गयो र सम्पूर्ण सत्ता हातमा लिए । नागरिक र दललाई किनारा लगाएर केही टपर्टुइय्याँ लिएर राजा अगाडि बढे । यस्तो अवस्थामा दलहरूको अपिल र नागरिकहरूको सक्रियताले यसपटकको जनआन्दोलनको उदय भयो ।

संसद् पुनःस्थापना गरेको शाही घोषणा आउनेबित्तिकै चोक चोकमा व्यक्तिहरूले २५ प्रतिशत, ५० प्रतिशत मात्र बधाई छ भनेर बधाई साटासाट गरे । शाही घोषणाको समाप्तिपछि तत्काल निस्किएका जुलुसमा संविधानसभाको नारा बेजोड रूपमा लाग्यो । यसबाट प्रस्ट बुझ्न सकिन्छ, आन्दोलन रोकिएको छैन माग र चरित्रमात्र फेरिएको हो । विभिन्न जिल्लामा विजय जुलुस नलिकाल्ने र रातो टीका नलाउने घटनाले पनि आन्दोलन कहाँ छ सजिलै बुझ्न सकिन्छ । यस जनआन्दोलनले जगाएको राजनीतिक तिर्खा संसद् पुनःस्थापना सानो कुवाले मेटाउन सक्दैन । संसद् पुनःस्थापनालाई प्रवेशद्वार मानी संविधानसभालाई निकास मान्ने दलहरूको मान्यतालाई नागरिकले शंकास्पद नजरले हेरेका छन् । अत्यन्त सम्झौतापरस्त प्राविधिक संसदीय खेलमा हिजो चुर्लुम्म डुबेको दलहरूप्रति नागरिकहरूको शंका बाँकी रहनु स्वभाविक पनि हो । क्रियाकलापले नै पहिचान बन्ने र फेरिने गर्दछ ।

संसद् पुनःस्थापनाबाट संविधानसभासम्म पुग्ने उकालो बाटोमा राजाले खिचलो झिक्ने प्रशस्त सम्भावना र ठाउँ छन्, तर अब दलहरूले राजासँग सीधा र प्रभावकारी संवाद गर्न हिचकिचाउन हुँदैन । दल र राजाको झगडा पर्‍यो भने त्यो झगडा आन्दोलनमा रूपान्तरित भइहाल्छ । कयौँ गुना नागरिक सडकमा उत्रनेछन् । यस जनआन्दोलनमा लगाएका नाराहरू कति उग्र र राजतन्त्रविरोधी थिए भन्ने राजालाई पनि थाहा पाइसकेको हुनै पर्छ । अहिले लोकतन्त्रका लागि चलिरहेको जनआन्दोलन आफैमा लोकतान्त्रिक पनि छ । यसअघि जस्तो नेताहरूले आह्वान गर्ने र नागरिक सडकमा आउने प्रवृत्तिमा मात्र सीमित छैन । नागरिकहरू सडकमा हाजिरमात्रै थिएनन् सुझबुझपूर्ण उपस्थिति पनि थियो । आफ्नै नेताविरुद्ध नागरिकहरू आलोचनात्मक पनि थिए । नेताहरू खुट्टा नकमाऊ जनता साथमा छन् भन्ने नारा राजतन्त्रविरुद्ध दोस्रो चर्चित नारा थियो । अग्रगामी राजनीतिक निकासलाई जनता साथ दिन तयार छन्, तर नेतृत्व र पार्टी तोकतान्त्रिक प्रवृत्ति विकास हुनु पर्‍यो । राजामाथि चरम घृणा भाव जागेर गणतन्त्र प्रमुख एजेन्डा बनेका बेला दलहरूमा पनि 'राजतन्त्र प्रणाली' बचाउन सम्भव छैन । सतहबाट उठेको आन्दोलनले मात्र समाजको आर्थिक, राजनीतिक, सामाजिक र नेतृत्वसँगको सम्बन्धमा पनि फेरबदल ल्याउँछ । समाज र राज्यको प्रजातान्त्रीकरण वेग बढी भएका बेला कोही संस्था वा व्यक्ति बाधक बनेर उभियो भने उसको अस्तित्व रहँदैन । यो खतरा तर यथार्थलाई राजनीतिक दलहरूले ढिलै भए पनि अब मनन गर्नु पर्छ ।

संविधानसभासम्म नपुग्दा सात दल र माओवादी समझदारी परिस्थितिअनुसार अझ बढी प्रस्ट र विकसित हुन जरुरी छ । बन्दुकका बलले माओवादीले जति शक्ति आर्जन गरे, जति सामाजिक सवाल उजागार गरे, देशमा वर्षौंदेखि रहेको राजनीतिक खाडलमा पसेर एउटा शक्ति केन्द्रको रूपमा मन परे पनि नपरे पनि जबरजस्त उपस्थित भए । अब बन्दुकलाई निरन्तरता दिइरहँदा माओवादीको अहिलेको साख जोगिन गाह्रो छ । माओवादीको युद्धको काइदामा जति असहमत भए पनि उसले उठाएका सवाल जुन नेपालको अर्थ राजनीतिमा दूरगामी प्रभाव राख्छ, त्यस्ता सवाललाई सात दल र नागरिक समाजले गम्भीरतापूर्वक लिँदै छलफलमा जानै पर्छ ।

फेरिएको आन्दोलनको चरित्रलाई निरन्तरता दिँदै वर्षौंदेखि छलफलमा नल्याइएका सवाललाई प्राथमिकता दिँदै समाजको बहसको घेरा बढाउनु पर्छ । जनजातिहरू आफ्नो अस्तित्वको लडाइँ लडिरहेका छन् । सिंगो कर्णाली र मधेस नेपाल एकीकरणदेखि नै केन्द्रीय सत्ताको सौतेनी व्यवहार खप्न बाध्य छ । सिंगो दलित समुदाय आर्थिक, राजनीतिक र संस्कृति अपमानको सिकार भएको छ । महिला मुक्तिको सवाल छायाँमा छ । त्यसै गरी भूमिसुधार समावेशीय प्रतिनिधित्वको सवाल लुकाएर अबको राज्य सञ्चालन गर्न सम्भव छैन । आन्दोलनकै बखत यस्ता सवाललाई छलफलको विषय बनाउनु उत्तम हुन्छ ।

टालटुले र सामान्य सुधारका प्रक्रियाले अहिले सडकमा जीउज्यान बाजी थापेर आएका नागरिकका आकांक्षालाई थुमथुम्याउन सम्भव छैन । आन्दोलनको माध्यमबाट नागरिकहरू अझै सशक्त हुँदै छन् र भएका छन् । आफ्नो भाग्य फैसला आफै गर्न पाउने संविधानसभाबाहेक अन्य विकल्पले आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक मुद्दाको छिनोफानो भएमा नागरिकलाई चित्त बुझ्नेछैन । त्यति बेला नागरिकसँग एउटा बाटो रहनेछ - संसद् चलिरहेका बेला संसद् घेराउ गर्ने वा पुरानो नेतृत्व र संस्थालाई पूर्ण विस्थापित गर्ने । सात दलले राजनीतिक सवाललाई मिलाएर लगे ठिकै छ । अन्यथा जनतालाई सडकमा गएर परिवर्तनको ढोका खोल्न कसैले रोक्न सक्दैन । प्राविधिक रूपमा संविधानसभाको निर्वाचन कति दिन र कति महिनापछि हुन्छ बेग्लै कुरा, तर समाज र नागरिकको मनमस्तिष्कमा संविधानसभाले जरा गाडिसक्यो । ■

जनआन्दोलनका सहिदहरू बायाँबाट क्रमशः दर्शनलाल यादव, दिपक विक, हिरालाल गौतम, तुलसी क्षेत्री, शिवहरी कुँवर र भिमसेन दाहाल







# स्वतन्त्रताका लागि उत्सर्ग

■ **गोविन्द परियार/काठमाडौं**

**निरंकुश राजालाई** प्रतिनिधिसभा पुनर्स्थापनाका लागि बाध्य पार्ने उन्नाइस दिन लामो जनआन्दोलनमा कम्तीमा १७ जनाले आफ्नो सुन्दर जीवन आहुति दिएका छन् । आन्दोलनमा देशभर हजारौं घाइते भएका छन् भने दुई दर्जनभन्दा बढी अपांग भएका छन् । आन्दोलनमा कम्तीमा पनि दुई दर्जन अझै बेपत्ता छन् । सख्त घाइते भएका र बेपत्ताको अवस्था सार्वजनिक भएपछि जीवन उत्सर्ग गर्नेको संख्या थपिनसक्छ ।

आन्दोलनमा सबैभन्दा बढी दमन भएको गोंगबु क्षेत्रबाट दर्जनभन्दा बढी आन्दोलनकारी बेपत्ता पारिएको आन्दोलनरत दलहरूले बताएका छन् । स्वतस्फुर्त रूपमा जनता आन्दोलनमा लागेका कारण को कहाँबाट बेपत्ता भयो भन्ने यकिन तथ्यांक कुनै निकायसँग छैन । गोंगबु आन्दोलन मोर्चाका अगुवा तथा नुवाकोट कांग्रेसका सभापति जगदिशनरसिंह केसी भन्छन्, 'चैत २९ गते प्रहरीले व्यापक दमन गर्‍यो । त्यो दिन दुई दर्जनभन्दा बढी आन्दोलनकारीलाई सुरक्षाकर्मीले गाडीमा हालेर लगेकामा अहिलेसम्म कुनै जानकारी छैन ।' ती आन्दोलनकारी सम्पर्कमै नभएको केसी बताउँछन् ।

गोंगबुमा ठूलो संख्यामा बेपत्ता भएपछि अहिले उनीहरूको खोजी गर्न समिति गठन गरिएको छ । समितिले केही दिनभित्रै बेपत्ता भएकाहरूको नाम संकलन गरेर खोजी कार्य तीव्ररूपमा थाल्ने बताएको छ । स्थानीय देवेन्द्र सिटौला भन्छन्, 'सधैं आन्दोलनको अग्रपंक्तिमा देखिने दुई दर्जनभन्दा बढी आन्दोलनकारी विजय जुलुसमा समेत देखिएका छैनन् । यसले गर्दा उनीहरूलाई सुरक्षाकर्मीले बेपत्ता पारेको स्पष्टै बुझिन्छ ।' सिटौलाका अनुसार २९ गतेको घटनामा दुइटा सशस्त्रका गाडीमा र दुइ प्रहरीको भ्यानमा लगेका घाइतेहरूको अवस्थाको कुनै जानकारी सुरक्षाकर्मीले दिएको छैन । उनीहरूमध्ये केहीको मृत्यु भएको उनको आशंका छ । गोंगबु, चावहिल, कलंकीलगायतका विभिन्न ठाउँका साथै राजधानीबाहिरका विभिन्न सहरबाट समेत आन्दोलनकारी बेपत्ता भएका छन् ।

आन्दोलन दबाउने क्रममा सुरक्षाकर्मीले कतिपय मृत्यु भएका आन्दोलनकारीको लाससमेत नदिने जस्ता अत्यन्तै गैरमानवीय क्रियाकलाप देखाउँदै आएका थिए । उता सख्त घाइतेहरूलाई बेपत्ता पारेको र उनीहरू कुन अवस्थामा छन् भन्ने जानकारीसमेत नदिएको आन्दोलनकारीले बताउँदै आएका छन् । घटनाको प्रवृत्ति र सुरक्षाकर्मीको दमन हेर्ने हो भने कतिपय सुरक्षाकर्मीले उठाएर लगेका घाइतेको मृत्यु भएको हुनसक्ने प्रत्यक्षदर्शीले बताएका छन् । गोंगबुको विनायक अस्पतालका संचालक गोविन्द ज्ञवाली भन्छन्, 'हामीले हेर्दाहेर्दै गोली लागेका आन्दोलनकारीलाई सुरक्षाकर्मीले आफ्नो गाडीमा कोचेर लगेका थिए, तर उनीहरूको अवस्थाबारे विश्वसनीय जानकारी आएको छैन ।' आन्दोलनमा काठमाडौंमा डेरा गरेर एक्लै बस्दै आएकाहरूको बारेमा जानकारी दिने कोही नभएका कारण थाहा नभए पनि बेपत्ता हुनेको संख्या सोचेभन्दा बढी रहेको ज्ञवाली बताउँछन् ।

लोकतन्त्र वहालीको माग गर्दै भएको शान्तिपूर्ण आन्दोलनमा सुरक्षाकर्मीको दमनका कारण गोंगबुबाट चैत २९ गते बेपत्ता भएका विजय राईको अवस्थाबारे अझैसम्म केही थाहा हुन सकेको छैन । जनआन्दोलनका क्रममा कम्तीमा २ दर्जन आन्दोलनकारी बेपत्ता भएको मानवअधिकारवादी संघसंस्थाले बताएका छन् । यसमध्ये १२ जनाको नामावली *समय*लाई उपलब्ध भएको छ । आन्दोलनकारीले केही व्यक्तिलाई सुरक्षाकर्मीले लिएर गएको बताए पनि सुरक्षाकर्मीले आफूहरूसँग भएका आन्दोलनकारीको परिचयसहित सार्वजनिक गरेको र कसैलाई पनि बेपत्ता नपारिएको दाबी गरेका छन् । नागरिक अधिकार र लोकतन्त्रको लागि जनआन्दोलनमा लागेकाहरूलाई बेपत्ता पार्ने प्रवृत्ति ज्यादै खतरनाक भएको दलका नेताहरूले बताएका छन् । शान्तिपूर्ण जनआन्दोलनमा सुरक्षाकर्मीले गरेको यस्ता अमानवीय कार्यको वर्तमान सात दलको सरकारले कडा कारबाही गर्नु पर्ने र यथाशीघ्र बेपत्ता भएकाहरूको अवस्था सार्वजनिक गर्नु पर्ने पीडित परिवारले बताएका छन् । उनीहरू आफ्ना बेपत्ता पारिएका परिवारका सदस्यको खोजी गरिदिन अनुरोध गर्दै मानवअधिकारवादी संघसंस्था धाइरहेका छन् । जनआन्दोलनमा बेपत्ता पारिएका भनिएकाहरूको बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा दुई दर्जन उजुरी परेको छ । त्यसको खोजीका लागि सम्बन्धित निकायमा सम्पर्क गर्ने प्रक्रिया सुरु भएको आयोगले बताएको छ ।

२०४६ सालको जनआन्दोलनका सहिद परिवारलाई राज्यले यथोचित सुविधा र क्षतिपूर्ति नदिएको पटक पटक सहिद परिवारले आरोप लगाउँदै आएका कारण यसपटकको आन्दोलनका सहिदका बारेमा तत्काल राहत र सुविधाका कार्यक्रम सार्वजनिक गर्न आन्दोलनकारीले दलहरूलाई दबाब दिएका छन् । कतिपय सहिदको नामसमेत खुल्न नसकेका कारण उनीहरूका बारेमा थप अनुसन्धान गरेर परिचय पत्ता लगाउनसमेत आन्दोलनकारीले दलहरूलाई सुझाएका छन् । झापाको सदरमुकाम चन्द्रगढीमा गत वैशाख ६ गते सुरक्षाकर्मीको गोली लागेर मृत्यु भएका चारमध्ये दुईजनाको र कलंकीमा मृत्यु भएका एकजनाको परिचय अझै खुल्न सकेको छैन । चैत २४ देखि वैशाख ११ गतेसम्मको १९ दिन लामो जनआन्दोलनमा १६ जनाले ज्यानको आहुति दिएका छन् भने ५ हजारभन्दा बढी घाइते भएका छन् । उता जनआन्दोलनमा सुरक्षाकर्मीको गोली र लाठी लागेर आठजना दृष्टि गुमाएर अँध्यारोमा बाँच्न विवश छन् । ऐतिहासिक जनआन्दोलनमा सुरक्षाकर्मीको दमनले २४ जना पूर्णरूपमा अपांग भएका छन् ।

वैशाख ७ गते कलंकीमा सुरक्षाकर्मीले चलाएको गोली लागेर एकबारको जुनी गुमाएका सोलुखुम्वुका

**२०४६ सालको जनआन्दोलनका सहिद परिवारलाई राज्यले यथोचित सुविधा र क्षतिपूर्ति नदिएको सहिद परिवारले आरोप लगाउँदै आएका कारण यसपटकको आन्दोलनका सहिदका बारेमा तत्काल राहत कार्यक्रम सार्वजनिक गर्न आन्दोलनकारीले दलहरूलाई दबाब दिएका छन् ।**

दीपक विश्वकर्माको लास घटनाको चार दिनपछि मात्र सनाखत भएको थियो। मोडल अस्पतालबाट जबरजस्ती उनको लास सुरक्षाकर्मीले त्रिवि शिक्षण अस्पतालमा लगेर पोस्टमार्टम गरेको थियो। सात दलको रोहवरमा मात्र छोराको लास बुझ्ने बुबा रहमान विश्वकर्माले बताएपछि प्रहरीले बलजफ्ती लास बुझाएको थियो। २१ वर्षीय दीपक थानकोटस्थित दुग्ध डेरीमा काम गर्दै आएका थिए। दीपक जनमोर्चाको कार्यकर्ता भएको उक्त पार्टीले बताएको छ। उनको अन्त्येष्टिमा जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनले पार्टीको झन्डा ओढाएका थिए।

आमहडताल सुरु हुनुभन्दा अघिल्लो दिन गत चैत २३ गते राजविराजमा एमालेका कार्यकर्ता दर्शनलाल यादव हडताल सफल पार्न निकालेको मसाल जुलुसमा सहभागी हुँदा प्रहरी हस्तक्षेपमा परी सडकमै ढलेका थिए। मसाल खोस्ने क्रममा प्रहरीसँग झडप भई लडेका यादवको मुटुमा समस्या भएको थियो। उपचारका लागि सगरमाथा अञ्चल अस्पताल राजविराजमा भर्ना भएका यादवको उपचार गराउँदा गराउँदै त्यसै दिन राति मृत्यु भएको थियो। आन्दोलनका क्रममा चितवनको भरतपुरमा घरको छतमा बसिरहेका बेला सुरक्षाकर्मीको गोली लागेर गत चैत २७ गते तुलसी क्षेत्रीको मृत्यु भएको थियो। गोली लागेर घाइते भएकी तुलसीको मेडिकल शिक्षण अस्पताल भरतपुरमा उपचार गराउँदा गराउँदै मृत्यु भएको थियो। उनका नौ वर्षीया छोरी र पति छन्। पति कृष्ण पाँच वर्षदेखि साउदी अरवमा काम गर्दै आएका छन्। पत्नीलाई गोली लाग्दा उनका पति साउदी अरबमै थिए। उनका बहिनीहरू प्रमिला अधिकारी र प्रतीक्षा अधिकारीलाई समेत सोही दिन गोली लागेको थियो। उनीहरूको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचार गरिएपछि अहिले सामान्य अवस्थामा छन्।

नेपालगन्जमा भएको जनआन्दोलनमा मुखमा प्रहरीले प्रहार गरेको अश्रुग्याँस लागेर सेतु विकको मृत्यु भएको थियो। अश्रुग्याँस लागेर सडकमै ढलेकी सेतुलाई उपचारको लागि अस्पताल पुऱ्याइएको थियो। उनको उपचारमा संलग्न चिकित्सकहरूले मुखमा अश्रुग्याँस परेको कारण श्वासप्रश्वास प्रणाली विच्छेद भएका कारण मृत्यु भएको बताएका थिए। अश्रुग्याँसले मृत्यु हुने सेतु पहिलो नेपाली हुन्। प्रहरीले वर्षौं पुराना र अवधि सकिएका अश्रुग्याँसका सेल प्रयोग गर्ने गरेको छ जुन थप हानिकारक हुने विशेषज्ञहरूले बताएका छन्। माइतीमा बसेर मजदुरी गरेर जीविकोपार्जन गर्दै आएकी सेतु जनअधिकार प्राप्तिको आन्दोलनमा स्वस्फूर्त आएकी हुन्। दुई, पाँच र सात वर्षका ३ छोराकी आमा सेतुको आर्थिक अवस्था अत्यन्त नाजुक छ भने पति भारतमा मजदुरी गर्छन्।

उता पोखरामा सैनिकले चलाएको गोली लागेर भीमसेन दाहालको मृत्यु भएपछि पूरै पोखरा आन्दोलित भयो। दाहालको लास सेनाले अस्पतालवाट जबरजस्ती निकालेर काभ्रेस्थित उनको घर पुऱ्याएको थियो। दाहालको हत्याविरुद्ध बनेपामा भएको विरोध प्रदर्शनमा प्रहरीको गोलीले शिवहरि कुँवरको मृत्यु भएको थियो। त्यस्तै गुलरियामा भएको प्रदर्शनमा गम्भीर घाइते भएका यमप्रसाद लामिछानेको भारतको लखनउमा उपचारको सिलसिलामै मृत्यु भएको थियो। उता कलंकीमा सुरक्षाकर्मीले अन्धाधुन्द चलाएको गोली लागेर मकवानपुरका वासुदेव घिघिरेको मृत्यु भएको थियो। उनका दुई नाबालक छोरा र पत्नी छन्। उनको मृत्युपछि परिवार विचल्लीमा परेका छन्। कलंकीमा फर्निचर व्यवसाय गर्दै आएका घिमिरे कांग्रेस समर्थित तरुण दलका कार्यकर्ता हुन्।

आफ्नो परिवार र ज्यानको परवाह नगरी लोकतन्त्रको लागि आफ्नो जीवन अर्पेका सहिदहरूको परिवारको पालन पोषणको जिम्मेवारीको ग्यारेन्टी सरकारले लिनु पर्ने आन्दोलनकारीले बताएका छन्। विगतमा भएका गल्ती र कमजोरी पुनः दोहोरिन नदिई सहिद परिवारको पालन पोषणमा समेत सरकारले चासो लिनु सच्चा प्रजातान्त्रिक सरकारको पहिलो कर्तव्य हुन्छ। ■

| | |
|---|---|
| **मृत्यु** | १७ |
| **बेपत्ता** | **२ दर्जन कम्तीमा** |
| **आँखाको दृष्टि गुमाएका** | ८ |
| **अपांग** | २४ |
| **घाइते** | **५ हजार** |

**जनआन्दोलनका सहिदहरू**

चैत २३
दर्शनलाल यादव, राजविराज

चैत २६
भीमसेन दाहाल, पोखरा

चैत्र २७
शिवहरि कुँवर, काभ्रे

चैत्र ३०
विष्णु पाण्डे, नवलपरासी
तुलसी क्षेत्री, चितवन

वैशाख ५
सेतु विक, नेपालगन्ज
हिरालाल गौतम, बारा

वैशाख ६
सुरज विश्वास, झापा
राजन गिरी, झापा

वैशाख ७
कलंकीमा
दीपक विश्वकर्मा, सोलुखुम्वु
वासुदेव घिमिरे, मकवानपुर
सगुन ताम्राकार, काभ्रे
यमलाल लामिछाने बर्दिया

वैशाख ८
गोविन्दनाथ शर्मा, पर्वत
(वैशाख ७ गते कलंकीमा मारिएका १ र वैशाख ६ गते चन्द्रगढीमा मारिएका दुईजनाको परिचय अझै खुल्न सकेको छैन ।)

**बेपत्ता पारिएका भनिएकाहरू**

गोंगबुबाट
विजय राई, टलबहादुर बुढा, रामहरि खरेल, दिनेश घिमिरे, गणेश सापकोटा

कलंकीबाट
दिनेश गोपाली, सुरज राई

चक्रपथबाट
रेशमबहादुर गुरुङ, उषाकुसुम ओली, हरिबहादुर थापा

झापाबाट
युवराज पाठक, हेम खड्का

**रोटरीको सदस्य भएर पनि रुपज्योतिले राजनीति गर्न हुने, राज्यमन्त्री हुन पनि हुने अनि रोटरीले आन्दोलनकारी घाइते पीडित व्यक्तिहरूलाई औषधीमूलो गरेको खण्डमा राजनीति गरेको ठहरिने ? के हो मानवीयता भनेको ? के हो कल्याणकारी सेवा भनेको ? के हो समभाव भनेको ? कसरी अरूले गर्न लागेको कल्याणकारी काम पनि राजनीति भनेर रोक लगाउन सकेको ? कस्तो विडम्बना ?**



लजना मानन्धर

# निष्ठुरी मन

**२०६२ साल वैशाख १ गते,** बिहान ९:०० बजे अन्नपूर्ण होटेल, दरवार मार्ग ।

रोटरी मिड टाउनको नियमित बैठक ।

देशमा जनआन्दोलन चर्किरहेको समय ।

जनआन्दोलन नियन्त्रण गर्न शाही सरकारद्वारा कडा दमनको प्रयास भइरहेको थियो । सुरक्षाकर्मीको लाठी र गोलीले केही व्यक्ति हजारौं घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको समय थियो । नेपालका प्रसिद्ध अभिनेताद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको सक्रियतामा 'जनआन्दोलन प्राथमिक उपचार कोष' मोडेल अस्पतालमा स्थापना भइसकेको थियो । आन्दोलनको क्रममा घाइते भएका व्यक्तिहरू उपचारको लागि सो उपचार कोषमा हरेक संघसंस्था, व्यक्तिमात्र होइन सुरक्षाकर्मी र सरकारी कर्मचारीहरूले समेत सक्दो आर्थिक सहयोग जुटाइरहेका थिए । यस्तो संवेदनशील अवस्थामा अन्नपूर्ण होटेलमा बसेको रोटरी क्लबको नियमित बैठकमा एक सदस्यले अति नै सान्दर्भिक एउटा प्रस्ताव राखे, 'रोटरीको तर्फबाट पनि उक्त कोषमा सबै सदस्यले आर्थिक सहयोग गर्ने ।' तर रोटरीकै एक सदस्य अर्थ राज्यमन्त्री रूप ज्योतिले घाइते आन्दोलनकारीको उपचारार्थ आर्थिक सहयोग गर्न चाहने सदस्यहरूलाई रोक लगाइदिएर चिताउनै नसकिने विडम्बनापूर्ण काम भयो ।

उनको भनाइमा घाइतेहरू आन्दोलनकारी हुन् र आन्दोलन भनेको राजनीतिक घटना हो । र, रोटरी राजनीतिबाट टाढा बस्नु पर्ने संस्था हो । घाइतेहरूलाई सहयोग गरेमा रोटरी राजनीतिमा मुछिन्छ । उपस्थितमध्ये केही सदस्य राज्यमन्त्रीको उक्त विचारसँग पूर्ण सहमत हुन सकेनन् । उनीहरूले फरक विचार राखे - मानवीयताको नाताले पनि सहयोग गर्नु पर्छ । फरक विचार राख्नेमा रोटरी मिड टाउनका अध्यक्ष कोमल चित्रकार पनि थिए । हालै एक पत्रिकाले गरेको सर्वेक्षणले व्यवसायिक क्षेत्रमा नेपालका दस अति प्रभावकारी महिलाहरूमध्ये एक भनेर छानिएकी उद्यमी अम्बिका श्रेष्ठले भनिन्, 'रूप ज्योतिको पदीय दायित्वलाई अप्ठेरो पर्ने गरी त्यो विषयमा यहाँ छलफल नगरौं, बाहिर व्यक्तिगत रूपमा यसबारे व्यवस्थापन गरौं ।'

त्यसो त यो पंक्तिकार त्यो बैठकमा उपस्थित थिएन, तर मैले यी कुरा मित्र प्रकाश अमात्यमार्फत थाहा पाएपछि अचम्भित भएँ । प्रकाश पनि हाम्रा रूप ज्योतिको रवैया देखेर वाल्ल परे छन् । साँच्चै नै यो स्तब्ध पार्ने कुरो हो । यो पंक्तिकार राजनीतिसँग सम्बन्धित व्यक्ति होइन । न त रूप ज्योतिसँग टेलिभिजन, पत्रिका र फोटोबाहेक प्रत्यक्ष भेट नै भएको छ, तर उनी नेपालमा विपश्यना ध्यान फैलाउन योगदान गर्ने व्यक्तित्व हुन् भन्ने थाहा छ, यो पंक्तिकारलाई उनी कल्याणमित्र हुन् भन्ने चाहिँ थाहा छ । यो मानसपटमा उनको जुन छवि थियो, बैठकमा दिएको उनको अभिव्यक्तिले त्यो



समय

**रोटरी क्लबका एक सदस्य अर्थ राज्यमन्त्री रूपज्योतिले घाइते आन्दोलनकारीको उपचारार्थ आर्थिक सहयोग गर्न चाहने सदस्यहरूलाई रोक लगाइदिएर चिताउनै नसकिने काम गरे ।**

सबै चकनाचुर भयो ।

मनमा तुरुन्तै केही प्रश्न उब्जिए । रोटरीको सदस्य भएर पनि उनले राजनीति गर्न हुने, मन्त्री हुन पनि हुने अनि रोटरीले आन्दोलनकारी घाइते पीडित व्यक्तिहरूलाई औषधीमूलो गरेको खण्डमा राजनीति गरेको ठहरिने ? के हो मानवीयता भनेको ? के हो कल्याणकारी सेवा भनेको ? के हो समभाव भनेको ? कसरी अरूले गर्न लागेको कल्याणकारी काम पनि राजनीति भनेर रोक लगाउन सकेको ?

यस्तो न्यूनतम तहको करुणा पनि नभएको व्यक्तित्वले विपश्यना ध्यान केन्द्र समितिको उच्च पद ग्रहण गर्न सुहाउँछ र ? तुरुन्तै फोन गरें ध्यान केन्द्रमा र थाहा पाएँ - गुरु सत्यनारायण गोयन्काको सल्लाहअनुसार उनले मन्त्री पद स्वीकार्नुअघि विपश्यना ध्यान केन्द्रको पद छोडिसकेका रहेछन् ।

रूप ज्योतिका कुरा यो पंक्तिकारले पचाउनै सकिरहेको थिएन । सायद जारी आन्दोलनको यो ८-१० दिनमा नेपाली जनताले खाएको कुटाइ र बगेको रगत हेर्दाहेर्दै यो आक्रोश पलाएको हुन सक्छ । अरूले गर्न लागेको मानवीय सहयोग त बन्देज लगाउने यो सरकारले पीडित वर्गको लागि आफैले साँच्चै केही गर्छ भनेर सोच्नु त व्यर्थजस्तै लाग्यो ।

वास्तवमा रोटरीको लक्ष्य हो- स्वबाट माथि उठेर सेवा, तर यो लक्ष्यको मर्म रूप ज्योतिले कति बुझेका रहेछन् भन्ने उनको अन्नपूर्ण होटल बैठक व्यवहारबाट नै स्पष्ट हुँदैन र ?

रूप ज्योतिको व्यवहारले यहाँ प्रसिद्ध अमेरिकी टेलिभिजन प्रस्तोता ओप्रा विनफ्रीसँग सम्बन्धित एउटा घटनाको सम्झना भयो । ओप्राले अमेरिकाको एक धनी उद्योगीसँगको अन्तर्वार्ताको क्रममा सोधिन्, 'आफूले उत्पादन गरेका लुगाहरू काला जाति र एसियालीहरूको लागि नभई ठूला गोराहरूको लागि मात्र हो भनेर वक्तव्य तपाईंले दिनु भएको हो ?' ती उद्योगपतिले 'हो' भन्ने जवाफ दिनासाथ ओप्राले तिनलाई आफ्नो सोबाट बाहिर निकालिदिइन् ।

यो कुरा सम्झँदा यो पंक्तिकारलाई पनि मनमा लाग्यो, 'त्यस दिन, रोटरी मिटिङको अध्यक्षता गर्न पाएको भए म पनि भन्ने थिएँ, 'गेट आउट... ।' ■



# प्रतिनिधिसभा विघटनदेखि पुन:स्थापनासम्म

■ सुवास देवकोटा/काठमाडौं

**२०५९, जेठ ८ :** राति रहस्यमय ढंगमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजा ज्ञानेन्द्रद्वारा प्रतिनिधिसभा विघटन र कात्तिक २७ गते प्रतिनिधिसभा निर्वाचन हुने घोषणा ।

**असोज १७ :** तत्कालीन प्रधानमन्त्री देउवाद्वारा कात्तिक २७ मा हुने भनिएको निर्वाचन मंसिर ३ गते सार्न सिफारिस ।

**असोज १८ :** राजा ज्ञानेन्द्रद्वारा शाही घोषणामार्फत देउवा सरकार अपदस्त र प्रतिनिधिसभाको निर्वाचन स्थगित गरिएको घोषणा ।

**असोज २५ :** राजा ज्ञानेन्द्रद्वारा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्त ।

**माघ १५ :** माओवादी र सरकारद्वारा युद्धविरामको घोषणा । माओवादीद्वारा डा. बाबुराम भट्टराईको नेतृत्वमा पाँच सदस्यीय वार्ताटोली सार्वजनिक ।

२०६०, **जेठ १६ :** लोकेन्द्रबहादुर चन्दद्वारा प्रधानमन्त्रीबाट राजीनामा ।

**जेठ २१ :** राजा ज्ञानेन्द्रबाट सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त ।

**भदौ १० :** माओवादीद्वारा युद्धविराम र सरकारसँगको वार्ता भंग ।

२०६१, **वैशाख २५:** सूर्यबहादुर थापाद्वारा प्रधानमन्त्रीबाट राजीनामा ।

**जेठ २० :** शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त । एमाले पनि देउवा सरकारमा सामेल ।

**माघ १९ :** शाही घोषणामार्फत राजा ज्ञानेन्द्रद्वारा शेरबहादुर देउवाको नेतृत्वमा रहेको मन्त्रिपरिषद् अपदस्त । आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् बन्ने घोषणा । राजनीतिक दलका नेताहरू पक्राउ, घरमै स्थानहद । संकटकाल लगाइएको घोषणा ।

**माघ १९ :** माओवादीद्वारा शाही सम्बोधन खारेज गरिएको घोषणा, वार्ता र मोर्चा निर्माणका निम्ति संसदीय दलहरूलाई आह्वान ।

**माघ २० :** राजा ज्ञानेन्द्रद्वारा आफ्नै अध्यक्षतामा ११ सदस्यीय मन्त्रिपरिषद् गठन गरिएको घोषणा ।

**फागुन ३ :** डा. तुलसी गिरी र कीर्तिनिधि विष्ट मन्त्रिपरिषद् उपाध्यक्षमा राजा ज्ञानेन्द्रद्वारा नियुक्त ।

**फागुन १३ :** भारतको राजधानी नयाँ दिल्लीमा त्यहाँका राजनीतिक दलहरूद्वारा नेपाली प्रजातान्त्रिक आन्दोलनलाई सहयोग निम्ति 'नेपाल सपोर्ट ग्रुप' गठन ।

**चैत ११ :** शाही नेपाली सेनाद्वारा माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईबीच विवाद चर्को बनेको तथ्य सार्वजनिक ।

**चैत १९ :** माघ १९ देखि निवासमा स्थानहद गरिएका नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला रिहा ।

**चैत २६ :** नेपाली कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र सद्भावना (आनन्ददेवी)को आयोजनामा देशव्यापी प्रदर्शन ।

२०६२ **वैशाख १ :** राजा ज्ञानेन्द्रद्वारा २०६२ भित्रै नगरनिर्वाचन गरिने घोषणा ।

**वैशाख ८ :** तत्कालीन देउवा मन्त्रिपरिषद्का प्रकाशमान सिंहलाई भ्रष्टाचारविरुद्ध शाही आयोगद्वारा पक्राउ ।

वैशाख १४ : भ्रष्टाचारविरुद्ध शाही आयोगद्वारा अपदस्त प्रधानमन्त्री शेरबहादुर देउवा मध्यरातमा पक्राउ ।

**वैशाख १६ :** संकटकाल फिर्ता लिइएको शाही सरकारद्वारा घोषणा ।

**वैशाख १८ :** माघ १९ देखि निवासमै स्थानहद गरिएका एमाले महासचिव माधवकुमार नेपाल रिहा ।

**वैशाख २५ :** सात दल गठबन्धनको निर्माण । सात दलद्वारा राष्ट्रको समस्या समाधान र अग्रगामी निकासको ६ बुँदे एजेन्डा सार्वजनिक । माओवादीसँग वार्ता र संविधानसभाका लागि सात दल तयार ।

**वैशाख २६ :** माओवादी अध्यक्ष प्रचण्डद्वारा सात दलको एजेन्डाको स्वागत र सहकार्यको प्रस्ताव ।

**जेठ १४ :** एमाले नेता वामदेव गौतम माओवादी नेताहरूसँग वार्ताका निम्ति दिल्ली प्रस्थान । माओवादी अध्यक्ष प्रचण्ड र डा. बाबुराम भट्टराईसँग उनको वार्ता ।

**जेठ २१ :** नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला माओवादी नेताहरूसँग वार्ताका लागि दिल्ली प्रस्थान । माओवादी अध्यक्ष प्रचण्डलगायतका नेताहरूसँग वार्ता ।



**जेठ २३** : चितवनको माडीमा माओवादी छापामारद्वारा बसमा बम विस्फोट, ३५ सर्वसाधारणको मृत्यु ।

**असार ४** : माओवादीसँग वार्ता गर्ने र संकट समाधानको उपाय संविधानसभाको निर्वाचन मान्ने सात दलको निर्णय ।

**असार ५** : सात दलको निर्णयको माओवादी अध्यक्ष प्रचण्डद्वारा स्वागत ।

**साउन ३** : डा. बाबुराम भट्टराईमाथिको पार्टी कारबाही फुकुवा गरिएको माओवादी अध्यक्ष प्रचण्डद्वारा सार्वजनिक ।

**साउन ४** : डा. देवेन्द्रराज पाण्डेको अगुवाइमा लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन गठन ।

**साउन २१** : नागरिक समाजद्वारा काठमाडौंको नयाँ बानेश्वरमा लोकतान्त्रिक गणतन्त्रको पक्षमा विशाल सभा आयोजना ।

**साउन ३१** : एमाले केन्द्रीय कमिटीको बैठक सुरु । संविधानसभालाई आन्दोलनको प्रमुख माग बनाउने निर्णय गर्दै भदौ १४ गते सम्पन्न ।

**भदौ १४** : नेपाली कांग्रेसको एघारौं महाधिवेशन सुरु । राजतन्त्रप्रति निरपेक्ष रहने निर्णय गर्दै १६ गते सम्पन्न ।

**भदौ १८** : माओवादीद्वारा तीनमहिने एकतर्फी युद्धविराम घोषणा ।

**असोज १०** : माओवादी केन्द्रीय समितिको बैठक सुरु, बहुदलीय प्रजातन्त्र र प्रतिस्पर्धामा प्रतिबद्धता ।

**मंसिर २** : माओवादी, नेपाली कांग्रेस, एमाले र जनमोर्चा नेताहरूद्वारा सात दल र माओवादीको बाह्रबुँदे समझदारी भारतको नयाँ दिल्लीमा तयार ।

**मंसिर ७** : सात दल र माओवादीद्वारा बाह्रबुँदे समझदारी छुट्टाछुट्टै सार्वजनिक ।

**फागुन २७** : सात दल र माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा बाह्रबुँदे समझदारीप्रति प्रतिबद्धता जाहेर गर्दै दोस्रो समझदारी तयार ।

**चैत ६** : सात दल र माओवादीद्वारा दोस्रो समझदारी छुट्टाछुट्टै सार्वजनिक । माओवादीसँगको समझदारीका आधारमा सात दलद्वारा चैत २४ देखि २७ सम्म आमहडतालको कार्यक्रम सार्वजनिक । माओवादीद्वारा नाकाबन्दी र अनिश्चितकालीन आमहडताल फिर्ता ।

**चैत २२** : सरकारद्वारा काठमाडौं र ललितपुरको चक्रपथभित्र निषेधाज्ञा जारी ।

**चैत २४** : आमहडतालको भव्य सुरुवात, हजारौं आन्दोलनकारी सडकमा उत्रिए ।

**चैत २६** : सरकारद्वारा काठमाडौं उपत्यकाका महत्त्वपूर्ण क्षेत्रमा दिउँसै कर्फ्यु घोषणा, दसौं हजार आन्दोलनकारीद्वारा अवज्ञा र प्रदर्शन । शाही नेपाली सेनाको गोलीबाट पोखरामा भीमसेन दाहालको मृत्यु । चितवनमा प्रहरीको गोलीबाट तुलसी क्षेत्रीको मृत्यु ।

**चैत २७** : सात दलद्वारा आमहडतालले निरन्तरता पाउने घोषणा । काभ्रेको बनेपामा प्रहरीको गोलीबाट शिवहरि कुँवरको मृत्यु । माओवादी अध्यक्ष प्रचण्ड र डा. बाबुराम भट्टराईद्वारा चालू आन्दोलन र आमहडताल आफ्नो पनि कार्यक्रम भएको घोषणा ।

**चैत २९** : काठमाडौंको गोंगबुमा भीषण दमन, गोली लागी सयौं घाइते । कयौं घाइते आन्दोलनकारीलाई प्रहरी र सेनाले बेपत्ता पारेको आशंका ।

**वैशाख १** : राजा ज्ञानेन्द्रबाट देशवासीका नाममा सन्देश । राजनीतिक दलहरूद्वारा वार्ताका लागि राजाबाट भएको आह्वान अस्वीकार ।

**वैशाख ३** : सात राजनीतिक दलद्वारा सरकारलाई कुनै प्रकारको कर नबुझाउन सबैलाई आह्वान ।

**वैशाख ८** : राजा ज्ञानेन्द्रद्वारा कार्यकारी अधिकार जनतामा फर्काएको घोषणा र सात दललाई प्रधानमन्त्रीको नाम सिफारिस गर्न आह्वान ।

**वैशाख ९** : सात दलद्वारा राजाको आह्वान अस्वीकार र आमहडताल जारी राख्ने घोषणा ।

**वैशाख ११** : राजाद्वारा प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा । प्रतिनिधिसभाको बैठक वैशाख १५ गते आह्वान ।

**वैशाख १२** : सात दलद्वारा राजाको घोषणाको स्वागत र प्रतिनिधिसभामार्फत संविधानसभाको निर्वाचन घोषणा गरिने प्रतिबद्धता । ■

**विहारको उत्तरी भारतीय गाउँ** वीरपुरमा गत वैशाख ५ गते एक्कासि सुरक्षा व्यवस्था कडा पारियो । राज्य सरकारले विहारको स्थानीय प्रशासन र सुरक्षानिकायलाई वीरपुरबाट १० किलोमिटर दूरीमा रहेको कोशी ब्यारेजमाथि कडा निगरानी राख्न पनि निर्देशन दियो । प्रहरीमात्र हैन, सेना र सशस्त्र बल पनि परिचालन गरिएको कोशी ब्यारेजमा नेपाली सुरक्षाकर्मीको उपस्थिति नै पर्याप्त हुँदाहुँदै वीरपुरमा किन र कसरी त्यो खलबली मचियो ? ब्यारेजको 'कन्ट्रोल रुम'मा कार्यरत भारतीय कर्मचारीहरू आफै छक्क परे । भोलिपल्ट वैशाख ६ गते हिन्दुस्तान टाइम्समा प्रकाशित समाचारअनुसार नेपालका माओवादीले बम प्रहार गरी कोशी ब्यारेज ध्वस्त पार्ने धम्की दिएकाले वीरपुरमा भारतीय सुरक्षाकर्मीलाई सतर्क पारिएको थियो ।

पटनाका पत्रकारहरू झन्डै एक साताभरि नै यो समाचारको पछि लागे । उनीहरू कोशी ब्यारेजसम्मै आइपुगे, तर नेपालका माओवादीलाई यसको सुइँकोसम्म थिएन । 'हामीले त्यस्तो धम्की दिएकै थिएनौं', माओवादीद्वारा घोषित मधेस सरकार प्रमुख रामकुमारी चौधरी भन्छिन्, 'ब्यारेजमा बम हान्नु नै थियो भने अहिलेसम्म हानिहाल्थ्यौं नि !' सुनसरी र सप्तरी जोड्ने सेतुको रूपमा रहेको कोशी ब्यारेजमा क्षति पुऱ्याएर सर्वसाधारणलाई दुःख दिने माओवादी नीति नरहेको चौधरी बताउँछिन् । भारतीय पत्रपत्रिकाका समाचारमा ब्यारेज भत्किँदा नेपालका दुई जिल्लाबीचको भौगोलिक सम्पर्क टुट्नेभन्दा पनि कोशीको पानी अनियन्त्रित ढंगले एकैसाथ बग्ने र विहारमा विनाश मच्चिने त्रासलाई प्राथमिकता दिइएको थियो ।

कोशीलाई हेर्ने भारतको दृष्टिकोणप्रति चासो राख्ने नेपाली माओवादीबाट ब्यारेज असुरक्षित रहेको शंकालाई तथ्यको रूपमा स्थापित गर्ने खालका भारतीय पत्रपत्रिकाका समाचार निकै नियोजित र रहस्यपूर्ण ठान्छन् । उनीहरू यसलाई प्रत्येक वर्षायाममा फैलाइने कोशी ब्यारेज भत्किनै लागेको हल्लासँग दाँजेर हेर्छन् । यसको उद्देश्य हुन्छ, विकल्पको खोजी । के भारत साँच्चै कोशी ब्यारेज असुरक्षित रहेको हल्ला फैलाएर त्यसको विकल्पको रूपमा उच्चबाँधको निर्माण प्रक्रियालाई गति दिन चाहन्छ ? 'हैन भन्न सकिन्न', जल उपभोक्ता महासंघका केन्द्रीय सदस्य गोपाल कोइराला भन्छन्, 'कोशी ब्यारेज काम नलाग्ने वा असुरक्षित भइसक्यो भन्ने हल्ला फैलाएर नेपालीलाई अत्याउन सके उच्चबाँधको विरोधमा चर्केको स्वर मत्थर पार्न सकिन्छ भन्ने भारतको बुझाइ हुन सक्छ ।'

हुन पनि, कोशी ब्यारेजको आयु छोट्याउन भारतले हल्ला फैलाउनेमात्र हैन, त्यस्तै व्यवहार पनि गर्दै आएको छ । जस्तो, केही वर्षदेखि कोशीको बालुवा निकाल्न नै छाडिएको छ । यसले गर्दा नदीको सतह बढेर वर्षाको बेला ब्यारेजलाई बाढीको वेग थाम्नै गाह्रो हुन्छ । यसैले कोशीमा प्रतिसेकेन्ड २ लाख लिटर पानी बग्न सुरु हुनेबित्तिकै ब्यारेजमा रातो बत्ती बल्न थाल्छ, जुन खतराको संकेत हो । पानीको वेग प्रतिसेकेन्ड ४ लाख लिटर हुँदा त उच्च खतराको संकेतस्वरूप लगातार 'साइरन' नै बज्न थाल्छ, जब कि ब्यारेजको वास्तविक क्षमता साढे ९ लाख क्युसेक पानीलाई नियन्त्रित गरी प्रवाह गर्ने हो ।

'नियमित रूपमा बालुवा निकालिएको भए कोशीमा २ लाख लिटर क्युसेक पानी बग्न थाल्दा नै आत्तिनु पर्ने स्थिति हुँदैनथ्यो', कोइराला भन्छन् । मर्मतमा ध्यान दिइएको भए २०२० सालदेखि प्रयोगमा आएको कोशी ब्यारेज अझै ४० देखि ५० वर्षसम्म दुरुस्त रहन सक्थ्यो भन्ने दाबी कोइरालाको छ । तर, मर्मतप्रति उदासीन रही ब्यारेजको आयु छोट्याउने र यसको विकल्पको रूपमा कोशी उच्चबाँधलाई अघि सार्ने भारतीय नीति रहेको कोइरालाको बुझाइ छ । उनी जुनसुकै कोणबाट ब्यारेजलाई असुरक्षित देखाउने उद्देश्यले भारत आफैले माओवादी धम्कीको हल्ला चलाएको शंका गर्छन् ।

तर, यो त्यही कोशी ब्यारेज हो, जसलाई पहिले उच्चबाँधकै विकल्पको रूपमा लिइन्थ्यो । कोशी उच्चबाँधको अनुमानित लागत १ अर्ब ७७ करोड पुगेपछि भारतले सन् १९५४ मा त्यसलाई पन्छाएर विकल्पको रूपमा ब्यारेज बनाउने निधो गरेको थियो । लामो समय उच्चबाँधप्रति चासो नदेखाएको भारतले सन् १९८१ मा एकैचोटि उच्चबाँधको आवश्यकता महसुस गऱ्यो र सम्भाव्यता अध्ययन थाल्यो । त्यस बेलासम्म विश्वमै उच्चबाँधविरोधी बलियो जनमत बनिसकेको थियो । भारतलाई नेपालमा उच्चबाँध बनाउन सजिलो भएन । अहिले जनस्तरबाट उच्चबाँधको चर्को विरोध भइरहेको छ । सम्भवतः भारत यसैले ब्यारेजलाई काम नलाग्ने अवस्थामा पुऱ्याएर उच्चबाँधलाई रुचि हैन, बाध्यताको रूपमा स्विकार्नु पर्ने अवस्था सिर्जना गर्न चाहन्छ ।

■ **ओमआस्था राई/धरान**

# उच्चबाँधका लागि दबाब ?



**कोशी ब्यारेज काम नलाग्ने वा असुरक्षित भइसक्यो भन्ने हल्ला फैलाएर नेपालीलाई अत्याउन सके उच्चबाँधको विरोधमा चर्केको स्वर मत्थर पार्न सकिन्छ भन्ने भारतको बुझाइ हुन सक्छ ।'**

# रिपोर्ट बिजुली

# लोडसेडिङबाट राहत



सात राजनीतिक दलको आह्वानमा भएको उन्नाइस दिनको लगातारको आमहडतालका क्रममा सहरियाहरू अनेकौं झन्झट व्यहोर्न बाध्य भए पनि दैनिक ५ घन्टाको लोडसेडिङबाट भने मुक्त हुन पाए । र, अहिले आएर नेपाल विद्युत् प्राधिकरण यो वर्ष आंशिक रूपमा भए पनि बिजुली संकटबाट मुक्त भएको अनुभव गर्दै छ । लगातार १९ दिनको आमहडतालका कारण औद्योगिक र व्यापारिक संस्थाहरू बन्द भएकाले बिजुलीको माग ह्वात्त घटेपछि आम उपभोक्ताले लोडसेडिङको 'लोड' व्यहोर्नु परेन ।

फागुन दोस्रो सातादेखि दैनिक ३ घन्टा र चैत १५ देखि दैनिक ५ घन्टा लोडसेडिङ गर्दै आएको प्राधिकरण अहिले मर्स्याङदी आयोजनाबाट पानी फाल्दै छ, सबैभन्दा ठूलो कालीगण्डकीलाई दबाब नपर्ने गरी ठिक्क उत्पादन गर्दै छ भने महँगो मल्टिफ्रयुलबाट बिजुली उत्पादन बन्द गरेको छ । दुहबीस्थित मल्टिफ्रयुल सबैभन्दा महँगो आयोजनाको रूपमा थियो र साँझमा अत्यधिक माग भएका बेला प्राधिकरणले कम्तीमा एक युनिटको १७ देखि १८ रुपैयाँ खर्च गरेर बिजुली उत्पादन गर्ने गर्दथ्यो ।

प्राधिकरणको वेब साइटमा 'सबै औद्योगिक, व्यापारिक तथा गार्हस्थ ग्राहकहरूले साँझ ६ बजेपछि आफ्नो विद्युत् खपतमा सकेसम्म किफायत गरी सहयोग गरिदिनु भएमा लोडसेडिङको प्रभाव कम गर्न नेपाल विद्युत् प्राधिकरण प्रयासरत रहनेछ' भन्ने सूचना गरिरहेको छ भने भार प्रक्षेपण केन्द्र स्युचाटारका प्राविधिकहरू आरामले ग्राहकसमक्ष उज्यालो पुऱ्याउन सफल छन् ।

भार प्रक्षेपण केन्द्रका एक प्राविधिक भन्छन्, 'उत्पादनले माग धानेको छ, लोडसेडिङ गर्नु पर्ने अवस्था नै आएन । यसको एक मात्र कारण आमहडतालले गर्दा औद्योगिक र व्यापारिक संस्थाहरूको काम ठप्प हुनु नै हो ।'

प्राधिकरणको वार्षिक प्रतिवेदन २०६१ अनुसार कुल उत्पादनको करिब ३९ प्रतिशत बिजुली आमग्राहकले प्रयोग गर्छन् भने त्यतिकै मात्राको बिजुली औद्योगिक प्रतिष्ठानले प्रयोग गर्छन् । यसबाहेक व्यापारिक तथा सरकारी र गैरसरकारी कार्यालयले प्रयोग गर्ने बिजुली ५, ५ प्रतिशतको हाराहारीमा छ । औद्योगिक र व्यापारिक कारोबार ठप्प भएकाले आमउपभोक्ताले लोडसेडिङबाट मुक्ति पाएका हुन् । भार प्रपेक्षण केन्द्रका प्रमुख शेरसिंह भाटका अनुसार चैत २४ गतेअघि उच्च माग हुने साँझको बेलामा ५ सय ६० मेगावाटसम्म बिजुली आवश्यक हुन्थ्यो भने आमहडतालको क्रममा उद्योगहरू बन्द भएका बेला आमउपभोक्ताको अधिकतम माग ४ सय ७० मेगावाटमा झरेको छ ।

प्राधिकरणका अधिकारीहरूका अनुसार एउटा सकारात्मक पक्ष के छ भने १९ दिन लामो आमहडताल खुलेपछि पनि फागुनचैतको जस्तो लामो लोडसेडिङको मार खप्नु पर्ने छैन । यसो अवस्था आउनुका पछाडि यसबीच उल्लेखनीय वर्षा भएर कुलेखानीको जलाशयमा पानीको सतह बढ्नु र वैशाखको दोस्रो सातादेखि हिउँ पग्लिएर हिमाली क्षेत्रबाट उत्पत्ति भएका ठूला खोलाहरूको बहाव बढ्नु पनि हो । फागुन १२ गतेदेखि सुरुमा दैनिक तीन घन्टाबाट सुरु भएको लोडसेडिङ हिमाली खोलाको पानी सुक्दै र कुलेखानीको जलाशय घट्दै गएपछि चैत १५ देखि दैनिक ५ घन्टा पुगेको थियो । प्राधिकरणले जेठसम्म नै लामो लोडसेडिङ हुने बताउँदै आएको थियो ।

प्राधिकरण उत्पादन विभागले दिएको जानकारीअनुसार जनआन्दोलन सुरु भएका दिन २०६१ चैत २४ गते कुलेखानीको पानीको सतह समुद्री सतहबाट १४९४.३१ मिटरमा थियो भने २०६३ वैशाख १० गते त्यसको सतह बढेर १४९४.७९ मिटर पुगेको छ । अर्थात् यो अवधिमा कुलेखानीमा पानीको सतह ०.४८ मिटर बढेको छ । गत वर्ष मनसुनमा पानी कम परेकाले कुलेखानीको जलाशय भरिएको थिएन । विगतका वर्षहरूमा समुद्री सतहबाट १५३० मिटरसम्म पानी भरिने जलाशयमा अघिल्लो वर्षामा १० मिटरतलै सीमित थियो । कुलेखानीको पानी १४८३ मिटरसम्म हुन्जेल विद्युत् उत्पादन गर्न सकिन्छ ।


यसपल्टको खड्गो पार गरेपछि प्राधिकरण आउँदो वर्ष लोडसेडिङ निकै कम हुने भरोसामा छ । उत्पादन विभागका एक अधिकारीले भने, 'यो वर्षका लागि लोडसेडिङका संकट टऱ्यो, अर्को वर्ष भारतबाट बिजुली ल्याउने काम धमाधम हुँदै छ, त्यसपछि त मध्यमर्स्याङदी योजना आइहाल्छ ।' ७० मेगावाटको मध्यमर्स्याङदी आयोजना ०६३ सालको पुससम्म सम्पन्न गर्ने नयाँ लक्ष्य छ ।

नाम उल्लेख गर्न नचाहने ती जिम्मेवार अधिकारीको कुरा पत्याउने हो भने आगामी वर्ष नेपालले भारतबाट करिब ४० मेगावाट बिजुली आयात गर्नेछ । नेपाल र भारतबीच एकापसमा १५० मेगावाटसम्म बिजुली किनबेच गर्न सक्ने सम्झौता भए पनि कार्यान्वयनमा आउन सकेको छैन । वर्षामा आवश्यकताभन्दा बढी उत्पादन हुने नेपालको बिजुली किन्न भारत राजी भएको छैन । भारत एकातिर वर्षैभरि निश्चित मात्रामा बिजुली लिन चाहन्छ भने अर्कोतिर नेपाललाई बढ्ता भएको वर्षायामको बिजुली निकै सस्तोमा भेटाएको अवस्थामा मात्र किन्ने प्रस्ताव गरिरहेको छ । नेपाल र भारतबीचको एक सम्झौतानुसार दुई मुलुकले बिजुली आदान-प्रदान मात्र गर्न सक्छन् । यसले गर्दा प्राधिकरणले आफूलाई नचाहिएको बिजुली व्यापारिक संस्थाको हैसियतमा बेच्न पनि उत्तिकै समस्या छन्, तर केही वर्षदेखि दुवै देश आदान-प्रदानको सम्झौता परिवर्तन गरेर व्यापारिक हिसाबमा कारोवार गर्ने बाटोमा अग्रसर छन् ।

उता भारतले नेपाललाई बेच्न चाहेको बिजुली पनि पूर्वाधारको अभावमा नेपालले लिन सकेको छैन । सुनसरीको भन्टाबारीबाट भारतको कटैया १३२ केभी ट्रान्समिसन लाइनबाट विद्युत् लिन लाइनको काम धमाधम हुँदै छ । आउँदो तीन चार महिनाभित्रै लाइन तान्ने काम सकिने विश्वासमा रहेका प्राधिकरणका उच्च अधिकारीहरू आउँदो वर्षको हिउँदमा भारतीय बिजुलीको सहयोगमा लोडसेडिङको अँध्यारो चिर्ने कल्पनामा रमाइरहेका छन् । स्रोतका अनुसार कटैयाबाहेक सुदूरपश्चिमको टनकपुरबाट पनि नेपालले भारतीय बिजुली भित्र्याउने तयारी गरिरहेको छ । यी दुवै आयात परम्परागत बिजुली साटासाटको सिद्धान्तभन्दा व्यापारिक कारोवारको नीतिमा आधारित हुनेछ ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**




स्याडो रिपोर्ट दुर्भाग्य बनेको छ। यसले एचआइभी संक्रमणको नियन्त्रणमा भएका प्रयासलाई ओझेलमा पारिदियो', नेपाल हार्म रिडक्सन काउन्सिलका अध्यक्ष ऋषि ओझा भन्छन्।

# गलत सूचनाको मार

■ **मनीष गौतम/काठमाडौं**

**एचआइभी/एड्ससम्बन्धी** संयुक्त राष्ट्रसंघीय महासभा (अनग्यास)मा नेपालको उपस्थिति सुरुमै विवादमा मुछिने भएको छ। एक महिनापछि न्युयोर्कमा हुन लागेको यस विशेष महासभामा नेपालको तर्फबाट दुईवटा प्रतिवेदन प्रस्तुत हुने भएका छन्। सरकारले प्रस्तुत गरेको 'कन्ट्री रिपोर्ट'लाई चुनौती दिएर नागरिक समाजको प्रतिनिधित्व भन्दै ब्लु डायमन्ड सोसाइटी (बिडिएस)ले 'स्याडो रिपोर्ट' पठाइसकेको छ।

सरकारतर्फको प्रतिवेदनलाई युएनएड्सले सघाएको छ भने बिडिएसको उक्त प्रतिवेदनका लागि एड्सको क्षेत्रमा प्रभावशाली मानिएका अन्तर्राष्ट्रिय संस्था 'द इन्टरन्यासनल काउन्सिल अफ एड्स सर्भिस अर्गनाइजेसन-आइसिएएसओ'ले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराएको थियो। उक्त महासभामा 'स्याडो रिपोर्ट'मा उल्लेख सवाललाई जोडदारका रूपमा उठाइने बताइएको छ।

नागरिक समाजको न्यून सहभागितामा युएनएड्सको सहयोगमा सरकारले तयार पारेको प्रतिवेदनले मुलुकको एचआइभी/एड्सको अवस्था सही ढंगले झल्काउन नसकेको 'स्याडो रिपोर्ट' प्रतिवेदक सुनिलबाबु पन्त बताउँछन्। 'सरकारले सबै पक्षको सहभागिता रहेको छ भन्दै हतारमा प्रतिवेदन तयार पारेर बुझायो', पन्त भन्छन्, 'तर सरकारी प्रतिवेदनमा उल्लेख गरिएका सबै कुराको निर्णय पहिले नै सरकार तथा दातृ निकायले तयार पारेका थिए। आँखामा छारो हाल्न सहभागिताको नाममा दुईदिने परामर्श बैठक बोलाई तयार पारिएको उक्त प्रतिवेदनले मुलुकको एचआइभी/एड्सको सही चित्रण गर्दैन।'

सरकारको तर्फबाट बुझाइएको प्रतिवेदनमा नेतृत्व, साझेदारी तथा नागरिक समाजको संलग्नता रहेको एचआइभी संक्रमणको नियन्त्रण तथा यसको जोखिम समूहमा कार्यक्रम लक्षित गरिएको प्राथमिकताका साथ उल्लेख गरिएको छ। 'स्याडो रिपोर्टले गलत सूचना दिएको छ र मनोगत रूपमा तथ्यांक उल्लेख गरेको छ', राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. श्यामसुन्दर मिश्र बताउँछन्।

सन् २००१ को जुनमा नेपाल लगायत १ सय ८९ मुलुकले विभिन्न सवालमा प्रतिबद्धता जनाउँदै संयुक्त राष्ट्रसंघीय एचआइभी/एड्ससम्बन्धी घोषणामा हस्ताक्षर गरेका थिए। पाँच वर्षपछि हुन थालेको संयुक्त राष्ट्रसंघीय महासभाले एचआइभी/एड्स नियन्त्रण तथा संक्रमितको हक अधिकार राज्यले पूरा गरे या नगरेको भन्ने विषयमा महत्त्व राख्ने छ। 'स्याडो रिपोर्ट'ले नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता पूरा नभएको निष्कर्ष दिएको छ। 'अनग्यास के हो र यसमा के घोषणा गरिएको छ भन्नेबारे पाँच वर्षको यति लामो अवधिमा एचआइभी संक्रमित तथा संक्रमणको जोखिममा रहेकालाई कुनै जानकारी छैन र भए पनि त्यो निकै कम छ', स्याडो रिपोर्टमा उल्लेख छ, 'सरकारले यसखाले अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गर्छन्, तर प्रतिबद्धता पूरा गर्दैनन्। प्रतिबद्धता पूरा गर्न नसकेपछि मुलुकमा चलेको द्वन्द्वलाई निहुँ बनाउने गरेका छन्।'

सरकारद्वारा तयार गरी महासभामा पठाइएको प्रतिवेदनमा एचआइभी/एड्ससम्बन्धी प्रभावकारी नीति तथा रणनीति तयार भएको, राष्ट्रिय कार्ययोजना तयार पारिएको, योजना निर्माण तथा कार्यान्वयनमा नागरिक समाजसहित बहुपक्षीय संलग्नता रहेको उल्लेख छ। जे जति योजना तथा रणनीति तयार पारे पनि त्यसले व्यवहारिक रूप भने लिन सकेको छैन। एचआइभी/एड्सका रणनीति निर्देशक सिद्धान्तमा राजनीतिक प्रतिबद्धतालाई जोड दिँदै प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय एड्स परिषद् स्थापना भएको चार वर्ष पुगेको छ, तर यस अवधिमा शेरबहादुर देउवा एकपटक मात्र प्रधानमन्त्री हुँदा जम्मा १५ मिनेटको बैठक बसेको थियो।

त्यसैगरी एचआइभी संक्रमितहरूको जीवन आयु लम्ब्याउने 'एन्टी रेट्रो भाइरल- एआरभी' सरकारले निःशुल्क उपलब्ध गराउने लोकप्रिय निर्णय गरेको छ। ग्लोबल फन्डअन्तर्गत आगामी ५ महिनाभित्र ७ सय ५० जना संक्रमित व्यक्तिलाई एआरभी औषधी दिनु पर्ने कार्यतालिकामा प्रस्तुत गरे पनि त्यो कार्यान्वयन हुन सकेको छैन। केन्द्रले ग्लोबल फन्डअन्तर्गत आकस्मिक प्रयोजनका लागि भनेर ५० जनालाई एआरभी औषधी उपलब्ध गराएको छ।

एचआइभी संक्रमितलाई निःशुल्क एआरभी औषधी उपलब्ध गराउने निर्णय गरेपछि औषधी खोज्नेहरूको भीड टेकु अस्पतालमा लाग्ने गरेको छ। एक वर्षदेखि निःशुल्क औषधी खोज्दै अस्पताल धाउने एचआइभी संक्रमितहरूको संख्या हजार नाघेको छ। एचआइभी तथा एड्स महासंघ नेपालका अध्यक्ष राजीव काफ्ले भन्छन्, 'एआरभीको अभावमा संक्रमित साथीहरूको अकाल मृत्यु भइरहेको छ।'

महासभामा पठाइएको सरकारी प्रतिवेदन तयारी प्रक्रियामा सहभागिता जनाएको बिडिएसले तयार पारेको 'स्याडो रिपोर्ट' अनैतिक रहेको भन्ने गुनासो पनि यति बेला उठेको छ । 'नागरिक समाजको तर्फबाट अनग्यास रिपोर्ट तयारीका लागि बिडिएसको प्रत्यक्ष सहभागिता रहेको थियो', युएनएड्सका वरिष्ठ परामर्शदाता महेश शर्मा भन्छन्, 'यसमा सहमति जनाएको संस्था वा व्यक्तिले अर्को समानान्तर प्रतिवेदन बनाउनु जायज मानिँदैन ।'

बिडिएसले आफू राष्ट्रिय प्रतिवेदन तयारीमा सहभागी भएको बताए पनि त्यसमा अपुग र उल्लेख नभएका कुरा 'स्याडो रिपोर्ट'मा प्रस्तुत गरेको बताएको छ । पन्त भन्छन्, 'यसबारे हामीले युएनएड्स र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रलाई जानकारी गराएका थियौं ।'

उक्त 'स्याडो रिपोर्ट' नेपालको नागरिक समाजको प्रतिनिधित्व गर्दै यति बेला अन्तर्राष्ट्रिय समुदायमा पुगिसकेको छ । यसमा उठाइएका कुरा अन्तर्राष्ट्रिय समुदायले सरकारसँग उठाउनेछ । 'उक्त रिपोर्ट नेपालका लागि दुर्भाग्य बनेको छ । यसले एचआइभी संक्रमणको नियन्त्रणमा भएका प्रयासलाई ओझेलमा पारिदियो', नेपाल हार्म रिडक्सन काउन्सिलका अध्यक्ष ऋषि ओझा भन्छन्, 'यसबारे समयमै अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पार्न सकिएन भने यसबाट एचआइभी/एड्सको क्षेत्रमा नेपालको छवि धमिलिनेछ ।'

सरकार तथा बिडिएसले तयार पारेको प्रतिवेदनबारे चर्को विवाद देखा परे पनि एचआइभी


Monitoring the Implementation of the UNGASS
Declaration of Commitment
Country Report
Nepal

Prepared by: Sunil Babu Pant,
Blue Diamond Society
Kathmandu, Nepal

संक्रमितहरूको नेतृत्वमा खुलेका संस्थाले अनग्यासका बारेमा केही जानकारी नपाएको बताएका छन् । 'एचआइभी संक्रमित केही साथीहरू जो सक्रिय र सूचनाको पहुँचमा छन् उनीहरूका लागि अनग्यासका बारेमा थाहा भए पनि अधिकांशलाई यसबारे केही थाहा छैन', नवकिरण प्लसका उपाध्यक्ष सुरेन्द्र शाह भन्छन्, 'मैले पनि अनग्यास भनेर शब्द मात्र सुनेको छु, तर यसबारे केही थाहा छैन । व्यक्तिगत सम्पर्कको आधारमा एचआइभी संक्रमित भएकालाई बोलाइन्छ ।' एचआइभी संक्रमितहरूलाई सहभागी भएको देखाउनका लागि मात्र टोकनका रूपमा बोलाउने गरिएको र अनग्यासमा एचआइभी संक्रमितहरू उल्लेख्य सहभागी नरहेको उनीहरू बताउँछन् । 'काम र निर्णय अनि रिपोर्ट तयार भएपछि मात्र हामीलाई जानकारी हुन्छ', शाह भन्छन्, 'रिपोर्ट सबै आफ्नो अनुकूल तयार पारिन्छन् ।'

न्युयोर्कमा हुन थालेको अनग्यास बैठक नजिकिँदै जाँदा सरकारले हतारमा यससम्बन्धी दुईवटा परामर्श बैठक काठमाडौंमा संचालन गरेको थियो । यसप्रति स्वयं सहभागीहरू सन्तुष्ट देखिँदैनथे । प्राविधिक र अंग्रेजी भाषा बाहुल्य रहेको ती बैठकमा विशेष गरी राजधानीबाहिरका संस्थाबाट प्रतिनिधित्व रहेका सहभागी अलमलिएका देखिन्थे ।

'अनग्यासका बारेमा धेरै संस्थालाई थाहा नभएको भने पक्कै हो', एड्सविरुद्ध अभियानमा सक्रिय १ सय ६० वटा गैरसरकारी संस्थाको संजाल नानगानका अध्यक्ष हरिप्रसाद अवस्थी भन्छन्, 'हामीले ढिलै भए पनि अनग्यासका बारेमा समुदायमा कार्यरत संघ-संस्थालाई थाहा दिन कार्यक्रम संचालन गरेका थियौं ।'

अनग्यास सन्धिमा हस्ताक्षर गरेका मुलुकले एचआइभी/एड्ससम्बन्धी नेतृत्व, सेवा तथा उपचार, एचआइभी/एड्स र मानवअधिकार, जोखिम न्यूनीकरण, एचआइभी/एड्सका काण जोखिममा परेका वा टुहुरा बनेका बालबालिका, एड्सले पारेको सामाजिक तथा आर्थिक प्रभावबारे पूरा गर्नु पर्ने प्रतिबद्धता रहेका हुन्छन्, तर नेपालले लक्ष्यअनुरूपको प्रतिबद्धता हासिल गर्न नसकेको स्पष्ट संकेत सरकारले तयार पारेका प्रतिवेदनमा स्पष्ट उल्लेख छ । ■





यसबर्ष सहिद स्मारक लिग जितेर प्रिसिडेन्टकपमा सहभागिता जनाउने मौका पाएको मनाङ मर्स्याङ्दी क्लबको पुरानो टोली ।

तस्वीर तेज बस्नेत

# मलेसियामा के गर्ला मनाङले ?

■ नवीन अर्याल/काठमाडौं

**नेपाली फुटबलमा** बेग्लै तर विशिष्ट स्थान बनाएको मनाङ मर्स्याङ्दी क्लब अहिले विदेशी भूमिमा आफ्नो कौशल देखाउन लालायित छ। भर्खरै नेपालको प्रतिष्ठित सहिद स्मारक लिग जितेर ६ पल्ट राष्ट्रिय लिगको उपाधि जित्ने इतिहास बनाएको मनाङ मलेसियामा आयोजना हुन लागेको दोस्रो संस्करणको एएफसी प्रेसिडेन्टकपको तयारीमा छ। तर, अभ्यासका लागि क्लबले पाएको अपर्याप्त समय र राम्रा खेलाडीको बहिर्गमनले मनाङको तयारी पूरै प्रभावित बन्न पुगेको छ। प्रतियोगिता नजिकिँदै जाँदा तयारीमा देखिएको अपर्याप्तताका कारण मनाङको प्रदर्शन बलियो हुनेमा कमैलाई विश्वास छ। तैपनि क्लबले विदेशमा राम्रो प्रदर्शन गर्ने दाबी गर्दै आइरहेको छ।

गत वर्ष नेपालबाट सुरु भएको एएफसी प्रेसिडेन्टकपको पहिलो संस्करणमा सहभागिता जनाएको थ्रीस्टार क्लबले सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो। त्यति बेला थ्रीस्टार उत्कृष्ट प्रदर्शन गर्ने क्रममा कीर्गिस्तानको डोर्डोइ डाइनामो क्लबसँग टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित भएको थियो। गत वर्षको तुलनामा यसपालि मनाङ कडा समूहमा परेको छ र छोटो समयमै सफलताको सिँढी चढेको यो क्लब प्रेसिडेन्टकपको सफलतामा कति सफल हुनेछ ? यो सबै नेपाली फुटबलप्रेमीका लागि कौतुहल बनेको छ।

**अपर्याप्त समय र राम्रा खेलाडीको बहिर्गमनले एएफसी प्रिसिडेन्टकपमा मनाङको तयारी पूरै प्रभावित बन्न पुगेको छ। प्रतियोगिता नजिकिँदै जाँदा तयारीमा देखिएको अपर्याप्तताका कारण मनाङको प्रदर्शन बलियो हुनेमा कमैलाई विश्वास छ। तैपनि क्लबले विदेशमा राम्रो प्रदर्शन गर्ने दाबी गर्दै आइरहेको छ।**

'कि हामी पहिलो चरणबाट माथि उठ्नेछैनौं, पहिलो चरण पार गर्‍यौं भने उपाधिको हकदार नै हामी हुनेछौं', मनाङका प्रशिक्षक छिरिङ लोब्साङ भन्छन्। पहिलो पल्ट प्रेसिडेन्टकपको तयारीमा रहेको मनाङ समूहगत खेलमा ताजकिस्तानको भाक्स फुटबल क्लब, किर्गिस्तानको डोर्डोइ डाइनामो र श्रीलंकाको रत्नम स्पोर्टस् क्लबसँग भिड्दै छ। गत वर्षको प्रेसिडेन्टकपको उपाधि ताजकिस्तानको रेगर ताडाज क्लबले जितेको थियो। यो वर्ष रेगर ताडाजको स्थानमा ताजकिस्तानी राष्ट्रिय फुटबलको उपाधि जितेर भाक्स फुटबल क्लब यो प्रतियोगिताका लागि छनोट भएको छ। गत वर्ष फाइनलमा पुगेर ताजकिस्तानी क्लबलाई उपाधि सुम्पिएको बलियो डोर्डोइ क्लब यो वर्ष पनि प्रेसिडेन्टकपका लागि छनोट भएको छ।

'गत वर्ष हामीले सबै विदेशी क्लबको खेल हेरिसकेका छौं। नेपाली फुटबलको स्तर उनीहरूभन्दा कम छैन। उनीहरू अलिकति शारीरिकरूपमा सशक्त छन्', मनाङका नवनियुक्त कप्तान टासी छिरिङ भन्छन्। नेपाली राष्ट्रिय टोलीका डिफेन्डर टासीले भर्खरै बंगलादेशको चटगाउँमा सम्पन्न एएफसी

च्यालेन्जकपमा प्रभावशाली प्रदर्शन गरेका थिए । उनले उक्त प्रतियोगितामा २ गोल गरेका थिए ।

हाल नेपालमा लोकतन्त्रको आन्दोलनमा सात राजनीतिक दल तीन साता लामो आन्दोलनमा समाहित रहेका बेला मनाङ प्रेसिडेन्टकपको अभ्यासबाट चुकेको थियो । 'देशमै लोकतन्त्रको आन्दोलन भएका बेला अभ्यासबाट चुक्नु स्वभाविक हो', प्रशिक्षक छिरिङ भन्छन् । प्रेसिडेन्टकप बैशाख २७ देखि जेठ ६ गतेसम्म मलेसियामा आयोजना हुँदै छ । यो प्रतियोगिता यसअघि कम्बोडियामा हुने तय थियो, तर कम्बोडियाले विभिन्न कारणदेखाई प्रतियोगिता गर्न नसक्ने जानकारी दिएपछि सरेर मलेसियामा हुन लागेको हो ।

मनाङले औपचारिकरूपमा यस प्रतियोगिताको लागि चैत १९ गतेदेखि अभ्यास सुरु गरे पनि नेपालमा जारी जनआन्दोलनका कारण राम्रोसँग अभ्यास गर्न पाएको थिएन । वैशाख ११ गते राति राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापना गरेको घोषणा गरेपछि मनाङ गम्भीररूपमा प्रतियोगिताको अभ्यासमा जुटेको छ । 'अहिले हामी बिहान र साँझ गरी दिनको दुईपल्ट अभ्यासमा उत्रिएका छौं', कप्तान छिरिङ भन्छन् । मनाङका लागि प्रतियोगितामा भाग लिन १५ दिनको समय बाँकी छ । के यो अवधिमा मनाङले आफ्नो अभ्यासमा सुधार ल्याउँदै प्रेसिडेन्टकपमा राम्रो प्रदर्शन गर्न सक्ला त ? क्लबका लागि यो नै मुख्य चुनौती बनेको छ । फेरि यसअघि नै प्रमुख खेलाडी मानिएका प्रभावशाली मिडफिल्डर कप्तान कुमार थापा, गोलरक्षक विकास मल्ल र सदावहार स्ट्राइकर वसन्त थापा क्लबबाट बाहिरिसकेको स्थितिमा मनाङले कस्तो प्रदर्शन गर्ला ?

२०६० र २०६२ सालमा मनाङले सहिद स्मारक लिगको उपाधि जित्दा क्लबको कप्तान कुमार थापा थिए । उनी यही सिजनदेखि सशस्त्र प्रहरीको एपिएफ क्लबमा अनुबन्धित भइसकेका छन् । यसैगरी यो वर्ष मनाङ सहिद स्मारक लिगको विजेता हुँदा प्रभावशाली भूमिका निर्वाह गरेका राष्ट्रिय टोलीका नयाँ गोलरक्षक विकास मल्ल पनि त्रिभुवन आर्मीमा अनुबन्धित भएका छन् । नेपालका सदावहार स्ट्राइकर तथा मनाङका विश्वासिला स्ट्राइकर वसन्त थापा जापानमा अध्ययनमा रहेकाले ६ महिनादेखि नै मनाङबाट टाढिसकेका छन् ।

अन्तर्राष्ट्रिय नियमका कारण मनाङ यस वर्षको लिगमा आफ्नो क्लबमा अनुबन्धित ५ विदेशी खेलाडीबाट पनि विमुख भइसकेको छ । २०६२ सालको सहिद स्मारक लिग जित्न मनाङले नाइजेरियाका ५ खेलाडीलाई अनुबन्धित गरेको थियो । यो वर्ष मनाङलाई लिग जिताउन नाइजेरियाका नुरुद्दिन ओलावाले, फेलिक्स चिमाओकबु, स्ट्यान्ले क्याप्रिवन, इमोआ डेनियल र लतिफ एड्रिसिनाले प्रमुख भूमिका निर्वाह गरेका थिए । अन्तर्राष्ट्रिय नियमानुसार विदेशी खेलाडीको अनुबन्धको मिति ६ महिना पूरा नभएका कारण यी पाँचै खेलाडी प्रेसिडेन्टकपमा मनाङबाट सहभागी हुन पाएनन् । वसन्तको अनुपस्थितिमा यसपालिको लिगमा नुरुद्दिनले १७ खेलमा १३ गोल गरेका थिए ।


मनाङले प्रेसिडेन्टकपका लागि संकटाका गोलरक्षक संगीत रजक, सोही क्लबका स्ट्राइकर राजकुमार घिसिङ, थ्रीस्टारका अनिल गुरुङ, प्रवेश कटुवाल, निराजन खड्का र जावलाखेलका तीलक गुरुङलाई केही महिनाअघि मात्र अनुबन्धन गरेको छ । संगीत, अनिल र निराजन गत वर्ष युथ-१९ एसियाकपको क्वालिफाइङ राउन्डमा नेपाली युथ-१९ टोलीमा समावेश थिए । निराजनले गत वर्ष काठमाडौंमा भएको पहिलो एएफसी प्रेसिडेन्टकपको सेमिफाइनलमा कीर्गिस्तानको डोर्डोइ डाइनामो क्लबविरुद्ध निर्णायक पेनाल्टी चुकाएका थिए । यसले थ्रीस्टार प्रतियोगिताको सम्भावित फाइनल प्रवेशबाट चुकेको थियो ।

हाल मनाङ टोलीमा राष्ट्रिय अनुहारका रूपमा कप्तान टासी छिरिङ, वसन्त गौचन, नवीन न्यौपाने, उमेश उप्रेती र सागर थापाबाहेक सन्दीप राई, सचिन श्रेष्ठ, सञ्जय गुरुङ, खुम गुरुङ, पंकज लामा, प्रशान्त गिरी र रितेश खड्का छन् ।

मनाङले अभ्यासका लागि बैशाखको तेस्रो सातादेखि थाइल्यान्डको बैंककमा अभ्यास खेल खेल्ने बताएको छ । 'अहिलेसम्म टिम निर्धारण भएको छैन, तर हामी २-३ वटा अभ्यास खेल खेल्नेछौं', कप्तान टासी भन्छन् । प्रशिक्षक छिरिङका अनुसार बैंकक भ्रमणले टिममा अनुबन्धित नयाँ खेलाडी र क्लबका पुराना खेलाडीबीच तालमेल मिलाउन रचनात्मक भूमिका निर्वाह गर्नेछ । निश्चय नै उनले भनेजस्तै मनाङले बैंककमा आफ्नो खेलमा कतिको सुधार गर्नेछ ? यसले नै प्रेसिडेन्टकपमा मनाङको सान उजागर गर्नेछ विदेशी भूमीमा । ■



# निवार्तामा उज्यालोको खोजी




**सीमान्त आकाश** निवार्ता संग्रह लिएर आएका छन्, युवा सर्जक नेत्र एटम। प्रस्तुत निवार्ता संग्रहमा नेपाली साहित्यका ३५ जना स्थापित साहित्यकारसँगको अन्तर्वार्ता निबन्धात्मक रूपमा पस्किइएको छ। नेपाली साहित्यमा निवार्ता लेखन पछिल्लो चरणमा भित्रिएको हो।

निवार्ता संग्रहमा उपन्यासकार, कथाकार, गजलकार, निबन्धकार, अनुवादक, कवि, समालोचकलगायत सबैलाई समेट्ने प्रयास गरेका छन्, लेखकले। शास्त्रीय कवि माधवप्रसाद घिमिरेदेखि प्रयोगवादी कवि जगदीशशमशेरसम्म, ऐतिहासिक उपन्यासकार डायमनशमशेरदेखि हास्यव्यग्यंकार चट्याङ मास्टरसम्मको दृष्टिकोण राखिएको छ पुस्तकमा। अन्तर्वार्ताको क्रममा कृतिकार आफू पनि प्रस्तुत भएका छन्, अर्थात् उनले अप्रत्यक्ष रूपमा आफ्नो विचार पनि पस्केका छन्। यसैले प्रस्तुत संग्रहलाई छत्तीसजना सर्जकसँगको अन्तर्वार्ता पनि भन्न सकिन्छ। लेखकप्रतिका आफ्ना धारणा, समाजले उनीहरूप्रति राखेको दृष्टिकोणका विषयमा अन्तर्वार्ता दिने व्यक्तिहरूले आफ्नो विचार र स्पष्टीकरण घतलाग्दो पाराले दिएका छन्। पत्रकारिता, प्राध्यापन र समालोचना क्षेत्रमा छरिएर रहेको एटम कौशल यस संग्रहमा समिश्रण भएर आएको छ।

निवार्ताकार एटम यस्तो कृतिको लागि निबन्धकार शंकर लामिछानेको बिम्ब प्रतिबिम्ब र उत्तम कुँवरको स्रष्टा र साहित्यबाट प्रेरित रहेको स्वीकार गरेका छन्। यद्यपि, लामिछाने र कुँवरका उक्त कृति वर्णनात्मक खालका छन् र यिनमा व्यक्तित्वलाई हेर्ने काम बढी भएको छ। यस कृतिमा समालोचनात्मक पक्ष अधिक रूपमा समेटिएको छ। कृतिमा हालसम्म लेखनरत सर्जकहरू मात्र समेटिएका छन्।

निवार्ताकारले लेखकका खराबीतर्फ सूक्ष्म संकेत गरे पनि उनीहरूका कमजोरीतर्फ ध्यान दिएका छैनन्। अर्थात् स्रष्टाहरूका विशेषता खोतल्ने कार्यतर्फ केन्द्रित रहेका छन् एटम।

अन्तर्वार्ताका क्रममा समय र मिति पनि स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसो गर्दा पुस्तकमा समेटिएका विचार र धारणा कुन समयमा व्यक्त गरिएका हुन् भनेर पाठक एवं अध्येतालाई निर्क्योल गर्न सजिलो पर्नेछ।

■ **डिल्ली आचार्य**




# चिया
## पढ्दा नुन जस्तो

**कृषिप्रधान मुलुक** नेपालमा चियाखेतीको महत्त्वपूर्ण भूमिका रहेको छ। नेपालमा विगत लामो समयदेखि यसको खेती गरिँदै आए पनि यसलाई अझै स्तरीयता प्रदान गर्नु आवश्यक छ। यसै हेतुले चिया हेर्दा सुन जस्तो पुस्तक लिएर आएका छन् करुणकुमार रावल। प्रस्तुत पुस्तकमा उनले नेपाल विकास निगममा बीस वर्षसम्म काम गरेको अनुभव समेटका छन्। यसका साथै लेखकले तात्कालिक रूसी महासंघ र भारतका विभिन्न चिया क्षेत्रको अवलोकनबाट यससम्बन्धी ज्ञान हासिल गरेका छन्। उक्त अनुभवलाई उनले किताबमा सविस्तार वर्णन गरेका छन्।

उनले दुईवटा भागमा गरी चिया क्षेत्रमा देखिएका समस्या र समाधानको उपाय सुझाएका छन्। भारत र जापानमा भएको चिया विकासको विवरण, चियाखेतीको लागि अत्यावश्यक तत्त्वहरू, बिरुवा तयार गर्ने तरिका, बोटको काटछाँट, पत्ती टिप्ने प्रविधि, रोग र झारपातबाट सुरक्षा जस्ता कुरा भाग- १ मा समेटिएको छ।

भाग- २ मा चियाका उत्पादित प्रकार र बनाउने तरिका, यसको गुणस्तरका साथै कफी र अलैंची खेतीको विकास, तिनीहरूको प्रशोधन विधि र उपयोगका बारेमा पनि चर्चा गरेका छन्।

नेपाली नगदेवालीको रूपमा प्रसिद्ध उत्पादन चिया, अलैंची र कफीखेतीबाट कसरी अधिक फाइदा लिन सकिन्छ भन्ने कुरा प्रस्तुत गर्न लेखक सफल भएका छन्। ■

# कुकुरको नालिबेली




**हाम्रो समाजमा** कुकुर पाल्ने चलन परम्परागत हो। सहरीकरणसँगै यसमा अझ वृद्धि भएको छ। कुकुरपालनलाई व्यवस्थित गर्नेबारे आफ्नो अनुभव समेटी कुकुर हाम्रो साथी नामक पुस्तक रचेका छन्, लामो समयदेखि केन्द्रीय प्रहरी कुकुर तालिम स्कुलमा कार्यरत दण्डपाणि भट्टराईले।

लेखकले विभिन्न पत्र पत्रिकामा प्रकाशित कुकुरसम्बन्धी रोचक प्रसंगको चर्चा गरेका छन् पुस्तकमा। कुकुरलाई दिइने खोप, औषधी र तालिम दिने तौर तरिकालगायत कुकुरपालनको निम्ति आवश्यक कुरा पनि पस्तकमा समेटिएको छ।

# तिम्रो युद्ध

■ **विप्लव प्रतीक**



**म के भनूँ** अहिले तिमीलाई
म कति विचलित छु
यो तिम्रो युद्धमा म कति आन्दोलित छु।

हेर त, एकातिर धार लगाइरहेछ औजार आफैं
अर्कोतिर औजारका पुराना बिँडहरू
आधुनिक औजार बन्न आतुर छन्
र ती निरीह असंख्य जनता आज
औजार लिन चाहन्छन् आफ्नो हातमा
आफ्नो भाग्य सिंगार्न।

तर, मलाई लाग्दैन
हठात् वर्षा हुन्छ हाम्रो आँगनमा
मलाई लाग्दैन
एक्कासि इन्द्रेणी छाउँछ हाम्रो आकाशमा
र बाँच्न पाउनेछन् हाम्रा प्यारा नानीहरू
नीलो आकाशमुनि हरिया भुइँमा।

अहिले के राँकिन्छ सूर्य
अहिले के खरिन्छ मरुभूमि
म त्यति उम्लिरहेछु रातो-तातो फलामको लेदोमा।

होस् छाडिदेऊ यो यज्ञ
र बिर्सिदेऊ आहुतिको अवसरलाई
किनभने कुनै दिन फेरि लड्नु पर्नेछ तिमीले
एउटा निर्णायक युद्ध।
लड्नु, त्यतिखेर लड्नु
उन्मादको ज्वालामा लपेटिएर
चोक्टा चोक्टा मासु र थोपा थोपा रगत होइन
उत्सर्ग गर्नु आफ्ना प्रत्येक तन्तु।
तर, त्यतिखेर तिमीले
औजारसहित त्यसको बिँडलाई पनि
खरानी पार्नु, नामोनिसान मेटाउनु त्यसको।

बिँडकै कारण त
औजारमा उनिरहेछ कसैले
शताब्दियौंदेखि तिम्रा पुर्खा र तिम्रो अस्तित्वलाई
र पाएसम्म उन्नेछ त्यसले
तिम्रा सन्तान दरसन्तानलाई अझै,
लड्नु त्यसैले
उन्मादको ज्वालामा लपेटिएर कुनै दिन
चोक्टा चोक्टा मासु र थोपा थोपा रगतमात्र होइन
उत्सर्ग गर्नु आफ्ना प्रत्येक तन्तु त्यस बखत।

अहिले त म देखिरहेछु
बिँड तयार छ -
औजारसँग मिलेर
तिमीलाई हिस्स पार्न
तिम्रो हुर्मत लिन। ■

# फोकाहरू

■ **विवश बस्ती**

**फोकाहरूले** कहिल्यै पनि देखेनन्
आफ्नो भविष्य

केही क्षणका लागि उत्पत्ति हुनु
र बिलाउनु केही क्षणमा नै
जलतरंगको स्वाद चाखेर
बस्!
फोकाहरूले सिकेको कुरा यति हो
फोकाहरूले जानेको कुरा यति हो

अल्पकालीन हुन्छ उसको सपना
उसको संवेदना
भोक
र स्वरहरू पनि हुन्छन्
विशुद्ध अल्पकालीन

वर्तमान सँगसँगै
भविष्य पनि हुन्छ भन्ने
गहिरो सत्यदेखि
धेरै टाढा छन् फोकाहरू
र
देख्दैनन् कहिल्यै पनि आफ्नो भविष्य
■

# सुरक्षा

■ **स्नेह सायमि**

**एक दिन**
हाम्रो गाउँमा
एउटा अजंगको गिद्ध आइपुग्यो
र
भन्यो
म 'शाकाहारी गिद्ध' हुँ
म तपाईंहरूको काखे बालकलाई ठुङ्नेछैन
म तपाईंहरूको चल्लाहरू च्यापेर उड्नेछैन
म सिनोमा आँखा लगाउनेछैन

गाउँले हो!
गिद्ध देखेर डराउनु पर्दैन
यो गाउँमा गिद्धहरूको तर्फबाट
गाउँकै सुरक्षाको लागि आएको हुँ

अर्को दिन
हाम्रो गाउँमा
एउटा मोटो स्याल आइपुग्यो
र
भन्यो
म जोगी र धर्मात्मा स्याल हुँ
म तपाईंहरूको कुखुरा चोर्नेछैन
म तपाईंहरूको बाख्राका पाठा मार्नेछैन
म तपाईंहरूको मन दुखाउनेछैन
म स्यालहरूको तर्फबाट
तपाईंहरूको गाउँमा
सुरक्षाको निम्ति खटिएको हुँ
तपाईंहरूले अब सुरक्षाको चिन्ता गर्नु पर्दैन

अहिले यी दुई 'सुरक्षाकर्मीहरू'
हाम्रो गाउँको आँगनहरू चहारिरहेछन्
हाम्रा कुखुरा, पाठा, चल्लाहरूको लगत
राखिरहेछन्
गाउँलेहरूको सन्चो, बिसन्चो
सोधिरहेछन्
गाउँलेहरूमध्ये कोही 'सुरक्षा'विरोधी छन् कि
भनेर खोजीनीति गरिरहेछन्

असुरक्षाको कहिल्यै महसुस गर्न नपरेको
चोरी-डकैतीको सम्भावना नै नभएको
हाम्रो गाउँमा
गिद्ध 'पहरा' दिइरहेको छ
स्याल 'रखवारी' गरिरहेको छ

गिद्ध र स्याल गाउँलेहरूले नचाहँदै पनि
गाउँको 'सुरक्षा' गरिरहेका छन्।
गाउँलेहरू भने उनीहरूबाटै
असुरक्षित महसुस गरिरहेका छन्। ■

# मृत्युको पहिरो

■ **मणि लोहनी**

**तिमी र मबाहेक** हाम्रो प्रेमको साक्षी
अब केही बाँकी रहेन

त्यो लेकको घुमाउरो उकालो
मनै हर्ने गुराँसे पाखा र पटक पटक तिम्रो
पछ्यौरी लुछ्ने घंघारुका बुटाहरू
शीतमा चिप्लिनु या कुहिरोसँगै उदास बग्नु
...बगिरहनु
नजिकैको हिमाललाई छुन खोज्नु या
हत्केलाले दुवै आँखा छोपेर निहार्नु
मनभित्र तिमीलाई
सबै सम्झना बने अब,
चराको गीत पछ्याउँदै पछ्याउँदै जंगलैजंगल भाग्नु
र, कालिज लुक्ने घारीहरूमा आफूलाई लुकाउनु
अँगालोमा खोई के साट्थ्यौं हामी
माया या उमेरको तातो ?

हामीसँगै अकासिने फूलहरू बादलका
तिम्रो ओठझैं चञ्चल कुलकुले खोली
घामजस्ता उज्याला बाटा
मीतजस्ता सङ्ला कुवा र ढुंगेधाराहरू
सबै हाम्रो प्रेमको साक्षी थिए
त्यो मूलबाटोको देवीथान
मान्छेलाई धैर्य सिकाउने त्यो चौतारो
या हाम्रै रहरजस्ता उत्ताउला मृगको बथान

तिमी र मबाहेक हाम्रो प्रेमको साक्षी
अब केही बाँकी रहेन

खोई ! कहाँनेर साँघुरियो मनहरू मान्छेका
र पटक पटक भोगिरहेछौं मृत्युको पहिरो

एकपछि अर्को गर्दै बिलाएका गाउँहरू हेर

मूलबाटोमा को दौडिएको त्यस्तरी ?
को चिच्याएको पर जंगलमा ?
किन भागेका त्यस्तरी चराहरू ?

कसरी हिँड्न सक्नु अब त्यो लेकको घुमाउरो उकालो
कालिज लुक्ने घारीहरूमा किन थापिन्छ एम्बुस
हामीलाई चिस्याउँदै बग्ने
त्यो कुलकुले खोली किन रातम्मे देख्छु ?
सन्नाटा भेट्छु चौतारीमा, चुक घोप्टिएको छ
गोली र बारुदको आवाजमा
कसरी बिलायो होला चराको गीत
कहाँ पुगे होलान्,
बुटको गरप... गरप... सँगै भागेका
मृगका ती बथानहरू ?

साँच्ची भनेको,
तिमी र मबाहेक हाम्रो प्रेमको साक्षी
अब केही बाँकी रहेन
त्यो मूलबाटोको देवीथान
ढुंगेधारा, त्यो कुवा
चौतारीको शीतलता या जंगलको नीरवता

हेर त, कसरी फुलेको गुराँसे पाखामा विध्वंस ?
कसरी हिँडेको मूलबाटै बाटो भएर त्यो मृत्युको पहिरो ?

कहिले फर्केला मान्छेको मन
र सँगै फर्केलान् हाम्रा साक्षीहरू । ■

# प्रवेशद्वारमा समय

■ **गोपाल पराजुली**

**नयाँ परिवर्तनले**
नयाँ संवादको जन्म दिन्छ कि भनेर
परिवर्तन खोजिरहेको म
मेरो नयाँ सोच
र संवेदनाको विस्तारबाट
नयाँ विचारको जन्मको शुभसूचना दिँदै
र आफूलाई पूर्ण ठान्ने
केन्द्रवादीहरूका विचार रद्द गर्दै
मानवताको मुक्तिको प्रयोजनमा
केन्द्र भत्काएर
मानिसको मुक्तिको खबर
मानिसलाई सुनाउन लागिरहेको म
तिमी दमनव्यवस्थाका
सम्पूर्ण रक्तलिप्साका प्रमाण
वर्तमानअगाडि देखाउँदै
भविष्यमाथि लागिरहेका प्रश्नचिन्हका
सम्पूर्ण नजिरसहित
मेरो नजिक आउन लागेको हेरिरहेछु

यो युगले
मृत्युबोधको साक्षात्कार गरिरहेको
निरीक्षण गर्दै
र शत्रुहरूको सम्पूर्ण केन्द्रीय योजना
संकटमा परेको घोषणा गर्दै
शत्रुहरूको सम्पूर्ण इतिहास
मेरो सन्देहभित्र परेको
र शब्द र अर्थको सम्बन्ध
टुटिरहेको यो बेला



परदेशी बन्दै गएको
त्रस्त र एकाकी संसारमा
यो संसारको त्रासदीको
साक्षी हुन इन्कार गर्दै
भयावह वीभत्स क्रूर
असहनीय हुन सक्ने यो संसार छोडेर
म कलम लिएर
मौन रहन सक्तिनँ भन्दै
र एक्काइसौं शताब्दीमा
यो संसार आएका बेला
संसारलाई
हेरीमात्र रहने
पर्यवेक्षकको रूपमा रहनेछैन भन्दै
तिमीलाई हेरिरहेछु

मानिसलाई
आफ्नो अस्तित्वको अधिकार लिन
र हतियार त्याग भन्न सक्ने
अवस्थामा छु भन्दै
संसारको सम्मानमा
तिम्रो सम्बन्धको
र शान्तिको कसममा
शत्रुहरूलाई यो युग दिन इन्कार गर्दै
र उनीहरूलाई लिएको संसार
मानिसको हातमा नपुऱ्याएसम्म
यो संसारमा
जति ढोका खुले पनि
औपचारिक रूपमा प्रवेश गर्नेछैन भन्दै
तिमी भएको जुन संसारमा प्रवेश गरेको छु
त्यो संसारबाट
तिमीलाई स्वतन्त्र नगरी
बाहिर ननिस्कने
अर्को
र अन्तिम घोषणा गरिरहेछु ■

# होला लोकतान्त्रिक ?

■ छत्र कार्की/काठमाडौं

**राजधानीमात्र होइन,** सरकारी दमनका बीच पनि मुलुकको बाहिरी भागमा समेत लोकतान्त्रिक आन्दोलनमा मानवसागर नै उर्ल्यो यसपटक। कवि, लेखक, कलाकार, वकिल, डाक्टर, इन्जिनियर, पत्रकार, व्यापारीलगायत सबै क्षेत्रका मानिसको आन्दोलनमा उल्लेखनीय सहभागिता रहेको थियो। स्रष्टाहरू समेत सडकमा ओर्लेर निरंकुशताविरुद्ध गोली थाप्नसमेत तयार भए। आठ दशक हिउँद काटेका साहित्यकार सत्यमोहन जोशीलगायत कयौं सर्जक अभिव्यक्ति स्वतन्त्रताको पक्षमा खुलेर लागे। तर, राजाको माघ १९ को कदम र नगरनिर्वाचनको समर्थनमा विचार राख्नको लागि टिभी क्यामराको अघि देखिन तँछाडमछाड गर्ने नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञहरूले लोकतान्त्रिक आन्दोलनलाई राजनीतिक चस्माले मात्र हेरे। त्यसो त आन्दोलनको पारो माथि चढेको थाहा पाएपछि उपकुलपति र सदस्यसचिवबाहेक अरू प्राज्ञले सम्बद्ध पक्षबीच शान्तिको लागि वार्ता हुनु पर्छ भन्ने आशयको विज्ञप्ति निकाले। तर, बाहिर विज्ञप्ति निकाले पनि भित्रीरूपमा उनीहरूमा व्याप्त लोभीपापी मनोविज्ञान प्रस्ट देखिन्थ्यो, विज्ञप्तिको अस्पष्टताबाट नै। आखिरी चरणमा पनि प्राज्ञहरूले स्वतन्त्रताको पक्षमा दलहरूको आन्दोलनप्रति म सहमत छु भन्न सकेनन्। यो घटनाबाट मुखले अभिव्यक्ति स्वतन्त्रताका पक्षपाती भने पनि हाम्रा मुलुकका प्राज्ञमा रहेको दास मनोवृत्ति उजागर भएको विश्लेषण गर्नेहरूको संख्या ठूलो छ। साहित्यकार हरिगोविन्द लुँइटेल भन्छन्, 'प्राज्ञहरू मुलुकका चिन्तक हुन्, यदि आम जनताको भावनाविपरीत गएर सत्ताको चाकरी गर्ने हो भने प्राज्ञ शब्दकै अवमूल्यन हुन्छ।'

लोकतान्त्रिक आन्दोलनले सफलताको एक चरण पार गरिसकेपछि अहिले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पुनःसंरचनाको हुनु पर्छ भनी बहस उठेको छ। प्रशस्तै बहसबाट मात्रै प्रज्ञाप्रतिष्ठानलाई नयाँ मोडलमा ल्याउन सकिन्छ, यसका लागि नै भनेर केही समय त पक्कै घोत्लिनु पर्छ। हुन पनि पचास वर्षको इतिहास रहेको प्रज्ञाप्रतिष्ठान न त आम साहित्यकार, कलाकार र सर्जकको बन्न सक्यो, न त यसले अन्तर्राष्ट्रिय जगत्मा नेपाली साख राख्न सक्यो। यसले त खालि साहित्यकारलाई जागिर बढी र कम सिर्जनात्मक कामतर्फ अभिप्रेरित गऱ्यो। दरवार साहित्यकारहरूलाई आफ्नै केन्द्र वरिपरि घुमाउन सफल भयो।

साहित्यकार नारायण ढकाल भन्छन्, 'स्थापना कालदेखि अहिलेसम्म प्रज्ञाप्रतिष्ठान सत्ता सहयोगी अंग मात्र भएको छ, आम लेखक र कलाकारको संस्था बन्न सकेको छैन।' प्रज्ञाप्रतिष्ठानप्रति आम स्रष्टाको गुनासो छ, 'यो साहित्यकार, कलाकारलाई जागिर खुवाउने थलोमात्र भएको छ।' हुन पनि जो जो विरोधका स्वर निकालिरहेका हुन्छन्, उनीहरू नै प्रज्ञाप्रतिष्ठानमा आएपछि ठोस काम गरेको पाइँदैन। वार्षिक साढे ५ करोड रुपैयाँ बजेटको ७० प्रतिशतजति हिस्सा 'ओभर स्टाफिङ'ले गर्दा तलब, पेन्सनमा खर्च गर्नु पर्ने र आम्दानीको अरू स्रोत बढाउन फिटिक्कै काम नगर्ने अवस्था रहेसम्म तदर्थवादबाट प्रज्ञाप्रतिष्ठान चल्ने देखिँदैन। 'यो त एउटा कारणमात्र बन्न सक्ला', साहित्यकार विष्णुविभु घिमिरे भन्छन्, 'प्राज्ञहरू स्वाभिमान रहेसम्म आफ्नो आस्थाविपरीत चाकडी बजाउनु पर्दैन।' जनआन्दोलनको सफलतापछिको विकसित नयाँ सन्दर्भमा प्रज्ञाप्रतिष्ठान अब यथास्थितिबाट अघि बढ्न नसक्ने निश्चित देखिएको छ। साहित्यकार घिमिरे भन्छन्, 'प्रज्ञाप्रतिष्ठानलाई गतिशील बनाउने हो भने अहिलेको परिवर्तित अवस्थालाई पहिलेको ऐनले सम्बोधन गर्न सक्दैन, त्यसमा आमूल परिवर्तनको खाँचो छ।' पंचायतीकालमा धेरै साहित्यकारले दरबारको स्तुतिगान लेखेरै धेरै आर्थिक लाभसमेत गरे। प्रजातन्त्रपछि स्तुति, चाकडी र चाप्लुसी केही हदसम्म कमजस्तो देखिए पनि मानसिकतामा परिवर्तन भने भएको छैन।

निरंकुशताविरुद्ध २०४६ सालको आन्दोलनमा पनि स्रष्टाहरूले कालोपट्टी बाँधेर विरोध जनाएका थिए। ऐतिहासिक बनेको छ, स्रष्टाहरूको उक्त प्रदर्शन अहिलेसम्म पनि। आखिर निरंकुशतन्त्र



अब प्रज्ञा प्रतिष्ठान होइन, लोकतान्त्रिक स्रष्टा प्रतिष्ठान ?

समय


निहुरिनै पऱ्यो, जनतासामु। जनआन्दोलन सफलभएपछि साहित्यकार पारिजातको संयोजकत्वमा बनेको प्राज्ञिक संघर्ष समितिले प्रज्ञाप्रतिष्ठानको संरचना र गठनविधि प्रजातान्त्रिक हुनु पर्छ भनी बहस चलाएको थियो। साहित्यकार लुईँटेलका अनुसार समितिले त्यतिखेर प्रज्ञाप्रतिष्ठान सुधारका लागि प्रस्ताव गरेका माग अहिलेसम्म पनि उही रूपमा छन्। प्रजातन्त्र आएपछि साहित्यकार पारिजात प्रज्ञाप्रतिष्ठानलाई विशुद्ध प्राज्ञिक थलो बनाउनु पर्ने अभियानमा अग्रणी भूमिका खेलेकी थिइन्। त्यस बेला प्रज्ञाप्रतिष्ठानको पुनःसंरचनाको मुद्दाले राजधानीको साहित्यिक माहोल तताएको थियो, तर व्यवहारमा कार्यान्वयन हुन सकेन। २०४६ सालपछि प्रज्ञाप्रतिष्ठानको नयाँ ऐन आयो, यसमा गरिएको व्यवस्थाले अन्ततः चाकडी प्रथालाई नै पक्षपोषण गऱ्यो। प्रजातान्त्रिक दलहरूले समेत प्रज्ञाप्रतिष्ठानलाई प्रजातान्त्रीकरण गर्ने मुद्दालाई प्राथमिकता नदिई प्रधानमन्त्री कुलपति र राजा संरक्षक रहने नयाँ व्यवस्था कायम गरियो। राजनीतिक नेताहरूको प्रभावमा उपकुलपति नियुक्ति हुने परिपाटी बसेपछि गैरलोकतान्त्रिक चिन्तन भएका व्यक्तिहरूसमेत भटाभट उपकुलपतिजस्तो गरिमामय पदमा भए। यो प्रज्ञाप्रतिष्ठानको लोकतान्त्रिक रूपान्तरणको लागि बाधक बन्यो। राजाले सत्ता लिएपछि त उपकुलपति, सदस्यसचिवदेखि प्राज्ञहरूको नियुक्तिमा समेत दरवारको प्रमुख भूमिका रह्यो। त्यस्तै प्रभावमा बनेको वर्तमान नेतृत्वले प्रज्ञाप्रतिष्ठानको लोकतान्त्रिक रूपान्तरणका निम्ति भूमिका खेल्ला भनेर आशा गर्ने ठाउँ छैन। अहिलेको प्रज्ञाप्रतिष्ठानमा लोकतान्त्रिक दलहरूबाट प्रतिनिधित्व गर्ने प्राज्ञहरू पनि राजाको माघ १९ को कदमपछि प्रतिगामी बने। लोकतान्त्रिक आन्दोलनमा आउन आग्रह गर्ने एक कविलाई एकजना प्राज्ञले 'हिजोका साना भाइहरू राजनीति सिकाउन आए' भन्ने जवाफ दिएका थिए। एक कवि भन्छन्, 'नागरिक अधिकार संकटमा पर्दा यसका निम्ति आवाज उठाउँदा जागिर जाला कि भन्ने लोभीपापी प्राज्ञहरूले प्रजातान्त्रिक र प्रगतिशीलताको बिल्ला लगाउनु कुनै औचित्य देखिँदैन।'

प्रज्ञाप्रतिष्ठानको नामबाटै परिवर्तनको सुरुवात गर्नु पर्छ भन्ने साहित्यकारको संख्या कम्ती छैन। राजाले राजकीय र सार्वभौमसत्ता जनतामा हस्तान्तरण गरिसकेको अवस्थामा प्रज्ञा प्रतिष्ठानमा 'राजकीय' शब्द झुन्ड्याइरहनुको तुक नहुने तर्क छ उनीहरूको। यदि प्रज्ञाप्रतिष्ठानलाई आम समुदायको बनाउने हो भने एउटा परिवारलाई प्रतिनिधित्व गर्ने 'राजकीय' शब्दको सट्टा तमाम जनतालाई सम्बोधन गर्ने खालको नाम आउनु पर्छ भन्ने आम चाहना पनि रहेको छ।

अहिलेको जल्दोबल्दो विषय हो - प्रज्ञाप्रतिष्ठानलाई लेखकको स्वायत्त संस्था बनाउने। तर, यो काम त्यति सजिलो पक्कै पनि छैन। पदीय हैसियत बोकेका गैरसाहित्यिक व्यक्तिहरूलाई विद्यमान अवस्थामा बारम्बार अंकुश लगाइरहँदा कहिल्यै प्रज्ञाप्रतिष्ठान लेखकको स्वायत्त संस्था बन्न नसकेको जगजाहेर छ। त्यसैगरी उपकुलपतिभन्दामाथि राजा र प्रधानमन्त्रीजस्ता गैरसाहित्यिक व्यक्तिहरू रहने व्यवस्थाले प्रज्ञाप्रतिष्ठानलाई स्वतन्त्र प्राज्ञिक थलो बनाउने भएकाले यसमाथिको बहस अघि सारिएको छ। प्राज्ञिक व्यक्तित्वहरूको छनोट लोकतान्त्रिक एवं पारदर्शी प्रक्रियाबाट हुनु पर्छ। अहिले नेपालको द्वन्द्व समाधानको लागि चर्चाको अस्त्र भएको छ, समावेशी लोकतन्त्र। त्यसैले होला, प्रज्ञाप्रतिष्ठानलाई पनि समावेशी बनाउनुपर्ने धारणा राख्दै साहित्यकार विक्रम सुब्बा भन्छन्, 'समावेशी सिद्धान्तअनुरूप नै नयाँ प्रज्ञाप्रतिष्ठान गठन हुनु पर्छ, जहाँ क्षेत्रीय, महिला, दलित, जनजाति सबै वर्गलाई समेट्दै प्रतिनिधित्व हुनु पर्छ।' यसबाटमात्रै प्रज्ञाप्रतिष्ठानलाई सबै वर्गका लेखकको संस्था बनाउन सकिने सुब्बाको धारणा छ। जनआन्दोलन चलिरहँदा जब दलहरूले समानान्तर सरकारको कुरा उठाएका थिए। त्यस बेला कवि सुब्बाले 'प्रतिगामी' प्रज्ञाप्रतिष्ठानको समानान्तर संस्थाको रूपमा लोकतान्त्रिक प्रज्ञापरिषद् गठन हुनु पर्ने अवधारणा छलफलको लागि प्रस्ताव गरेका थिए।

स्थापना कालदेखि नै प्रज्ञाप्रतिष्ठानको बाहिर उद्देश्य जे ल्याए पनि अन्तरनिहितरूपमा राजपरिवारको चाकडीमा लिप्त रहेको भेटिन्छ। प्रज्ञाप्रतिष्ठानबाट किताब निकाल्दा अग्रभागमा राजपरिवारका सदस्यहरूको फोटो छाप्नेमात्र होइन, राजपरिवारको स्तुतिपरक किताब निकाल्नसमेत सघाएको थियो यसले। २०४६ सालअघिसम्म प्रत्येक वर्षको कविता महोत्सवमा दरवारले नै कविताको शीर्षक तोक्ने गर्थ्यो। २०४६ पछि भने कविता महोत्सवमा दरवारले शीर्षक तोक्ने परम्परा हट्यो। दास मानसिकताको अवशेष नफ्याँकेसम्म प्रज्ञाप्रतिष्ठानलाई गतिशील र जीवन्त बनाउन सजिलो भने पक्कै छैन। अब पनि यथास्थितिमा प्रज्ञाप्रतिष्ठान चलाएर सरकारले करोडौं रकम बालुवामा पानी हालेसरह खर्च गर्नुको अर्थ छैन।

प्रज्ञाप्रतिष्ठानलाई आम जनताको बनाउनु पर्ने सर्वसाधारणको माग छ। यसका लागि त्यहाँभित्रका प्राज्ञहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। साहित्यकार सुलोचना मानन्धर भन्छिन्, 'प्राज्ञहरूले दास मनोवृत्तिबाट माथि उठ्नु पर्छ, आम जनताको कुरा बोल्न प्राज्ञहरूले आँट गर्नु पर्छ।' ■



# मञ्जुललाई सुन्ने मौका

**कवि तथा गीतकार** मञ्जुल यो साता नेपालयको आर शालाको प्रमुख आकर्षण बन्नेछन् जहाँ उनले राल्फाकालदेखि अहिलेसम्मका आफ्ना गीत घन्काएर श्रोता मुग्ध पार्ने प्रयास गर्नेछन्। रामेशले जिन्दगीका उर्बर कालखण्डका मित्र रामेशसँग मञ्जुलको सम्बन्ध राम्रो छैन। तर, पलेटीमा मञ्जुलले धेरै पटक रामेशलाई सम्झनै पर्नेछ संगीतबद्ध गरेको र मञ्जुल आफैले लेखेको 'डुल्दै आयो गाइने दाजु...', झलकमान गन्धर्वको गीत 'हे बरै...'को मौलिक संस्करण, 'गाउँगाउँबाट उठ...', रामेशको 'कार्यशील जिन्दगी...', रामेशकै 'संघर्ष हो जीवन....'लगायत अन्य थुप्रै लोकभाका गुन्जाउनेछन् मञ्जुलले पलैंटी कार्यक्रमको पछिल्लो शृंखलामा। कविका रूपमा आफ्नो छुट्टै परिचय बनाएका मञ्जुलको आत्मासँग जोडिएको अर्को परिचय पलैंटीमा खुल्नेछ यो साता।

हुन पनि राल्फा आन्दोलनबाट सुरु भएको मञ्जुलको संगीतकर्मी रूप अहिले उनको कवि व्यक्तित्वले ओझेल पारेको छ। पञ्चायतकालीन समयमा जनजागरणका गीत गाएर सर्वसाधारणलाई जुरुकजुरुक उचालेका संगीतकर्मी मञ्जुलले आफ्ना ती पुराना समयका तितामिठा प्रसंग सुनाएर श्रोता उद्वेलित पार्ने प्रयास गर्नेछन् पलैंटीमा।

सामाजिक चेतना, बेअर्थी र लोकभाकाका स्वर घन्काएर सर्वसाधारणलाई भावनात्मक रूपमा उचाल्ने मञ्जुल त्यस बेला संगीतकर्मी रायन र रामेशका सहकर्मी थिए। गीतका माध्यमबाट गाउँठाउँ पुगेर जनता जगाएका थिए यी संगीतकर्मीहरूले त्यस बेला। मूलधारबाट टाढा रहेका रचनालाई जनतामाझ पुऱ्याउन लागी परेका मञ्जुलले काठमाडौंका बौद्धिक श्रोतालाई यो साता आफ्ना तिनै सामान्य, लयबद्ध र जनसाधारणको मन छुने भाका सुनाउनेछन्। थुप्रै कवितासंग्रह निकालिसकेका र आफ्ना रचनाबाट आम जनताको मन जितेका यी ६० नाघिसकेका प्रतिभाको हृदयबाट निस्केका झंकार सुन्ने हो भने यो सप्ताहान्त उपयुक्त मौका बन्नेछ। पलैंटी शृंखलामा यी संगीतकर्मीको आडैमा बसेर उनको हृदय पढ्ने मौका फेरि जुट्ला र? ■



युवराज घिमिरे

शून्य समय

# प्राथमिकताबारे स्पष्ट हुनुपर्छ सरकार

**एउटा संक्रमणकालको** प्रबन्धन उचित र सक्षम रूपमा नहुँदा निम्तिएको संकटले मुलुक पुनः अर्को संक्रमणको प्रारम्भिक विन्दुमा पुगेको छ। संक्रमणको व्यवस्थापनसँगै मेलमिलाप र सहमति, विस्थापितहरूको पुनःस्थापना तथा पुनर्निर्माण क्रान्ति वेगमा हुन नसके फेरि उठ्ने असन्तोष, द्वन्द्व र भड्कावले सम्भावनाहरू समाप्त गर्न सक्छन्।

ती सम्भावनाहरूमा भड्काव एकातिर राजनीतिक नेतृत्वको कमजोरीबाट आउन सक्छ भने अर्कोतिर कार्यान्वयन पक्षको लापरवाही या राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्रबीच तालमेलको अभावबाट। प्रजातन्त्रमा सबै असफलताका लागि जवाफदेहिता राजनीतिक नेतृत्वको हुने हुनाले प्रशासनको असफलताबाट जन्मिने त्रुटिको जिम्मा पनि अन्ततः उसकै हुनेछ।

विगतका गल्तीहरूबाट सिक्दै महत्त्वपूर्ण पदहरूमा आफन्त या अयोग्य व्यक्तिहरूलाई छान्ने क्रम जारी रहेमा सबै प्राथमिकताको कार्यान्वयन पक्ष स्वतः कमजोर हुनेछ। बाह्रबुँदे समझदारीमा विस्थापितहरूको पुनःस्थापनाबारे सैद्धान्तिक सहमति भए पनि दलहरूको उदासीनता र माओवादीमा इमानदारीको अभावले गर्दा त्यसले मूर्तरूप पाउन सकेन।

यी सबै प्राथमिकताको कार्यान्वयनमा निश्चितरूपमा वैदेशिक सहयोग आउँछ नै। तर, पारदर्शी र जवाफदेही संयन्त्रले मात्र यिनीहरूलाई कार्यान्वयन गरिनुपर्छ। संस्था र संयन्त्र निर्माणमा सरकार नजुटे व्यक्तिवादी संस्कृतिको जन्म हुन्छ। अर्थात् १२ वर्षका गल्तीहरू नै दलहरूले पुनरावृत्ति गरे ती गल्तीहरूबाटै उनीहरूको पतन हुन सक्छ फेरि पनि।

पुनःस्थापना र पुनर्संरचनाजस्ता कार्य भयको वातावरणमा हुन सक्तैन। त्यसैले माओवादीले युद्धविरामपछि पनि चन्दा, अपहरण र हत्या आतंक जारी राखेमा त्यो प्रजातन्त्रलाई कमजोर बनाउने षड्यन्त्र मानिनु पर्छ। युद्धविरामको दीर्घकालीन लक्ष्य द्वन्द्व व्यवस्थापन, शान्ति, प्रगति र स्थायित्व निर्माण गर्नु हो भने भयबाट मुक्ति त्यसको सफलताको लागि आवश्यक शर्त हो। भयबाट मुक्तिलाई समस्त सरोकारवालाहरूको मौलिक अधिकारका रूपमा मान्यता दिइनु पर्छ। खास गरी माओवादीद्वारा भएका भौतिक पूर्वाधारका विनाशले राष्ट्रिय मूलधारमा उनीहरू आएपछि पनि उनीहरू त्यसको कोपभाजन बनिरहनु पर्ने हुन्छ।

राजनीतिक दलहरू र माओवादीबाट अहिले यी अपेक्षा बढेका छन् अवश्य पनि। त्यसैले राजनीतिक नेतृत्वको सक्षमता, संस्थागत सक्रियता र तालमेलको आवश्यकता औंल्याइएको हो, तर त्योसँगै मुलुकमा सरकारी ढुकुटीको परम्परागत दुरुपयोग रोक्न र सरकारलाई पर्न सक्ने अनुचित दबाबहरू रोक्न अनि प्रजातन्त्रमाथि पुनः खतरा नदोहोरिओस् भनी सुनिश्चित गर्न केही ठोस र साहसपूर्ण कदम उठाइनु पर्छ। र, त्यसको सुरुवात सबभन्दा माथिल्लो तह अर्थात् राजदरवारबाट सुरु हुनु पर्छ।

> प्रजातन्त्रमाथि पुनः खतरा नदोहोरिओस् भनी सुनिश्चित गर्न केही ठोस र साहसपूर्ण कदम उठाइनु पर्छ। र, त्यसको सुरुवात सबभन्दा माथिल्लो तह अर्थात् राजदरवारबाट सुरु हुनु पर्छ। गरिब मुलुकमा राजा र उनको 'परिभाषित' परिवारका तलब भत्ता, सुविधा र विशेषाधिकार के कस्ता हुनु पर्छ, कानुनमा स्पष्ट उल्लेख गर्नु पर्छ अब।

गरिब मुलुकमा राजा र उनको 'परिभाषित' परिवारका तलब भत्ता, सुविधा र विशेषाधिकार के कस्ता हुनु पर्छ, कानुनमा स्पष्ट उल्लेख गरिनुपर्छ। अन्यथा राज्य ढुकुटीको लुटको प्रतीक 'बाहुली दाखिला' जस्ता कुप्रथा जारी नै रहनेछन्। सरकारको ढुकुटीबाट हुने सबै खर्चको लेखाजोखा गर्ने काम महालेखा परीक्षकको हो, तर आजसम्म 'हुकुम'बाट रकम निकासा हुने परम्पराविरुद्ध उक्त संस्थाले केही बोलेको छैन।

राजपरिषद्जस्तो अनावश्यक निकाय खारेज हुनु पर्छ। तर त्योभन्दा पनि बढी प्राथमिकता पाउनु पर्ने विषय हुन् दरवार संयन्त्रको आकारमा व्यापक कटौती मितव्ययितालाई प्रोत्साहित गर्न। त्यसका साथै दरवारबाट बाँडिने विशेषाधिकार, पदवी र अलंकार पनि निश्चित नियम र संयन्त्रणबाट संचालित हुनु पर्छ पारदर्शिताका साथ। अन्यथा दरवारले फेरि नाजायज प्रभावबाट मुलुकको राजनीति र सत्ता संरचनालाई प्रभावित गर्न सक्छ।

राजनीतिक दलहरू स्वभाविकरूपमा सेनालाई संसद् मातहत ल्याउने हतारमा छन्, तर कुनै पनि किसिमले माओवादीसँग भिड्नु पर्ने अवस्था आएमा सरकारले सेनाको वर्तमान संचरना र शैलीलाई बचाउ गर्नु पर्ने स्थिति आउनेछ। माओवादी राजनीति हतियारबाट प्रभावित या संचालित रहेसम्म सेनाको खटनसम्बन्धी निर्णय लिए पनि व्यवहारमा उतार्न सरकारलाई सहज हुनेछैन।

यी महत्त्वपूर्ण निर्णयहरू सरकारले लिएको अवस्थामा सरकार विनाअंकुश काम गर्न सफल हुनेछ, तर पारदर्शिता, सुशासन र जवाफदेहिताका यी मापदण्डभित्र सरकारले आफैलाई ल्याउन सकेन भने त्यो बढी प्रत्युत्पादक हुनेछ।

विगतमा दलहरूबीच मनमुटाव हुँदा रणनीतिकरूपमा दरवारसँग नाजायज सम्बन्ध गाँसेका छन् विभिन्न दल र नेताहरूले। कतिसम्म भने राष्ट्रियसभामा सदस्य मनोनीत गर्दा मन्त्रिपरिषद्ले सिफारिस गर्न छाडेको थियो भने मनोनीत सांसदहरूलाई राजाले सीधै हटाउँदा दलहरूले राजा र मनोनीत सांसदहरूबीचको आन्तरिक मामिलाका रूपमा त्यसलाई लिएर मौन बसेका थिए। संसद्माथि दरवार या कतैको हस्तक्षेप हुन थालेमा संसद् कमजोर हुन्छ भन्ने चेतना दलहरूले देखाएनन् अतितमा।

अहिले सात दलले सिक्नु पर्ने पाठ यही हो - संसद् सार्वभौम र स्वतन्त्र र सशक्त भए मात्र प्रजातन्त्र बलियो हुन्छ र सरकारका प्राथमिकताहरू ढृढतापूर्वक लागू गर्न सकिन्छ। ■